सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ मंसिर २०८०, सोमबार (27 Nov 2023, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-


पालभित्रको
कक्षामा उकुसमुकुस
चउरमा बस्न रुचाउँछन् विद्यार्थी



भूकम्प प्रभावित क्षेत्रका विद्यालयको चउरमा अस्थायी सिकाइ केन्द्र बनाएर कक्षा सञ्चालन हुँदै, सानो ठाउँमा कोचिएर बस्नुपर्ने र हावा पास नहुँदा उकुसमुकुस हुने भएकाले चउरमा बसेर पढ्छन् विद्यार्थी

(विस्तृत पृष्ठ ३)

चीन-भुटान सीमाविवाद सल्टाउन खोज्दा भारत किन चिन्तित ?



भुटानका प्रधानमन्त्री लोटे छिरिङले अक्टोबरको सुरुमा एक भारतीय अखबारलाई दिएको अन्तर्वार्तामा देशको लक्ष्य चीनसँगको औपचारिक सम्बन्ध स्थापना रहेको बताएका थिए। उनले चीनसँगको सम्बन्ध सुधारका लागि दोक्लाम क्षेत्रको भूमि आदानप्रदानको सम्भावनामा पनि बहस भइरहेको बताएका थिए।

चिनियाँ व्यापार र लगानीको प्रलोभनमा भुटानले चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गरेरै छाड्ने कुरा भारतले पनि स्वीकार गरेको हुन सक्छ। तर, ऊ पनि सीमावार्तामा भूमिका चाहन्छ, किनकि उसले भूमि आदानप्रदानप्रति शंका र भयको नजरले हेरिरहेको छ।

(विस्तृत पृष्ठ ७)

९ र १० वैशाखमा लगानी सम्मेलन हुँदै

मध्यपूर्वी देशहरूलाई प्राथमिकतामा राख्न निजी क्षेत्रको सुझाव

सम्मेलनको तयारीका लागि अर्थमन्त्री डा. प्रकाशशरण महतको संयोजकत्वमा निर्देशक समिति

■ सुदूरपश्चिममा लगानी भित्र्याउन प्रदेशले माग्यो संघीय सरकारसँग सहयोग



(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मधेश झरे रवि, पहाड उक्लिए सिके

०७९ को निर्वाचनबाट चौथो ठूलो दलका रूपमा उदाएको रास्वपा प्रतिनिधिसभामा ३२ सिट रहेको मधेशमा सांगठनिक पकड बढाउने तयारीमा, पहिलो चुनावमै मधेशमा मन जितेको जनमत पहाडमा पनि संगठन विस्तार गर्ने प्रयासमा

■ ०८४ को मिसन बोकेर रास्वपा मधेशमा



रौतहटस्थित गौरमा शनिबार आयोजित सभालाई सम्बोधन गर्दै रास्वपा सभापति रवि लामिछाने

अनिल यादव/नयाँ पत्रिका

संगठन विस्तारको अभियान लिएर राष्ट्रिय स्वतन्त्र पार्टी मधेश झरेको छ। प्रतिनिधिसभामा ३२ सिट रहेको मधेशका आठ जिल्लाबाट प्राप्त हुने शक्ति राष्ट्रिय दलका लागि महत्त्वपूर्ण हुन्छ। यो रणनीतिक महत्त्वलाई ध्यान दिँदै रास्वपा सभापति रवि लामिछानेसहितका नेताहरू पार्टीको कमजोर प्रभाव रहेको क्षेत्र मधेश पसेका हुन्।

०७९ को निर्वाचनबाट देशमा नयाँ राजनीतिक शक्तिका रूपमा उदाए पनि रास्वपाले मधेशमा एक सिट पनि जित्न सकेको थिएन। उपनिर्वाचनमा चितवन र तनहुँमा जित निकाले पनि मधेशको बारामा रास्वपा उम्मेदवार पराजित भएका थिए। बारा- २ का रास्वपा उम्मेदवार पूर्वीडिआइजी रमेश खरेलको जमानत जफत भएको थियो।

बारा- २ को उपनिर्वाचन रास्वपाका लागि अनपेक्षित थियो। त्यसपछि मधेशमा आफ्नो प्रभाव कमजोर महसुस गरेर रास्वपाले संगठन विस्तारको विशेष रणनीति अपनाएको हो, जुन अहिले कार्यान्वयनको चरणमा छ। रास्वपाले सोमबारदेखि पार्टी स्थापनायताकै लामो र महत्त्वपूर्ण बैठक मधेशमा गर्दै छ। बैठक सुरु हुन तीन दिनअघि नै

» पृष्ठ ११ मा क्रमशः

इमान बोकेर मधेश झरेको छु

● **रवि लामिछाने**, सभापति, रास्वपा



जग्गाजमिन बिक्री भयो, फेरि आउन सक्छ, घर बिक्री भयो, फेरि आउन सक्छ, इमान बिक्री भयो भने कहिल्यै पनि फिर्ता आउन सक्दैन। हामीसँग केही छ भने त्यही एउटा इमान छ। त्यही एउटा इमान बोकेर म मधेश झरेको छु। मैले दिनुपर्ने चिज केही पनि छैन। एउटा इमान बोकेर आएको छु, इमानदार मान्छेहरूको साथ खोजेको छु। जब इमानदार मानिस साथ हुन्छन्, त्यतिखेर बस्तीमा उज्यालो आउँछ।

■ पहाडका मतदातासँग नजिकिँदै राउत



भूकम्प प्रभावित क्षेत्र जाजरकोटका पीडितसँग छलफल गर्दै जनमत पार्टीका अध्यक्ष सिके राउत

नयाँ पत्रिका

गत निर्वाचनबाट मधेशमा उदाएको सिके राउत नेतृत्वको जनमत पार्टीले पहाडमा पनि आफ्नो प्रभाव बढाउन प्रयास थालेको छ। रास्वपा मधेश झरेका बेला राउत राहत सामग्रीसहित भूकम्प प्रभावित जाजरकोट उक्लिएका छन्। यद्यपि, उनको संगठन विस्तारको घोषित उद्देश्य मधेस छैन।

जनमत पार्टीका सचिव बिपी शाहले पहाडमा संगठन विस्तारका लागि सुरुदेखि नै काम भइरहेको बताए। 'हामीले सुदूरपश्चिममा प्रदेश कमिटी गठन गरिसकेका छौं,' उनले भने, 'कर्णालीमा पनि प्रदेश कमिटी बनाउने तयारीमा छौं। कोशी प्रदेशको इलाम, पाँचथर, ताप्लेजुङमा पनि कमिटी गठनको तयारी छ। झापा, मोरङ, सुनसरीमा त हामी पहिलेदेखि नै छौं। यसबाहेक अन्य क्षेत्रमा खासै काम गर्न सकेका छैनौं। तर, संगठन विस्तारका लागि इच्छुक र सक्षमलाई खुला रूपमा आह्वान गरिरहेका छौं।'

अध्यक्ष राउतले पहाडमा आफ्नो संगठन विस्तार गर्ने तयारी भए पनि जाजरकोट भ्रमण विशुद्ध मानवीय हिसाबले भएको बताए। 'म संसद्को पूर्वाधार विकास समितिको सदस्य पनि भएकाले विशुद्ध मानवीय

» पृष्ठ ११ मा क्रमशः

अरू मधेश झर्दा हामी पहाड त उक्लिने नै हो

● **सिके राउत**, अध्यक्ष, जनमत



संसदीय समितिको सदस्य पनि भएकाले मानवीय हिसाबले भूकम्प प्रभावित क्षेत्रमा आएको हुँ। ०७२ को भूकम्पका बेला पनि राहत पठाएका थियौं। देशमा कतै समस्या भयो भने हामी चिन्तित हुन्छौं। यहाँ(जाजरकोट)का जनताबाट तपाईंलाई टिभीमा देखेको थिएँ, इन्टरभ्युमा देखेको थिएँ भन्ने सकारात्मक प्रतिक्रिया पाइरहेको छु। पहाडमा संगठन धेरै विस्तार गर्न पाएका छैनौं, तर गर्ने नै छौं। अरू मधेश झर्दा हामी पहाड त उक्लिने नै हो।

सुन तस्करी र क्रिप्टो कारोबारमा संलग्न २७ जनाविरुद्ध मुद्दा दायर

दुई महिना लामो अनुसन्धानपछि पाँचवटा कसुरअनुसार सजाय दाबी

● ३३ किलो सुन तस्करीमा ३१ करोड ११ लाख ७० हजार ४४६ रुपैयाँ बिगो दाबी

● ९१ करोड ४८ लाख ३२ हजार ५९३ युनिट युएसडिटीबराबरको क्रिप्टो कारोबारमा राष्ट्र बैंक ऐनअनुसार सजाय माग

नयाँ पत्रिका

दोलखाको लामाबगर क्षेत्रबाट भएको सुन तस्करी गर्ने गिरोहविरुद्ध मुद्दा दायर भएको छ। जिल्ला सरकारी वकिल कार्यालयले आइतबार जिल्ला अदालत, दोलखामा पक्राउ परेका १५ तथा अन्य १२ फरार अभियुक्तविरुद्ध मुद्दा दायर गरेको हो। दुई महिना लामो अनुसन्धानपछि पाँचवटा कसुरअनुसार सजाय दाबी गरी मुद्दा दायर गरिएको छ।

प्रहरीले सो समूहले ३३ किलो सुन तस्करी गरेको भन्दै सोहीअनुसार ३१ करोड ११ लाख ७० हजार चार सय ४६ रुपैयाँ बिगो दाबी गरेको छ। त्यस्तै, दुई अर्ब ९१ करोड ४८ लाख ३२ हजार पाँच सय ९३ युनिट युएसडिटीबराबरको क्रिप्टो कारोबार गरेको नेपाल राष्ट्र बैंक ऐनअनुसार पनि सजाय माग गरिएको छ। सो युनिटबराबर झन्डै चार खर्ब रुपैयाँबराबरको कारोबार हुने प्रहरी अधिकारी बताउँछन्।

» पृष्ठ ११ मा क्रमशः

■ बबरमहल जेब्राक्रसिङमा आधुनिक प्रयोग

बटुवाले नै बटन थिचेर रातो बत्ती बाल्ने, अनि बाटो काट्ने

काठमाडौं महानगरका विद्यालय क्षेत्रनजिकका अरू ३५ स्थानमा पनि 'पोलिकन क्रसिङ लाइट' जडान गरिने, एक ठाउँका लागि नौ लाख लागत

शिवहरि घिमिरे/नयाँ पत्रिका

बबरमहलस्थित काठमाडौं जिल्ला अदालतअगाडिको जेब्राक्रसिङमा बाटो काट्न आधुनिक शैली सुरु हुँदै छ। बटुवाले आफैं बटन थिचेर रातो बत्ती बाल्ने, अनि बाटो काट्ने 'पोलिकन क्रसिङ लाइट' सिस्टम सोमबारदेखि सञ्चालन गर्न लागिएको हो।

काठमाडौं महानगरपालिकाले जेब्राक्रसको छेउमा रहेका पोलमा बटन राखेर 'पोलिकन क्रसिङ लाइट' जडान गरेको छ। यो लाइट थिच्दा सवारीसाधन आइरहेको साइडमा रातो र जेब्राक्रसपट्टि हरियो बत्ती बल्छ। एकपटक बटन थिचेपछि ३० सेकेन्डसम्म बत्ती बल्ने र उक्त समय सकिएको दुई मिनेटसम्म पुनः बटन थिच्दा बत्ती नबल्ने सिस्टम सेट गरिएको छ। रातो बत्ती बलेपछि सवारीसाधन रोकिन्छन् र यात्रुले बाटो काट्छन्। यात्रुको

» पृष्ठ ११ मा क्रमशः



तस्बिर : **सञ्जीव योन्जन**/नयाँ पत्रिका

● **जगतमान श्रेष्ठ**, ट्राफिकविज्ञ, काठमाडौं महानगर



पहिलो प्रयोगका रूपमा बबरमहलमा पोलिकन क्रसिङ लाइट जडान गरिएको छ, यो लाइट थिचेपछि ३० सेकेन्ड यात्रुले बाटो क्रस गर्न पाउँछन्। त्यसपछि दुई मिनेटसम्म थिच्न मिल्दैन, उक्त समय सवारीसाधनका लागि हो। ट्राफिक व्यवस्थालाई व्यवस्थित बनाउने क्रममा आवश्यकताअनुसार यो समयमा केही फेरबदल पनि हुन सक्छ। जहाँजहाँ बाटो काट्ने यात्रुहरूको भिडभाड हुन्छ, त्यहाँ हामी यसप्रकारको लाइट जडान गर्छौं। बबरमहलपछि ३५ वटा स्कुल क्षेत्रमा यो लाइट राख्दै छौं। मुख्य सडक आसपास रहेका स्कुल तथा सडक पार गर्ने विद्यार्थीको संख्या बढी हुने ठाउँमा यस प्रकारको लाइट राखिनेछ।



पाँचवटा मात्रै थपिए द्रुतबस, बाँकी ६ वटा आज थपिने



यातायात व्यवस्था विभागका प्रवक्ता भन्छन्- **आजदेखि थप व्यवस्थित हुन्छ**



यातायात व्यवसायीले मानेसम्म द्रुतबस संख्या बढाउँदै लैजान्छौं।

आइतबार पनि सबै स्टेक होल्डरसँग छलफल गरेका छौं, सोमबार (आज)देखि थप व्यवस्थित हुन्छ।

नयाँ पत्रिका

सरकारले आइतबारदेखि ११ वटा द्रुतबस थप गर्ने भने पनि यातायात व्यवसायीले पाँचवटा मात्रै सञ्चालन गरेका छन्। ३ असोज (संविधान दिवस)देखि सञ्चालन हुँदै आएका २५ र थप पाँच गरी आइतबारदेखि ३० वटा द्रुतबस गुड्न थालेका छन्। हाल सूर्यविनायकदेखि रत्नपार्कसम्म दुईतर्फी रूपमा बिहान र साँझ पिक आवरमा द्रुतबस सञ्चालन भइरहेको छ।

यसअघि यातायात व्यवस्था विभागले आइतबारदेखि ११ वटा थपेर ३६ वटा बसमार्फत नियमित सेवा दिने जनाएको थियो। तर, सरकारको योजनाअनुसार यातायात व्यवसायीले पर्याप्त बस सञ्चालन नगर्दा आइतबार थोरै बस गुडेको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले जानकारी दिए। उनका अनुसार सोमबारदेखि व्यवसायीले ३६ वटै बस सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन्। 'यातायात व्यवसायीले मानेसम्म द्रुतबस संख्या बढाउँदै लैजान्छौं,' उनले भने, 'आइतबार पनि सबै स्टेक होल्डरसँग छलफल गरेका छौं, सोमबारदेखि थप व्यवस्थित हुन्छ।'

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघसँग समन्वय गरी आइतबारदेखि बस थप गर्न र समयसमेत परिवर्तन गर्न यातायात व्यवस्था विभागलाई निर्देशन दिएको थियो। तर, विभागले व्यवसायीलाई अनुरोध गरे पनि पाँचवटा बस मात्रै थप गरेका थिए। महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले व्यवसायीले सरकारले भनेअनुसारकै संख्यामा द्रुतबस सञ्चालन गर्न तयार रहेको बताउँदै ट्राफिक व्यवस्थापन र सडक पूर्वाधार सहज बनाउनुपर्ने बताए। 'हामीसँग गाडी छन्, भनेअनुसार गाडी थप्छौं पनि, तर ट्राफिक समस्या नहोस्,' उनले भने, 'द्रुतबस सेवालाई सहज बनाउन सरकारले आममानिसलाई सुसूचित गर्नुपर्छ, यसबारे बुझाउन सक्नुपर्छ।'

■ सञ्चालन समय पनि परिवर्तन

आइतबार थपिएका सहित सबै द्रुतबसलाई बिहान ८:३० बजेदेखि नै गुड्न समय तोकिएको छ। अब बिहान ८:३० मै सूर्यविनायकबाट द्रुतबस छुट्नेछन्। यसअघि बिहान ९ बजेदेखि ११ र साँझ ४ देखि ६ बजेसम्म सञ्चालन हुँदै आएका थिए। विभागले साँझको समयसमेत परिवर्तन गरी दिउँसो ३:३० देखि ५:३० सम्म द्रुतबस सञ्चालनको समय तोकेको छ। बिहान ९-११ र बेलुकी ४-६ बजेसम्मको समय व्यावहारिक नभएको र धेरै यात्रु द्रुतबस चढ्नबाट वञ्चित हुने अवस्था आएको भन्दै विभागले समय परिवर्तन गरेको हो। दसैं, तिहार र छठजस्ता पर्वमा भने द्रुतबस सेवामा केही सुस्तता आएको थियो।

कागजमै सीमित अभियन्ता ईः र काठमाडौं महानगरबीचको सहमति

मंसिर अन्तिमसम्म पर्खने र त्यसपछि विरोधका थप कार्यक्रम ल्याउने ईःको चेतावनी

शान्ति तामाङ/नयाँ पत्रिका

फुटपाथमा व्यापार गर्दै आएका व्यापारीलाई वैकल्पिक स्थानको व्यवस्था गर्नुपर्नेलगायत माग गर्दै एक सय ९९ घन्टाको धर्नापश्चात् अभियन्ता ईः र काठमाडौं महानगरबीच दुई महिना (१० असोज)अघि चारबुँदे सहमति भएको थियो। सहमतिअनुसार साबिकमा फुटपाथ-सार्वजनिक स्थलमा व्यापार गरेका व्यवसायीका लागि कानुनले निषेध गरेको स्थानबाहेक महानगरभित्रै उपयुक्त स्थान पहिचान गर्न एक साताभित्र पहल गर्ने उल्लेख थियो। सहमतिपत्रमा उल्लेख यो बुँदालाई महानगरले सात दिनभित्रै तोडेको थियो।

अर्को बुँदा, फुटपाथ-सार्वजनिक स्थलमा व्यापार गर्नेक्रममा जफत गरिएका सामान महानगरको स्टोरमा भएसम्म यकिन गरी सम्बन्धित सामानधनीलाई फिर्ता गर्ने भन्ने थियो। उक्त सहमति पनि हालसम्म पूरा भएको छैन। अन्तिम बुँदा थियो, अनौपचारिक क्षेत्रमार्फत हुने व्यापार-व्यवसायलाई व्यवस्थित गर्न व्यापार गर्ने स्थल, समय, व्यापार गर्न आवश्यक मानिने व्यक्ति यकिन गर्ने र स्थान उपलब्ध गराउने विधि, प्रक्रिया तथा कानुनी व्यवस्थासमेतको प्रबन्ध गर्नुपर्ने विषयमा ठोस सुझावसहित अध्ययन गरी दुई महिनाभित्र महानगरपालिकामा प्रतिवेदन पेस गर्न समिति गठन गर्ने भन्ने थियो। समितिमा काठमाडौं महानगरपालिकाले तोकेका तीनजना, अभियानकर्ता ईःको तर्फबाट तोकिएका प्रतिनिधि दुईजना, भौतिक तथा यातायात मन्त्रालयको प्रतिनिधि एकजना, सहरी विकास मन्त्रालयका प्रतिनिधि एकजना र ट्राफिक प्रहरीका प्रतिनिधि एकजना रहने व्यवस्था थियो। यो बुँदा पनि हालसम्म कागजमै सीमित भएको छ।



■ **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगरपालिका



फुटपाथ व्यवसायीले आफ्नो सामान पहिचान गर्न नसकेकाले सामान फिर्ता नगरेको र अभियन्ता पनि छलफलमा आएका छैनन्। आफ्नो सामान पहिचान गर्न सक्नेले सामान लिएर जानुभएको छ। चौथो बुँदामा भएको सहमतिअनुसार ठाउँ पहिचान गर्न उहाँहरू आउनुभएन। तेस्रो बुँदामा काम गर्न उहाँहरू छलफलमा आउनुभएपछि काम अगाडि बढ्छ।

अभियन्ता ईः भन्छन्- **बालेन पुराना नेताजति पनि इमानदार भएनन्**

आफैंले गरेको सहमति चरणबद्ध रूपमा तोडेर महानगरका मेयर बालेन्द्र साह (बालेन) पुराना नेताजति पनि इमानदार नभएको अभियन्ता ईःको आरोप छ। 'समिति गठनका लागि डेढ महिनाअघि दुईजनाको नाम माग भएको थियो। सोअनुसार सडक व्यवसायी र अभियन्ताको तर्फबाट दुईजनाको नाम पठाएँ। त्यसपछि कुनै छलफल, बैठक केही भएको छैन। सहमतिअनुसारको अन्य काम पनि भएको छैन,' अयिभन्ता ईःले भने, 'पहिलेका नेताहरूले प्रतिबद्धता, सहमति, सम्झौता गरेपछि काम नगरे पनि समिति बनाउने, छलफलसम्म पनि गर्थे। तर, उनमा त्यति देखिएन।' तर, महानगरले पहिलेजस्तो व्यापारीमाथि हिंसात्मक गतिविधि नगरेकाले नकारात्मक भइहाल्ने अवस्था भने नरहेको उनी बताउँछन्। 'मैले फुटपाथ व्यवसायीहरूसँग कुरा गर्दा बिहान र बेलुका व्यापार गर्न महानगर लचिलो देखिएको छ। हिंसात्मक काम गरेको छैन। त्यसैले नकारात्मक भइहाल्ने अवस्था छैन,' उनले भने। महानगरले सहमति कार्यान्वयन गर्ने समय मंसिर मसान्तसम्म रहेकाले त्यतिवेलासम्म हेर्ने र सोहीअनुसार प्रतिक्रिया दिने उनी बताउँछन्। मंसिरपछि भने महानगर पहिलेजस्तै क्रूर भएर अगाडि बढ्ला कि भन्ने त्रास बढेको उनको भनाइ छ।

महानगरको दाबी : **अभियन्ता ईः छलफलमै आएनन्**

काठमाडौं महानगरले भने अभियन्ता ईः सहमतिपछि छलफलमै नआएकाले अब कसरी अगाडि बढ्ने भन्नेमा अन्योल भएको जनाएको छ। महानगरका प्रवक्ता नवीन मानन्धर फुटपाथ व्यवसायीले आफ्नो सामान पहिचान गर्न नसकेकाले सामान फिर्ता नगरेको र अभियन्ता पनि छलफलमा नआएको बताउँछन्। 'आफ्नो सामान पहिचान गर्न सक्नेले सामान लिएर जानुभएको छ। सामान पहिचान गर्न नसक्नेले मात्र सामान लैजान नसक्नुभएको हो,' प्रवक्ता मानन्धरले भने, 'चौथो बुँदामा भएको सहमतिअनुसार ठाउँ पहिचान गर्न उहाँहरू आउनुभएन। तेस्रो बुँदामा काम गर्न उहाँहरू छलफलमा आउनुभएपछि काम अगाडि बढ्छ।'

उनका अनुसार अभियन्ताँसँगको सहमतिअनुसार फुटपाथ व्यवसायीसँग महानगर लचिलो भएको हो।

फुटपाथ व्यवसायीको उचित व्यवस्थापन गर्नुपर्ने भन्दै अभियन्ता ईःले १९९ घन्टा उभिएर राष्ट्रिय सभागृहअगाडि विरोध प्रदर्शन गरेपछि सहमति भएको थियो। सुरुमा उनले ७७ घन्टे आन्दोलन थालेका थिए। आफ्ना माग पूरा नभएपछि यसलाई एक सय ९९ घन्टासम्म लम्ब्याएका थिए। महानगरविरुद्ध 'चमेली समूह' अभियान सुरु गर्ने केही स्वतन्त्र युवाहरूसमेतले राष्ट्रिय सभागृहपरिसरमा उभिएरसमेत विरोध प्रदर्शन गरेका थिए।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय,काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८०/०८/११ गते।

यस बैंकको तपसिलका शाखाहरूबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : शाखा रानीपौवा, नुवाकोट

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	बाबुको नाम	बाजे/पतिको नाम	कर्जाको उद्देश्य	साँवा बाँकी	२०८०/०८/६ गतेसम्मको ब्याज	जम्मा तिर्नपर्ने रकम	मन्जुरीनामा दिने
१.	धनराज पोल्ट्री फार्म प्रो. धनराज लामा	ककनी ०५ नुवाकोट	आईत राम लामा	जोगु लामा	कुखुरापालन कर्जा र व्यक्तिगत ओ.डी	६५,००,००० २०,००,०००	७,८१,२९३ २,२९,१३४	७२,८१,२९३ २२,२९,१३४	
२	ग्रेट पावर कन्स्ट्रक्शन, प्रो. कृष्ण लामा	ककनी ०८ नुवाकोट	कान्छा लामा	बहादुर सिं लामा	सरल ठेक्का कर्जा	५५,००,०००	२,५१,७११	५७,५१,७११	सानु माया तमाङ(लामा)
३	बज्रदोङ्ग कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., प्रो. राजेन्द्र तामाङ	ललितपुर उ.म.न.पा. ०८ ललितपुर	सप्त सिं तमाङ	गज बहादुर तमाङ	सरल ठेक्का कर्जा	४०,००,०००	५,१६,८४०	४५,१६,८४०	सप्त सिं तमाङ
४	गोणेश्वर ग्रिल कारखाना प्रो. गोकुल तमाङ	ककनी ०४ नुवाकोट	साईला तमाङ	सेते तमाङ	उद्योग कर्जा	२०,००,०००	१,७३,१७६	२१,७३,१७६	
५	काउले देबी पोल्ट्री फर्म प्रो. अष्ठ बहादुर तामाङ	नुवाकोट जिल्ला ककनी २ काउले	साक्री तमाङ	कामसिं	कुखुरा पालन ओ.डी.	१७,००,००० १०,००,०००	१,६४,३६९ १,५०,३१८	१८,६४,३६९ ११,५०,३१८	
६	शिबराम सुपथ मूल्य किराना पसल प्रो. शिबराम घिमिरे	ओखरपौवा ०४ नुवाकोट	डोल प्रसाद घिमिरे	दुबनाथ घिमिरे	ब्यापार कर्जा	३३,४३,५९४	१,९०,८६८	३५,३४,४६२	
७	नमस्ते होटल एण्ड लज प्रो. मेग बहादुर तमाङ	ककनी गा.पा ४ नुवाकोट	मिन बहादुर तमाङ	भिम बहादुर तमाङ	सेवा कर्जा	१५,००,०००	६०,९३९	१५,६०,९३९	शान्ती तामाङ
८	बिश्वनाथ भाँडा-कुँडा पसल प्रो. गोकुल सुनार	नुवाकोट जिल्ला ककनी २ खानीखोला	माइलो सुनार	इन्द्र बहादुर	ब्यापार	१२,००,०००	९०,४७२	१२,९०,४७२	माइलो सुनार
९	बज्र तारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सं धन बहादुर लामा	तारकेश्वर न.पा. ८, काठमाडौं	दल बहादुर लामा	ईन्द्र बहादुर लामा	सरल ठेक्का कर्जा	१०,००,०००	१,२६,०४७	११,२६,०४७	
१०	कुमरी पशुपालन उद्योग प्रो. अशोक पुडासैनी	कुमरी ४ नुवाकोट	होमराज पुडासैनी	लिलानाथ पुडासैनी	सरल कृषि कर्जा	९,००,०००	९७,३५७	९,९७,३५७	होमराज पुडासैनी
११	पि.पि.पोल्ट्री फर्म, प्रो.प्रशान्त तामाङ	ककनी ०७, नुवाकोट	प्रेमबहादुर तामाङ	टेक बहादुर तमाङ	कुखुरा पालन	९,९०,०००	८२,६९१	१०,७२,६९१	प्रेम बहादुर तमाङ
१२	सौरभ किराना पसल प्रो. शक्तिमान लामा	मदानपुर ८, नुवाकोट	राम बहादुर लामा	कमान सिं लामा	ब्यापार	९,००,०००	५३,९८३	९,५३,९८३	राम बहादुर लामा
१३	ए.एस.पोल्ट्री फार्म प्रो. सुक्र बहादुर तमाङ	चाउथे-२ नुवाकोट	नक्कले तमाङ	पुडके तमाङ	कुखुरा पालन कर्जा	९,००,०००	४७,८३५	९,४७,८३५	
१४	ईश्वर प्रसाद ढकाल	नुवाकोट जिल्ला, ककनी-३	श्यामे ढकाल	मान बहादुर	सरल कृषि कर्जा	९९००००	१,१५,२४२	१,१०,५२४२	
१५	बिनोद अधिकारी	थानसिङ ०९, नुवाकोट	ईश्वरीप्रसाद अधिकारी	लिलानाथ अधिकारी	सरल कृषि कर्जा	९,९०,०००	९४,८५४	१०,८४,८५४	ईश्वरी प्रसाद अधिकारी
१६	राजु मगर	बेलकोटगढी न.पा. ३ नुवाकोट	तम मगर	राम बहादुर	सरल कृषि कर्जा	४,००,०००	५१,२३५	४,५१,२३५	
१७	शुशिला ढुँगाना	बेलकोटगढी न.पा. ३ नुवाकोट	कृष्ण प्रसाद	सागरनाथ	सरल कृषि कर्जा	४,००,०००	५१,२०६	४,५१,२०६	
१८	जय नाथ फुयाल	ओखरपौवा १, नुवाकोट	कपिल मणी फुयाल	धर्मदत्त फुयाल	सरल कृषि कर्जा	२,००,०००	२२,५१९	२,२२,५१९	
१९	रमेश प्रसाद ढुंगाना	चाउथे ०५ नुवाकोट	बोध प्रसाद ढुंगाना	मेदनी प्रसाद ढुंगाना	सरल कृषि कर्जा	९,५०,०००	६२,५७२	१०,१२,५७२	
२०	सोम बहादुर लामा	मदानपुर ०८ नुवाकोट	हर्क बहादुर लामा	बाबुराम लामा	घरायसी कर्जा	८,००,०००	१,०४,२९२	९,०४,२९२	
२१	जिम्वा किराना पसल प्रो. राम बहादुर लामा	ओखरपौवा ०३ नुवाकोट	मिन बहादुर लामा	हस्त बहादुर लामा	ब्यापार कर्जा	७,००,०००	८९,७६८	७,८९,७६८	
२२	तिर्थ कुमारी लामा	ओखरपौवा ४ नुवाकोट	घनश्याम लामा	हर्क बहादुर लामा / श्याम बहादुर लामा	सरल कृषि कर्जा	५,००,०००	३३,७१२	५,३३,७१२	
२३	कमान सिंह तमाङ	मदानपुर ९ नुवाकोट	रत्न बहादुर तमाङ	सेते तमाङ	कुखुरा पालन कर्जा	५,००,०००	४१,७७३	५,४१,७७३	
२४	राम बहादुर तमाङ	ओखरपौवा ०३, नुवाकोट	मईते तमाङ	मान बिर तमाङ	सरल कृषि कर्जा	४८,००,००	९०,७२१	५,७०,७२१	
२५	बिर बहादुर तमाङ	चतुराले ०६ नुवाकोट	सेर बहादुर तमाङ	आसमान तमाङ	सरल कृषि कर्जा	९,००,०००	८०,६३४	९,८०,६३४	सेरबहादुर तमाङ
२६	यम बहादुर थापा	भद्रुटार ७ नुवाकोट	ललित बहादुर थापा	दल बहादुर थापा	सरल कृषि कर्जा	५,००,०००	९३,३३५	५,९३,३३५	सुजल थापा/ सुमन थापा
२७	केदार बहादुर तमाङ	ककनी ०१ नुवाकोट	भिम बहादुर तमाङ	दल बहादुर तमाङ	सरल कृषि कर्जा	४,१५,०००	६५,०४६	४,८०,०४६	
२८	बैकुण्ठ घिमिरे	ककनी ०२ नुवाकोट	चेतनाथ घिमिरे	ट्कनाथ घिमिरे	सरल कृषि कर्जा	५,००,०००	३२,४७३	५,३२,४७३	
२९	ललितमान लामा	चाउथे ०२ नुवाकोट	सेतु बहादुर तमाङ	चतुरमान तमाङ	सरल कृषि कर्जा	२,५०,०००	५३,९०७	३,०३,९०७	
३०	शुभ बिहानी कृषि फर्म उद्योग प्रो. रमिला लामा	ककनी ०२ नुवाकोट	मंगले लामा	प्रेम बहादुर लामा/माईते तमाङ	महिला उद्यमशिलता कर्जा	६,३०,६३५	४३,१६२	६,७३,७९२	
३१	सरिता पोल्ट्री फर्म प्रो. सरिता लोहनी (सिलवाल)	बेलकोटगढी न.पा. १३ नुवाकोट	मुकुन्द प्रसाद लोहनी	इच्छाराम सिलवाल / पुण्य प्रसाद लोहनी	महिला उद्यमशिलता कर्जा	४,०७,९२९	३२,८९२	४,४०,८२०	
३२	खडकसिं तमाङ	ओखरपौवा ०६ नुवाकोट	बुद्धिमान तमाङ	सार्की तमाङ	व्यवसायिक कृषि तथा पशुपन्छीपालन कर्जा	३,२४,२२९	१५,९२६	३,४०,१५५	
३३	चन्द्र बहादुर तमाङ	ओखरपौवा ०६ नुवाकोट	काजीमान तमाङ	मोतीलाल तमाङ	सरल कृषि कर्जा	५,००,०००	६५,२१४	५,६५,३१४	

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौं।

वसन्तपुरमा रहेको संस्कृत विश्वविद्यालयको भवन भत्काइँदै

काठमाडौं/ वसन्तपुर डबलीको दक्षिणतर्फ रहेको संस्कृत विश्वविद्यालयले प्रयोग गर्दै आएको भवन भत्काइने भएको छ। जीर्ण अवस्थामा रहेको भवन जुनसुकै वेला भत्किएर जनधनको क्षति हुन सक्ने भन्दै भत्काउन लागिएको हो।

काठमाडौं महानगरपालिकाकी उपमेयर सुनीता डंगोलको संयोजकत्वमा गठित समितिले प्राविधिक प्रतिवेदनका आधारमा भवन भत्काउन सिफारिस गरेको हो। जीर्ण भवन भत्काएर सम्भावित जनधनको क्षति रोक्न स्थानीय ३२ जनाले हस्ताक्षर गरेर गत १९ कात्तिकमा वडा कार्यालयमा निवेदन दिएका थिए। निवेदन वडाबाट मेयर, मेयरबाट प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतबाट सहरी व्यवस्थापन विभागमा पुगेको थियो। विभागले भवनको अवस्थालाई प्राविधिक अध्ययन गर्न इन्जिनियर जीवन रेग्मी, आर्किटेक्ट इन्जिनियर अमित बज्राचार्य र आर्किटेक्ट इन्जिनियर गौरव श्रेष्ठ रहेको तीन सदस्यीय समिति गठन गरेर जिम्मेवारी दिएको थियो। समितिले ४ मंसिरमा प्रतिवेदन दिएको हो। प्रतिवेदनमा भूकम्पपछि भवनको बाहिरी र भित्री गाह्रो चर्किएर ढल्किएकाले थप क्षति हुन नदिन टेको लगाएर अड्याइएको उल्लेख छ।

पुरानो भवन दक्षिणतर्फ पहिलो तलामा रहेको झ्याल खसेको, उत्तर र दक्षिणतर्फको जमिन तलामा गाह्रो भत्किएको, पूर्वतर्फको पहिलो र दोस्रो तलाको गाह्रो ठाउँ-ठाउँमा चिरा परेको, उत्तरतर्फको झ्यालवरपर ठाउँ-ठाउँमा चर्किएको, छानाबाट पानी चुहिने हुँदा काठको मुसिङ, ढलीः आदि मक्किएको प्रतिवेदनले जनाएको छ। भवन कुनै पनि समयमा भत्किन सक्ने र जनधनको क्षति हुन सक्ने हुँदा तत्काल व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। त्रिभुवन विश्वविद्यालय केन्द्रीय विद्यार्थीहित शाखाका नाममा रहेको भवन नेपाल संस्कृत विश्वविद्यालयले प्रयोग गर्दै आएको थियो। बैठकमा समितिकी संयोजक डंगोलले, जोखिम हटाउने कामलाई प्राथमिकतामा राखेर जग्गा प्राप्त गर्ने प्रक्रियालाई निरन्तरता दिइने बताएकी छिन्। चार आना एक पैसा दुई दाममा भवन फैलिएको छ। गत ११ फागुनमा बसेको महानगरपालिकाको १३औं कार्यपालिका बैठकले उपप्रमुख डंगोलको संयोजकत्वमा वडा ८ का अध्यक्ष एवं सम्पदा समितिका संयोजक आशामान संगत र वडा २३ का अध्यक्ष मचाराजा महर्जन सदस्य रहेको समिति गठन गरेको थियो। समितिलाई त्रिभुवन विश्वविद्यालय केन्द्रीय विद्यार्थीहित शाखाका नाममा कायम रहेको भवन महानगरपालिकामातहतमा ल्याउन र वडा ५ हाँडीगाउँमा रहेको कित्ता नम्बर ५७० को जग्गाको भोगाधिकार प्राप्त गर्ने व्यवस्था मिलाउने जिम्मेवारी दिएको थियो।

संक्षेपमा उपत्यका

इमाडोल : ललितपुरको महालक्ष्मी नपा-२, इमाडोलस्थित अनिल आचार्य र रमेश भुसालको एआर टिम्बा सिरक कारखानामा करेन्ट सर्ट भई शनिबार दिउँसो आगलागी हुँदा कपास फिट्ने मेसिन दुई थानसहित सात लाख १० हजारबराबरको धनमाल नष्ट भएको छ। घटनाका बारेमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

नक्खु : ललितपुर मनपा-१४, नक्खुडोलस्थित काभ्रे बेथानचोक गाउँपालिका-४ घर भएकी ३६ वर्षीया निर्मला तामाङको तरकारी पसलमा विद्युत् सर्ट भई शनिबार राति आगलागी हुँदा पसलका सम्पूर्ण सामग्री नष्ट भएको छ। आगलागीबाट करिब दुई लाख २५ हजार रुपैयाँबराबरको धनमाल नष्ट भएको प्रहरीको प्रारम्भिक अनुमान छ।

गोंगबु : पोर्चुगल पठाइदिने प्रलोभनमा १० लाख रुपैयाँ ठगी गर्ने रोल्पा गंगादेव-३ का ३९ वर्षीय निमराज डाँगीलाई प्रहरीले गोंगबुबाट पक्राउ गरेको छ। उनले जोनसन श्रेष्ठलाई प्रतिमहिना एक लाख २० हजार रुपैयाँ तलब हुने भन्दै प्रलोभनमा पारी १० लाख रुपैयाँ लिएका थिए। पैसा लिए पनि उनी फरार रहेका थिए। उनलाई काठमाडौं उपत्यका अपराध अनुन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो।

वसुन्धरा : कुवेत पठाइदिने प्रलोभनमा एक लाख रुपैयाँ ठगी गर्ने पाल्पा राब्दिकोट नपा-४ का ३३ वर्षीय चक्र पोखरेललाई प्रहरीले वसुन्धराबाट पक्राउ गरेको छ। उनले दीपेश तामाङलाई कुवेत पठाइदिने प्रलोभनमा एक लाख रुपैयाँ लिएका थिए। त्यसयता फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

इमाडोल : सामाजिक सञ्जालमार्फत उपहार पठाएको भन्दै ठगी गर्ने सप्तरी कञ्चनरूप नपा-९ का ललितपुरको इमाडोल बस्ने २७ वर्षीया सुजता चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीका अनुसार उनले सामाजिक सञ्जाल फेसबुकमार्फत पीडितलाई प्रेम गरेको अभिनय गरेकी थिइन्। सोहीक्रममा उनले पीडितलाई आइफोन, घडी, जुत्ता, सुनका गहना, मेकअपका सामान उपहार पठाएको भन्दै आश्वासन दिन्थिन्। पछि कस्टम, डेलिभरी र इन्स्योरेन्स चार्ज भन्दै रकम जम्मा गर्न बैंक खाता उपलब्ध गराउँथिन्। प्रहरीका अनुसार उनले पीडितसँग एक लाख ३५ हजार रुपैयाँ ठगी गरेकी थिइन्।

भूल सुधार

मिति २०८० मंसिर १२ गते रमेशप्रसाद गिरिको हार्दिक श्रद्धाञ्जलीमा प्रकाशित सामग्रीको नाती/नातीना शीर्षकमा सुश्री प्रकृती पौड्याल हुनुपर्नेमा भूलवश श्रीमती हुनगएको ले सच्याईएको छ ।

पालभित्रको कक्षामा उकुसमुकुस, चउरमा बस्न रुचाउँछन् विद्यार्थी

भूकम्प प्रभावित क्षेत्रमा विद्यालयको चउरमा अस्थायी सिकाइ केन्द्र बनाएर कक्षा सञ्चालन हुँदै, पालभित्र कोचिएर बस्नुपर्ने र हावा पास नहुँदा उकुसमुकुस हुने भएकाले चउरमा बसेर पढ्छन् विद्यार्थी

रुकुम पश्चिममा **मनीष खड्का**



रुकुम पश्चिमको आठबीसकोट नगरपालिका-११ स्थित नेपाल राष्ट्रिय माविका विद्यार्थी आइतबार चउरमा बसेर पढिरहेका थिए। विद्यालयको चउरमा सातवटा सिकाइ केन्द्र (प्लास्टिक, पाललगायतका सामग्री प्रयोग गरेर बनाइएका टहरा) निर्माण भइसकेका छन्। अझै तीनवटा निर्माणको चरणमा छन्।

पालभित्र गर्मी हुने भएकाले खुला चउरमा बसेको बिद्यार्थीहरूले बताए। कक्षा ९ मा अध्ययनरत सिर्जना खत्रीले पालभित्र बस्दा उकुसमुकुस हुने गरेको बताइन्। 'भूकम्पपछि कक्षा कोठामा बस्न सकेका छैनौं। कक्षा नै पालभित्र छ। सानो ठाउँमा कोचिएर बस्नुपर्छ, गर्मी हुन्छ। हावा पास नहुँदा उकुसमुकुस हुन्छ,' उनले भनिन्, 'त्यही भएर चउरमा बसेर पढ्ने गरेका छौं।' राष्ट्रिय मावि ९ कक्षामा अध्ययनरत सलिन घर्तीले पनि पालभित्र बस्दा टाउको दुख्नेलगायतका समस्या हुने गरेको बताए। 'घर भूकम्पले भत्कायो। पालभित्रै सुत्छौं। घरमा साँझ, राति र बिहान पालमा बस्दा निकै चिसो हुन्छ,' उनले भने, 'स्कुल आएर पनि पालमा बस्नुपर्छ। दिउँसो भएकाले गर्मी हुन्छ।'

प्रध्यानाध्यापक विवेककुमार शाहले पनि अस्थायी सिकाइ केन्द्र प्रभावकारी नभएको बताए। 'तत्कालका लागि पठनपाठनको अवस्था नभएका बेला विद्यार्थीलाई विद्यालयमा बोलाउने र त्रासको वातावरणबाट मुक्त गर्नुपर्ने छ,' शाहले भने, 'लामो समयसम्म विद्यार्थीलाई पालमुनि राखेर पढाउन सकिने अवस्था छैन। धेरै विद्यार्थीमा टाउको दुख्नेसमस्या देखिएको छ।' हावाहुरीसहित पानी परेमा पनि पालले थेग्न सक्ने अवस्था नरहेको उनले बताए । 'यस्तो चिसोका दिनमा पनि दिउँसो पालभित्र गर्मी हुन्छ। हावाहुरी चल्ने सिजन आउँदै छ,' उनले भने, 'हावा चल्यो, पानी पऱ्यो भने कुनै पनिपाल बाँकी रहने छैनन्।' जस्तापाताको व्यवस्था गरेर स्थानीयस्तरमै काठको प्रयोग गरेर अस्थायी संरचना बनाएर टहरा बनाउनुपर्ने उनले बताए।

आठबीसकोट नगरपालिकाका मेयर रवि केसीले अस्थायी संरचना निर्माण गरेर कक्षा सञ्चालन गर्ने योजना रहेको बताए। 'अहिलेलाई बालबालिकालाई पालभित्र राखेर परामर्श गर्ने गरिएको छ, त्यसपछि विद्यालयमा अस्थायी संरचना बनाएर अगाडि बढ्ने सोचेका छौं,' उनले भने। रुकुम पश्चिमका आठबीसकोटमा एक सय ३९ र सानीभेरी गाउँपालिकामा ७४ गरी दुई सय १३ अस्थायी सिकाई केन्द्रमार्फत पठनपाठनको प्रयास भइरहेको छ।

राष्ट्रिय माविमा चार सय १७ विद्यार्थी अध्यनरत छन्। छिमेकी जिल्ला जाजरकोटका विद्यार्थी पनि यो विद्यालयमा पढ्न आउछन्। तर, १७ कात्तिकको भूकम्पपछि विद्यालयका कक्षाकोठामा पठनपाठन भएको छैन। मंसिरबाट खुला चउर र सिकाइ केन्द्रमा पढने व्यवस्था गरिए पनि विद्यार्थीको उपस्थिति न्यून छ। यो विद्यालयमा आइतबार कक्षा चार र कक्षा तीन एउटै ठाउँमा सञ्चालन गरिएको थियो। कक्षा तीनका १८ मध्ये तीन र कक्षा चारका ३१ मध्ये १० जना मात्र उपस्थित थिए। अन्य कक्षाका विद्यार्थी पनि निकै कम थियो। भूकम्पपछि आफ्ना साथीहरू विद्यालय आउनै छाडेको कक्षा चारमा अध्ययनरत् जाजरकोटको नलगाड नगरपालिका-७ चामखेतकी मिनिसा पुनले बताइन्। प्रधानाध्यापक शाहका अनुसार विद्यालयमा चार सय १७ विद्यार्थी अध्ययनरत रहे पनि ७०-८० मात्र आउने गरेका छन्।

■ जाजरकोटमा अस्थायी केन्द्र निर्माणमा बेवास्ता

जाजरकोटमा भने अझै भने अस्थायी सिकाइ केन्द्र निर्माण गरिएको छैन। शिक्षा विकास तथा समन्वय इकाइ जाजरकोटका सूचना अधिकारी तिलक भट्टराईले कुन ठाउँमा कति सिकाइ केन्द्र आवश्यक छ भनेर पालिकाबाट विवरण नआएकाले काम अगाडि बढ्न नसकेको बताए। यद्यपि, छेडागाड नगरपालिकामा भने २४ सिकाइ केन्द्र निर्माण गरिएको छ। त्यसबाहेक क्षेत्रमा सिकाइ केन्द्र निर्माण गरिएको छैन। भेरी नगरपालिका-१ रिम्नाको भेरी त्रिवेणी माविमा आइतबार विद्यार्थी चउरमा थिए। कक्षा-कक्षा विभाजन गरेर सबै विद्यार्थीलाई चउरमा राखिएको थियो। कक्षा ८ का विद्यार्थीलाई शिक्षक प्रचण्डजंग शाहले सम्हालिरहेका थिए। उनले विद्यार्थीलाई भूकम्प गएको रातको स्मरण लेख्न लगाएका थिए। कक्षाकोठा बस्न नमिल्ने नभएपछि सबै विद्यार्थीलाई चउरमै राखिएको शिक्षक शाहले बताए। अस्थायी सिकाइ केन्द्र नहुञ्जेलसम्मका लागि विद्यार्थीलाई खुला चउरमा राख्नुको विकल्प नभएको प्रध्यानाध्यापक प्रेम पुनले बताए।

भूकम्पपीडितले अस्थायी आवासको अनुदानका लागि बैंक धाउन नपर्ने, नगद पाउने

काठमाडौं/ भूकम्पपीडितले अस्थायी आवासबापतको सरकारी अनुदानका लागि बैंक धाउनु नपर्ने भएको छ। उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा आइतबार बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २०औं बैठकले अनुदानसम्बन्धीको व्यवस्थालाई थप सरलीकृत गरी बैंकिङ प्रणालीबाट हुन सक्ने विलम्ब घटाएर अनुदान रकम लाभग्राहीको हातमा पुग्ने सुनिश्चित गरेको हो। विपत् प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार अब लाभग्राही छनोटपछि अस्थायी आवासका लागि पालिकाले नगद अनुदान हस्तान्तरण गर्नेछन्। यसले अस्थायी आवास निर्माणको प्रक्रियालाई छरितो बनाउने उनले बताए।

उपचार खर्च तिर्न नसक्दा डेढ महिनादेखि अर्जुन अस्पतालमै

ऋण र चन्दा संकलन गरेर सुरुमा १२ लाख बुझाए पनि थप उपचार खर्च एक लाख ८० हजार तिर्न नसकेपछि अस्पतालमा 'बन्धक' जस्तै, उपचार नै नगरी चार लाख २५ हजार पुग्यो बिल



राजविराजमा **सौरभ यादव**

२९ वैशाखमा सप्तरीको राजविराज नगरपालिका- ९ का अर्जुन ठाकुर र वडा नम्बर ८ का विवेक मण्डल जन्तीका लागि घरबाट हिँडेका थिए। मोटरसाइकल विवेकले चलाएका थिए। पछाडि अर्जुन बसेका थिए। उनीहरूको मोटरसाइकल राजविराज-रुपनी सडकखण्डअन्तर्गत मलेठमा दुर्घटनामा पऱ्यो। विवेकले चलाएको मोटरसाइकलले गाडीलाई ठक्कर दिएको थियो। दुर्घटनामा सामान्य घाइते भएका चालक विवेक तत्काल फरार भए। तर, अर्जुनको टाउकोमा गम्भीर चोट लाग्यो। उनलाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल लगियो। त्यहाँ उपचार हुन नसक्ने भएपछि थप उपचारका लागि विराटनगरस्थित गोल्डेन अस्पताल भर्ना गरियो।

टाउकोको अप्रेसन तथा ४० दिनको उपचारपछि उनी ९ असारमा डिस्चार्ज भए। उपचारमा १२ लाख रुपैयाँ खर्च भयो। जुन दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने व्यक्तिका लागि सामान्य थिएन। अर्जुनको परिवारमा पत्नी तथा दुई साना छोरा छन्। घर खर्चको पूर्ण जिम्मेवारी अर्जुनमाथि नै छ। तर, छरछिमेक, वित्तीय संस्थाबाट कर्जा तथा चन्दा संकलन गरेर अस्पतालको खर्च तिरेको अर्जुनकी पत्नी आरती ठाकुरले बताइन्।

अर्जुनको उपचार पूरा भएको थिएन। टाउकोको एक भागको अप्रेसन गर्न बाँकी थियो। गत २ असोजमा टाउकोको अप्रेसन गरी २५ असोजमा अर्जुनलाई अस्पतालले डिस्चार्ज गऱ्यो। त्यसवेलासम्म अस्पतालको बिल एक लाख ८० हजार रुपैयाँको भइसकेको थियो। तर, तत्काल अर्जुनको परिवारसँग त्यति पैसा थिएन। पैसा तिर्न नसकेपछि डेढ महिनादेखि अर्जुन अस्पतालमा बन्धकझैं छन्। अर्जुनका भाइ वीरबलका अनुसार उनीहरूसँग त्यहाँ खाने पैसासमेत छैन। 'घरबाट ल्याएको पैसा सकिसकेको छ, अस्पतालमा रहेका अन्य कुरुवा, सडकमा चन्दा उठाएर खाना खान्छौं। पैसा तिर्न नसक्दा दाइ अस्पतालमै छ। अस्पतालको बिल दैनिक बढिरहेको छ,' उनले भने, 'दैनिक २७ सय रुपैयाँ बेड चार्ज लाग्छ। राउन्डमा आएका चिकित्सकको छुट्टै चार्ज लिइरहेको छ। अस्पतालले उपचारको बिल चार लाख २५ हजार रुपैयाँ भइसक्यो भन्छ।'

अस्पतालका प्रबन्धक सुधीरसिंह राठौरले अर्जुन अस्पतालमै रहेको बताए। 'उनी अस्पतालमा छन्, रकम के-कति बाँकी छ, त्यसका लागि फाइल नै हेर्नुपर्छ। यो प्राइभेट अस्पताल हो, उपचार गराएपछि बिल तिर्नैपर्छ, त्यसमा हामी केही गर्न सक्दैनौं,' उनले भने। मोटरसाइकलचालक विवेक अझै फरार छन्। अर्जुनकी पत्नी आरतीका अनुसार प्रहरीमा जाहेरी दिएर पटक-पटक ताकेता गरे पनि उनी पक्राउ परेका छैनन् . सप्तरी प्रहरीका प्रवक्ता डिएसपी द्रुण्डीराज नेउपानेले त्यतिवेला विवेक पनि घाइते रहेकाले छाडेको बताए . 'त्यतिवेला ऊ पनि घाइते थियो, त्यसैले छाडेका थियौं, उसको गाडी प्रहरीमै छ। पीडितलाई भेटेर विवेकमाथि कारबाही अगाडि बढाउनेछौं,' उनले भने।

अधिकारकर्मी मनोहर पोखरेलले पैसा तिर्न नसकेकै कारण बिरामी निको भइसक्दा पनि अस्पतालमा राख्न नहुने बताए। 'नेपालको संविधानले पनि नागरिकलाई उपचारको हक दिएको छ। निको भइसकेका व्यक्तिलाई बन्धक बनाएर अस्पतालमा राख्नु राम्रो कुरा होइन। यो मानवीय दृष्टिकोणले पनि उचित होइन,' उनले भने।

स्वास्थ्यमन्त्री बस्नेतप्रति डा. केसीको आक्रोश



काठमाडौं/ डा. गोविन्द केसीले स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत स्वास्थ्य क्षेत्रमा विकृति निम्त्याएको आरोप लगाउँदै राजीनामा माग गरेका छन्। आइतबार विज्ञप्ति जारी गर्दै उनले मन्त्री बस्नेत माफियाहरूका नाइके भएको आरोप लगाएका छन्। ऐनविपरीत सञ्चालित शिक्षालयहरूलाई दण्डित गर्नुको मन्त्रीले नै संरक्षण र सम्बन्धन दिएको केसीको विज्ञप्तिमा उल्लेख छ।

'स्वास्थ्यमन्त्रीको हैसियतले यी चुनौतीहरूको सम्बोधन गर्नु परम् कर्तव्य बन्थ्यो, तर मापदण्ड नपुगेका र विगतमा ऐनविपरीत सञ्चालन गरेका शिक्षालयहरूलाई दण्डित गर्नुको सट्टा ऐनविपरीत सम्बन्धन दिलाउन सम्बन्धित सरकारी निकायहरूलाई दबाब दिनु गैरकानुनी र खेदपूर्ण कार्य हो,' उनले भनेका छन्, 'पद सम्हालेयता स्वास्थ्यमन्त्रीले मर्यादाविपरीतका क्रियाकलाप गर्दै आइरहेका छन्, सुरुदेखि नै स्वास्थ्यमन्त्रीले माफियाहरूको पक्षमा नग्न रूपमा नै वकालत गर्दै आइरहेका छन् र सम्बन्धित सरकारी निकायहरूलाई खुला रूपमा दबाब र धम्की दिइरहेका छन्।' शनिबार टूमा सेन्टरमा आयोजित एक कार्यक्रममा मन्त्री बस्नेतले डा. केसीलाई केही गिरोहले चलाइरहेको भन्ने आशयको अभिव्यक्ति दिएका थिए। त्यसको जवाफमा केसीले नर्सिङ तथा स्वास्थ्यसम्बन्धी विषयमा जनमानसमा गलत धारणा स्थापित गर्न मन्त्रीले माफियाको तर्फबाट नयाँ प्रयास गरेको दाबी गरेका छन्।

'विश्वविद्यालयका लागि स्वशासनको खाका निर्माण गर्न सरकार प्रतिबद्ध'

काठमाडौं/ काठमाडौं विश्वविद्यालय (केयू)ले नेपालभरका विश्वविद्यालयका उपकुलपतिहरूको सम्मेलन आयोजना गरेको छ। विश्वविद्यालयले 'उच्च शिक्षाका मापदण्डहरूमा एकरूपता र अन्तर्राष्ट्रियकरण' विषयक सम्मेलन आयोजना गरेको हो।

सम्मेलनले उच्च शिक्षाको अवस्था सुधार गर्न नेपालका विश्वविद्यालयका लागि साझा मार्गचित्र निर्माण गर्ने मार्ग प्रशस्त गरेको विश्वविद्यालयले जनाएको छ। सम्मेलनमा सहभागी उपकुलपतिहरूले नेपालका विश्वविद्यालयले भोगिरहेको संकट र त्यसको समाधानका उपायबारे बृहत् छलफल गरेको जनाइएको छ। उनीहरूले नेपालको उच्च शिक्षालाई अन्तर्राष्ट्रियकरण गर्न र नेपाली विद्यार्थीको निरन्तर पलायनको समस्यालाई सुल्झाउन कार्ययोजना विकास गर्न प्रतिबद्धता व्यक्त गरेको उल्लेख छ।

सहभागीले काठमाडौं विश्वविद्यालयको आयोजनामा आगामी फेब्रुअरी १५-१६ मा हुने उत्तर भारतका दुई सय ५० भन्दा बढी विश्वविद्यालयका उपकुलपतिको बैठकअघि नेपालका विश्वविद्यालयको साझा आवाज निर्माण गर्ने प्रतिबद्धता जनाएको उल्लेख छ। सम्मेलनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, शिक्षा राज्यमन्त्री प्रमिला कुमारीलगायत विश्वविद्यालयका उपकुलपति, रजिस्ट्रार, रेक्टर, डिनलगायत एक सय ५० भन्दा बढीको सहभागिता रहेको जनाइएको छ। प्रधानमन्त्री प्रचण्डले ज्ञान उत्पादन र सहयोग प्रणालीमार्फत वर्तमान चुनौतीलाई अवसरमा परिणत गर्न सम्मेलनको महत्त्व रहेको औंल्याए। उच्च शिक्षा संस्थाको स्वायत्तताको आवश्यकताबारे प्रकाश पार्दै उनले विश्वविद्यालयका लागि स्वशासनको खाका निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताएका थिए।

क्यानडाको राजदूतमा पौड्याल अनुमोदित

नयाँ पत्रिका



संसदीय सुनुवाइ समितिले क्यानडाका लागि राजदूतमा भरतराज पौड्याललाई अनुमोदन गरेको छ। समितिको आइतबार बसेको बैठकले पौड्यालको सुनुवाइ गरी योग्यता, क्षमता र अनुभवका आधारमा क्यानडाका लागि आवासीय राजदूतमा सर्वसम्मत अनुमोदन गरेको ज्येष्ठ सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए।

परराष्ट्रसचिव पौड्याललाई सरकारले २ कात्तिकमा क्यानडाका लागि आवासीय राजदूत एवं क्युबा, जमैका, डोमिनिकन रिपब्लिक र हाइटीका लागि गैरआवासीय राजदूत तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को स्थायी प्रतिनिधिको पदमा नियुक्तिका लागि सिफारिस गरेको थियो। मन्त्रिपरिषद्ले सिफारिस गरेको प्रस्तावित राजदूतको संसदीय समितिले सुनुवाइ गर्नुपर्ने संवैधानिक व्यवस्था छ। सुनुवाइ प्रक्रिया सुरु गर्दै समितिले १५ कात्तिकमा उजुरी आह्वान गरेको थियो।

पौड्यालविरुद्ध उज्ज्वलकृष्ण श्रेष्ठ र एउटा बेनामे गरी दुइटा उजुरी परेको थियो। उजुरीकर्ता श्रेष्ठले सचिव पदमा बहाल हुँदाहुँदै राजदूत पदमा सिफारिस गर्नु कानुनविपरीत भएको जिकिर गरेका थिए भने बेनामे उजुरीमा परराष्ट्र कर्मचारीका लागि छात्रवृत्ति आफ्नो छोरीलाई उपलब्ध गराएको, मातहतको कर्मचारीका लागि आउने भ्रमणका अवसर पनि आफैं लिने गरेको आरोप लगाइएको थियो। समितिसँगको छलफलमा उजुरीकर्ता श्रेष्ठले २० मंसिरमा अवकाश पाउन लागेको सचिवलाई पदमा बहाल रहँदैको अवस्थामा राजदूत पदमा सिफारिस गर्न नमिल्ने जिकिर गरेका थिए। उनले कर्मचारीलाई अर्को पद दिनुले यसमा मन्त्रीको पनि बद्नियत देखिएको आशंका गरे। यसलाई समितिले गम्भीरतापूर्वक लिनुपर्ने उनको माग थियो।

बेनामे उजुरीको सवालमा सांसदहरूले पौड्याललाई सोधेका थिए। त्यसअगाडि पौड्यालले आफ्नो कार्ययोजना प्रस्तुत गर्दै क्यानडामा नेपालप्रति हरेक क्षेत्रमा सकारात्मक वातावरण बनाउने प्रतिबद्धता जनाए। क्यानडामा झन्डै ६० हजार नेपाली नागरिकको बसोवास रहेको भन्दै पौड्यालले नेपाललाई प्राथमिकतामा पर्ने गरी काम गर्ने जिकिर गरे। नेपाल-क्यानडाबीच उच्चस्तरीय भ्रमण नभएको उल्लेख गर्दै उनले उच्चस्तरीय भ्रमणलाई प्राथमिकता दिने बताए। क्यानडा र नेपाल संसदीय मञ्च बनाएर अनुभव आदानप्रदान बढाउने, नेपाल-क्यानडा द्विपक्षीय परामर्श संयन्त्र, २०२४ को बैठक सम्पन्न गर्न भूमिका खेल्ने उनको योजना छ। आर्थिक रूपमा लगानी अभिवृद्धिका लागि वातावरण निर्माण गर्ने, नेपालमा क्यानडाको सहयोग अभिवृद्धिका लागि नीतिगत रूपमै व्यवस्था गर्न पहल गर्ने, जलवायु परिवर्तनबाट नेपालमा परेको असरबारे जानकारी गराउने, कार्बन उत्सर्जन प्रविधि भित्र्याउने, नेपालका लागि जलवायु परिवर्तन फन्ड बढाउन पहल गर्ने उनले सुनाए।

सुनुवाइका क्रममा सांसदहरूले सरकारी कर्मचारीका लागि आएको छात्रवृत्तिमा छोरीलाई अध्ययन गर्न पठाएको, सचिव पदमा बहाल हुँदै राजदूत पद लिन खोजेको जस्ता आचरण र इमानदारितासम्बन्धी प्रश्न उठाएका थिए। साथै, क्यानडाको दूतावास नेपालमा खोल्न कस्तो पहल हुन्छ, ओटवाको नेपाली दूतावासको पहुँचमा सबै नेपालीलाई कसरी ल्याउने, नेपाली उत्पादन क्यानडाको बजारमा कसरी पुऱ्याउने, बन्द भएको विकास सहायता कसरी सञ्चालनमा ल्याउने तथा प्रस्तुत कार्ययोजना दलहरूको घोषणाजस्तो नभई कसरी कार्यान्वयन हुन्छ भनी जिज्ञासा राखेका थिए।

अब सुनुवाइ भएकै दिन निर्णय नलिने

पौड्यालको सुनुवाइ सकिएपछि संसदीय समितिमा अनुमोदन गर्ने कि नगर्ने लामो छलफल चल्यो। सुनुवाइभन्दा बढी समय अनुमोदन गर्ने कि नगर्ने भनेर छलपल चल्दा समितिमा सत्ता र प्रतिपक्षी दुई कित्तामा उभिए। प्रमुख प्रतिपक्षी एमालेले पौड्यालबारे थप छानबिन गरेर निर्णयमा पुग्नुपर्ने भएकाले पाँच दिनपछि मात्रै निर्णय बैठक बसेर निर्णयमा पुग्नुपर्ने धारणा राख्यो। तर, सत्तारूढ कांग्रेसले पाँच दिनपछि पौड्यालको नियुक्ति प्रक्रियाको ४५ दिन पुग्ने र उनी स्वतः अनुमोदन भई नियुक्तिको प्रक्रियामा जाने भएकाले निर्णय रोक्न नहुने तर्क गऱ्यो। दुवै पक्षका सांसदहरूको लामो छलफलपछि समिति पौड्यालालाई अनुमोदन गर्ने, तर अबका सुनुवाइमा सुनुवाइ भएकै दिन निर्णय नगर्ने सहमति जुट्यो। यसका लागि संसदीय समितिको कार्यविधि नै संशोधन गर्ने सहमति भएको सदस्य जीवन परियारले जानकारी दिए। 'उजुरीको परीक्षण गर्न समय माग्छ। उजुरीले भनेअनुसार भयो वा मिथ्या साबित भयो भने निर्णय लिन सजिलो हुन्छ,' सदस्य महेश बर्तौलाले भने।

बैठकको अध्यक्षता गरेका ज्येष्ठ सदस्य कार्कीले आगामी दिनमा कार्यविधि परिवर्तन गरेर सुनुवाइ सकिएको केही दिनपछि निर्णयमा पुग्ने गरी अगाडि बढ्ने समझदारी भएको बताए। सदस्य देवेन्द्र दाहालले समितिको निर्णय प्रक्रियालाई विश्वसनीय र पारदर्शी बनाउन सुनुवाइ सकिएकै दिन हतार निर्णय नगर्ने सहमति जुटेको बताए।



मध्यपहाडी लोकमार्गका ४० स्थानमा एमालेको सभा र अन्तर्क्रिया

नेताहरूलाई १५ बुँदे आचारसंहिता, आफूलाई आवश्यक पर्ने सबै सामानको आफैँ प्रबन्ध गर्नुपर्ने

नयाँ पत्रिका

एमालेले आगामी १४ मंसिरबाट गर्ने मध्यपहाडी लोकमार्ग यात्रा अभियानमा ४० स्थानमा कोणसभा, अन्तर्क्रिया र स्थानीयसँग भेटघाट कार्यक्रम राखेको छ। अध्यक्ष केपी ओलीले बैतडीको भुलाघाटमा राष्ट्रिय झन्डोत्तलन गरेर सुरु गर्ने अभियान तीन साता चलेर २ पुसमा पाँचथरको चिवाभञ्ज्याङमा पुगेर समापन हुनेछ।

केन्द्रीय प्रचार विभागका सचिव गगन विष्टका अनुसार अभियानका क्रममा २५ जिल्लाका ४० स्थानमा कार्यक्रम हुनेछन्। गत ६ मंसिरको केन्द्रीय कमिटी बैठकले अभियानको कार्ययोजना पारित गरेको थियो। संकल्प यात्रामा अध्यक्ष ओलीको नेतृत्वमा पदाधिकारी, केन्द्रीय निकायका अध्यक्ष/प्रमुखहरू, भूगोल कार्यक्षेत्र नभएका स्थायी कमिटी सदस्य र तोकिएका व्यक्ति टोलीमा रहनेछन्।

अभियानमा सहभागी हुनेका लागि अलग्गै १५ बुँदे आचारसंहितासमेत बनाइएको प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिए। जसअनुसार अध्यक्ष ओलीबाहेक कसैले पनि निजी सुरक्षा गार्ड प्रयोग गर्न पाउनेछैनन्। नेताहरूका सवारीसाधनका अतिरिक्त चारवटा विशेष टिम यात्रामा संलग्न हुनेछ। जसअनुसार एम्बुलेन्ससहितको मेडिकल टिम, सवारीसाधन मर्मतसम्भार गर्ने मेकानिकल टिम, केन्द्रीय प्रचार टिमका साथै न्यूनतम २० जना दक्ष स्वयंसेवकका लागि चारवटा गाडी प्रयोग गरिनेछन्। अभियानमा सहभागी सबै केन्द्रीय नेताहरूले सवारीसाधनको इन्धनको प्रबन्ध आफैँले गर्नुपर्नेछ। त्यस्तै, सहभागी सबैले नियमित सेवन गर्ने औषधि, न्यानो कपडा, स्लिपिङ ब्याग, डाई फुड, मोबाइल चार्जर र आफूलाई आवश्यक पर्ने रकम पनि बोकेर हिँड्नुपर्नेछ।

नेतृत्वले जनतासँग गर्ने संवादमा अवरोध पुऱ्याउन नपाइने, औपचारिक कार्यक्रममा पनि तोकिएका नेताबाहेकले मञ्चमा भिडभाड गर्न नपाउने, यात्राका क्रममा खानपिन, बोलीचाली र आचरणमा मर्यादा कायम गर्नुपर्ने, स्थानीय भाषा, संस्कृति, परम्परा र चालचलनको सम्मान गर्नुपर्ने आचारसंहिता जारी गरिएको छ। पहाडका समस्या, पूर्वाधार र उत्पादनका विषय, पहाडलाई विकास र समृद्धिको नमुना बनाउनेलगायतमा विषयमा जवाफ खोज्ने गरी अभियानका लागि एमालेले अलग्गै पाँचवटा प्रश्न बनाएको छ।

जटिल भौगोलिक संरचना, छरिएका बस्ती, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्यजन्तुका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु संकट पहाडको विकासका मुख्य चुनौती रहँदै आएको जनाउँदै एमालेले पहाड पूर्वाधार, विद्युतीकरण, खानेपानी र स्वास्थ्य तथा शिक्षामा पहुँचका दृष्टिले उल्लेख्य ढंगले रूपान्तरित हुँदै आएको दाबी गरेको छ। तीव्र बसाइँसराइ पहाडको मुख्य समस्या बन्न थाले पनि एकातिर विकासका योजना पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसंख्याको ठूलो हिस्सा तराई, सहर हुँदै बिदेसिँदै जाने चुनौती नै अर्थ-राजनीतिको सर्वाधिक जटिल प्रश्न समाधानका लागि अभियान केन्द्रित हुने जनाइएको छ।

अहिले विभिन्न नाममा यस एकतालाई खलबलाउने, सामाजिक सद्भावलाई कमजोर पार्ने र जनताका बीचमा फाटो ल्याउने प्रयास देखा पर्न थालेकाले अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्ने एमालेको दाबी छ। समाजमा निराशा फैलाउने, नकारात्मक मनोविज्ञान निर्माण गर्ने र नेपाल समृद्ध बन्दैन, बन्ने सक्दैन भन्ने संकथन निर्माण गर्ने प्रयास निकै व्यापक रूपमा भइरहेको भन्दै मुलुक बन्छ, बन्दै छ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्नु, प्राप्त उपलब्धिको रक्षा एवं संवर्द्धन गर्नु तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्नु अभियानको उद्देश्य रहेको प्रस्ट्याएको छ।

नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७५औँ वर्षमा पार्टीले पुऱ्याएको योगदान जनतालाई प्रस्ट्याउँदै बलियो राष्ट्रिय शक्ति निर्माण गर्न सहयोग पुऱ्याउनु अभियानको अर्को उद्देश्य रहेको पनि एमालेको भनाइ छ। अभियानमा हुने जनसंवादमार्फत सुझाव लिने र त्यसबाट सिकेर पार्टीलाई अगाडि बढाइने बताइएको छ।

एमाले सचिव भट्टराई चढेको गाडी तोडफोड

ताप्लेजुङ / एमाले सचिव योगेशकुमार भट्टराई चढेको गाडी पहिचान पक्षधरले तोडफोड गरेका छन्। ताप्लेजुङबाट काठमाडौं फर्कने क्रममा आइतबार सदरमुकाम फुङलिङको तोक्मे डाँडामा पहिचान पक्षधरले आक्रमण गरेर गाडीको सिसासमेत फुटाएका छन्। सात-आठजनाको समूहमा रहेकाले भट्टराई सवार गाडीमा ढुंगा र लाठीले हानेको एमालेका कार्यवाहक जिल्ला अध्यक्ष सन्तोष खतिवडाले बताए। आक्रमणकारीले हानेको ढुंगा भट्टराई सवार गाडीको अगाडिको भागमा लागेको प्रत्यक्षदर्शीले बताएका छन्। भट्टराईको गाडीलाई सशस्त्र र नेपाल प्रहरीले स्कर्टिङ गरेका थिए। आक्रमणबाट भट्टराईलगायत कसैलाई क्षति पुगेको छैन।

एमाले सचिव भट्टराईले राजनीति गर्ने भए झ्यालबाट नभई ढोकाबाट आउन पूर्वराजा ज्ञानेन्द्र शाहलाई चुनौती दिएका छन्। प्रतिनिधिसभा सदस्यसमेत रहेका भट्टराईले गणतन्त्र अन्त्य गर्छु भन्दै हिँड्नेहरू र पूर्वराजा ज्ञानेन्द्र शाहका गतिविधि नियन्त्रणमा तत्काल कदम चाल्न सरकारलाई आग्रह गरे। उनले पूर्वराजाका गणतन्त्रविरोधी गतिविधि र चलखेलबारे सरकारको धारणा माग गरे।

पत्रकार महासंघ ताप्लेजुङले आइतबार बिहान फुङलिङमा गरेको पत्रकार सम्मेलनमा भट्टराईले पूर्वराजालाई नेपालले दिएजस्तो आवास, सुरक्षालगायतको सुविधा कुनै पनि देशमा नभएको जिकिर गरे। पूर्वराजाले आफ्नो हैसियत बिर्सिएर तमासा देखाउने र नेपाली जनताको समृद्धिको चाहनामा अवरोध सिर्जना गर्ने कार्य कुनै हालतमा नेपाली जनताले मान्य नहुने बताए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तीखोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमशः०-०-१८ र ०-०-१२ (विगाह) को जग्गा ।
२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जौर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०६० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेका मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. २ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४७७१ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
४.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ६ (हाल भद्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५३५४, ५३२५, ५२५३ र ५२५५ को क्षेत्रफल क्रमशः ०-०-१२-०, ०-०-३-०, ०-०-८-० र ०-०-१५-० (विगाह) को घरजग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. २ ख (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४६१५ को क्षेत्रफल ०-०-४-० (विगाह) को घरजग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६५ को क्षेत्रफल ०-०-१६-० (विगाह) को जग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, भलुही भर्वलिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ९५६ र ९६० को क्षेत्रफल क्रमशः ०-०-१८-१२ र ०-१-१७-८ (विगाह) को जग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ६क स्थित कित्ता नं. ५११ को क्षेत्रफल ०-६-२-० (विगाह) को घर/जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ५ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. ४६५६, ४६४८ र ४६५२ को क्षेत्रफल क्रमशः ०-०-१४-०, ०-१-६.५-० र ०-०-३.५-० (विगाह) को घर/जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. १ (हाल हेटौंडा उ.म.न.पा वडा नं. १४) स्थित कित्ता नं. ४२१८, ४२१६ र ४२१४ को क्षेत्रफल क्रमशः ०-०-१०.२५-०, ०-०-१०.७५-० र ०-०-११-० (विगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौंडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ११ स्थित कित्ता नं. ९७९५ को क्षेत्रफल ०-०-८.२५-० (विगाह) को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरको लगातमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ११ स्थित कित्ता नं. १३१३९ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ५/ग (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ६६३ को क्षेत्रफल ०-०-१० (विगाह) को घरजग्गा र लक्ष्मीनिया गा.वि.स. वडा नं. २/क (हाल फतुवा विजयपुर न.पा वडा नं. ९) स्थित कित्ता नं. ८४२ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १७ (हाल नेपालगंज उ.म.न.पा वडा नं. १३) स्थित कित्ता नं. १९० र २८३ को क्षेत्रफल ६९४ र ३१५ (व.मि) को घर/जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ५ ङ (हाल तार्केश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ३२० को क्षेत्रफल २६२.२७ (व.मि) को घरजग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
२०.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा कपिलवस्तुको लगातमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथिहवा गा.वि.स. वडा नं. ९ क (हाल शुद्धोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. २८, ५३७, ७३६ र ७४३ को क्षेत्रफल क्रमशः ०-२-१९-०, ०-४-५-२, ०-१-०-० र ०-१-३-२ (विगाह) को जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लागतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. १/क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बसन्तपुर गा.वि.स वडा नं. ८क (हाल ओमसतिया गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १९०६, १९९२, ११४७ र ११४८ को क्षेत्रफल क्रमशः ०-०-६.५-०, ०-०-६.५-०, ०-०-१०-० र ०-०-१०-० (विगाह) को घरजग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स वडा नं. ९ग (हाल तिलोत्तमा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७०६ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगातमा दर्ता कायम रहेको बाँके जिल्ला, दिटिहिरीया गा.वि.स वडा नं. २ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. २९८ को क्षेत्रफल ९०२८.४८ (व.मी) को जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.९९ (व.मी) को घरजग्गा ।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीको लगातमा दर्ता कायम रहेको सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ११ को क्षेत्रफल ४३४.४० (व.मी) को घर/जग्गा ।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सितापाइला गा.वि.स वडा नं. १ (हाल नागार्जुन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४१० र ४१२ को क्षेत्रफल क्रमशः १३.०४ र १३०.६८ (व.मी) को घरजग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, विसुनपुरा गा.वि.स. वडा नं. ४ ख (हाल गौडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ११५ को क्षेत्रफल ०-४-९-० (विगाह) को जग्गा ।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, विसुनपुरा गा.वि.स. वडा नं. ४ ख (हाल गौडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४२२ को क्षेत्रफल ०-११-१२-० (विगाह) को जग्गा ।
३३.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. २ (हाल पचतौरा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
३४.	यस बैंकको नाममा मालपोत कार्यालय सिम्रौनगढ, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, कचोर्बा गा.वि.स. वडा नं. ३ (हाल सिम्रौनगढ न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९८३७ को क्षेत्रफल ०-८-० (विगाह) को जग्गा ।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, तेलकुंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह) को जग्गा ।
३६.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
३७.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. १ (हाल विर्तामोड न.पा वडा नं. १) स्थित कित्ता नं. २४९१ र २४९२ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (विगाह) को घरजग्गा ।
३८.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ६५८, ६५९ र ५०५७ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-२-०-० र ०-१-३-३ (विगाह) को घरजग्गा ।
३९.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, मृगौलीया गा.वि.स वडा नं. ९ क स्थित कित्ता नं. ९५१ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
४०.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाह) को जग्गा ।
४१.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ६५५ को क्षेत्रफल १-७-० (विगाह) को जग्गा ।




तपसिल नं. १ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ४ मा उल्लेखित सम्पत्ति

तपसिल नं. ५ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ६ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ७ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ८ मा उल्लेखित सम्पत्ति

तपसिल नं. ९ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १० मा उल्लेखित सम्पत्ति | तपसिल नं. ११ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १२ मा उल्लेखित सम्पत्ति

तपसिल नं. १३ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १४ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १५ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १६ मा उल्लेखित सम्पत्ति



तपसिल नं. १७ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १८ मा उल्लेखित सम्पत्ति | तपसिल नं. १९ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २० मा उल्लेखित सम्पत्ति

तपसिल नं. २१ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २२ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २३ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २४ मा उल्लेखित सम्पत्ति

तपसिल नं. २५ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २६ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २७ मा उल्लेखित सम्पत्ति | तपसिल नं. २८ मा उल्लेखित सम्पत्ति

तपसिल नं. २९ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३० मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३१ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३२ मा उल्लेखित सम्पत्ति

तपसिल नं. ३३ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३४ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३५ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३६ मा उल्लेखित सम्पत्ति

तपसिल नं. ३७ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३८ मा उल्लेखित सम्पत्ति | तपसिल नं. ३९ मा उल्लेखित सम्पत्ति

तपसिल नं. ४० मा उल्लेखित सम्पत्ति | तपसिल नं. ४१ मा उल्लेखित सम्पत्ति

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पत्तिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नु हुनेछन् ।

बबीको एक्सन अवतार

फिल्म एनिमलमा बबी देओलको खतर्नाक अवतार देख्न पाइन्छ। यस रोलका लागि उनले चार महिनासम्म कडा प्रशिक्षण गरेका छन्। यसक्रममा उनले खानपान र व्यायाममा निकै ध्यान दिएका थिए। निर्देशक सन्दीप रेड्डीले रणवीर कपुरको तुलनामा बबी ज्यादा शक्तिशाली देखिनुपर्ने माग राखेका थिए। त्यसैले आफ्नो शरीरलाई फिट राख्न कडा मिहिनेत गरेको बबीले बताएका छन्।






फर्की फर्की जेठमा

अनमोल केसी र जसिता गुरुङको मुख्य भूमिका रहने फिल्म 'फर्की फर्की' जेठ ११ गते रिलिज हुने भएको छ। यो फिल्मलाई रोहित अधिकारी र ओम अग्रवालले मिलेर निर्माण गर्दै छन्। सुयोग गुरुङको निर्देशनमा बन्ने यस फिल्ममा कृष्ण मल्ल, निर्मल शर्मा, विन्दा खतिवडा, असिक गुरुङ, माओत्से गुरुङ, रुस्का वैद्य श्रेष्ठ, अर्नव घिमिरे, प्रेम पाण्डेलगायतको अभिनय रहनेछ।

जवान देखिने आठ उपाय



अमेरिकन हार्ट एसोसिएसनले उल्लेख गरेका आठ उपाय यस्ता छन् :

१. स्वस्थ आहार
२. सक्रिय जीवनशैली
३. धूम्रपान त्याग्नुस्
४. स्वस्थ निद्रा
५. स्वस्थ तौल कायम राख्ने
६. कोलेस्ट्रोल नियन्त्रण राख्ने
७. मधुमेहलाई ठीक राख्ने
८. रक्तचाप व्यवस्थापन गर्ने।

> ६ हजार पाँच सयभन्दा बढी वयस्कको तथ्यांकमा आधारित रहेर अमेरिकी वैज्ञानिकहरूले गरेको अध्ययनअनुसार मुटुको स्वास्थ्य राम्रो भएका व्यक्तिको शरीर उनीहरूको वास्तविक उमेरभन्दा जैविक रूपले औसत ६ वर्ष कान्छो रहेको पाइयो

स्वस्थ निद्रा र नियमित व्यायामजस्ता उपायले जैविक शरीरको बुढो हुने गति) गतिलाई ६ वर्षसम्म ढिला गर्न सकिने अमेरिकामा गरिएको एक अध्ययनले देखाएको छ। आठवटा स्वस्थकर उपाय अवलम्बन गरेर यस्तो उपलब्धि हासिल गर्न सकिने निष्कर्षमा वैज्ञानिकहरू पुगेका हुन्। शरीरको तौल नियन्त्रण, मधुमेह, कोलेस्ट्रोल र रक्तचाप (ब्लड प्रेसर) नियन्त्रण, पर्याप्त निद्रा र स्वस्थकर खानपान, नियमित शारीरिक व्यायाम, धूम्रपान नगर्नेलगायत बानीले जैविक बुढ्यौलीको प्रक्रियालाई ढिलो गराउन सकिने उनीहरूले औंल्याएका छन्। अध्ययनले यी उपायहरू अपनाउँदा मुटुको स्वास्थ्य राम्रो हुने देखाएको छ, जसले बुढ्यौलीको जैविक गतिलाई ६ वर्षसम्म घटाउन सक्छ।

६ हजार पाँच सयभन्दा बढी वयस्कको तथ्यांकमा आधारित अध्ययनको यो निष्कर्ष फिलाडेल्फियामा आयोजित अमेरिकन हार्ट एसोसिएसन (एएचए)को 'साइन्टिफिक सेसन्स कन्फ्रेन्स'मा प्रस्तुत गरिएको हो। अनुसन्धानकर्ताहरूका अनुसार मुटुको स्वास्थ्य राम्रो भएका व्यक्तिको शरीर उनीहरूको वास्तविक उमेरभन्दा जैविक रूपले लगभग ६ वर्ष कान्छो रहेको पाइयो। 'यी निष्कर्षहरूले हामीलाई कालानुक्रमिक उमेर र जैविक उमेरबीचको सम्बन्ध तथा स्वस्थ जीवनशैलीको अनुशरणले कसरी लामो समयसम्म बाँच्न मद्दत गर्न सक्छ भनेर बुझ्न सहयोग गर्छ,' एएचएको स्वास्थ्य मूल्यांकन उपकरण 'लाइफ्स एसेन्सियल ८' को लेखन समूहका अध्यक्ष डोनाल्ड लोयड जोन्सले भने।

एएचएका भूतपूर्व स्वयंसेवक अध्यक्ष लोयड जोन्सले भने, 'जोकोही पनि लामो समयसम्म बाँच्न चाहन्छन्। तर, सबैभन्दा महत्त्वपूर्ण कुरा, हामी स्वस्थ रहन चाहन्छौं। ता कि हामी वास्तवमै जीवनको आनन्द उठाउन र सकेसम्म धेरै वर्षसम्म राम्रो जीवन बिताउन चाहन्छौं। हामी स्वस्थ रहन सकौं।'

'लाइफ्स एसेन्सियल ८'को उद्देश्य जीवनशैलीका चारवटा परिवर्तनीय उपाय र स्वास्थ्यका चारवटा परिवर्तनीय मार्कर (संकेत/सूचक)हरूको आधारमा मुटुको स्वास्थ्यलाई परिभाषित गर्नु रहेको छ। कुनै पनि व्यक्तिको फेनोटाइपिक वा जैविक उमेर मापन गर्न अनुसन्धानकर्ताहरूले उनीहरूको मेटाबोलिजम (शरीरका कोषहरूमा हुने रासायनिक प्रतिक्रिया जसले खाएको कुरालाई ऊर्जामा परिवर्तन गर्छ), अंगहरूको कार्य तथा सुजन/जलनको जाँच गरेका थिए। फेनोटाइपिक (जेनोटाइप वा कोषमा निहित जिन र वातावरणको प्रभावस्वरूप शरीरमा देखिने अर्थात् अवलोकनयोग्य विशेषता) आयुको वृद्धिदर (गति) भनेको व्यक्तिको जैविक उमेर र वास्तविक उमेरबीचको भिन्नता हो। यसको उच्च मानले शरीरको बुढ्यौलीको क्रम तीव्र भएको संकेत गर्छ। सामाजिक, आर्थिक र जनसांख्यिकीय कारकहरूको लेखाजोखा गरेपछि अनुसन्धाताहरूले यी लाइफ्स एसेन्सियल ८ (स्वस्थ जीवनका सर्त)को अंक उच्च हुनु (अर्थात् कार्डियोभास्कुलर स्वास्थ्य राम्रो हुनु) जैविक उमेर करिब ६ वर्षले कम हुनुसँग सम्बन्धित रहेको पाएका थिए।

न्युयोर्क सहरस्थित कोलम्बिया युनिभर्सिटी इरभिङ मेडिकल सेन्टरको मेलम्यान स्कुल अफ पब्लिक हेल्थमा इपिडिमियोलोजी (सरुवा रोग विज्ञान)का सहायक प्राध्यापक तथा यो अध्ययनका वरिष्ठ अुनसन्धाता नूर मकारेमले भने, 'फेनोटाइपिक उमेरले मापन गर्दा हामीले उच्च कार्डियोभास्कुलर स्वास्थ्यको सम्बन्ध जैविक बुढ्यौलीको सुस्तपनसँग जोडिएको पायौं। हामीले डोज-डिपेन्डेन्ट एसोसिएसन अर्थात् मुटुको स्वास्थ्य बढ्दा जैविक बुढ्यौली घट्दै जाने कुरा पत्ता लगायौं।'

'हामीले अध्ययन गरेकाहरूमा मुटुको स्वास्थ्य राम्रो भएकाहरूको औसत वास्तविक उमेर ४१ वर्ष थियो, तर उनीहरूको औसत जैविक उमेर भने ३६ वर्षको थियो। जब कि, कार्डियोभास्कुलर स्वास्थ्य राम्रो नभएका वा खराब भएकाहरूको औसत वास्तविक उमेर ५३ वर्ष थियो भने उनीहरूको औसत जैविक उमेर ५७ वर्ष पाइएको थियो,' माकरेमले भने, 'लाइफ्स एसेन्सियल ८ मेट्रिक्सको अधिक पालना र कार्डियोभास्कुलर स्वास्थ्यमा सुधारले तपाईंको शरीरको बुढ्यौलीको प्रक्रियालाई कम गर्न सक्छ र यसका फाइदा धेरै छन्।'

-द गार्जियनबाट

जाडोमा कपालको स्याहार



कृष्णप्रसाद पन्थी
हेयर स्टाइलिस
क्रिस हेयर एन्ड ब्युटी सैलुन



चिसोयाममा कपाल सुक्खा हुने, झर्ने, हाँगा फाट्नेलगायत समस्या देखिन सक्छ। कतिपयको कपालमा जाडो महिनामा चाया पर्ने गर्छ। फुंग उडेजस्तो पनि देखिन्छ। यस्ता समस्याले धेरैलाई पिरोलिरहेको हुन्छ। जाडोमा कपाललाई स्वस्थ र सुन्दर राख्न यी उपाय अपनाउन सकिन्छ।

कन्डिसनर

कपालको प्रकृतिअनुसार कन्डिसनर प्रयोग गर्नुपर्ने हुन्छ। कपालको जरामा भने कन्डिसनर लगाउनुहुँदैन। कन्डिसनरले कपाललाई नरम र चम्किलो बनाउन सहयोग गर्छ। त्यसैले कन्डिसनर कपालका लागि महत्त्वपूर्ण छ।

स्याम्पु

गुणस्तरीय स्याम्पुको प्रयोग गर्नुपर्छ। यसले कपाललाई चम्काउन सहयोग गर्छ। जाडोको वेलामा चिसो हावा चल्छ, जसले कपाललाई सुक्खा बनाउँछ। कपाल सुक्खा हुँदा कतिपयले धेरै स्याम्पु प्रयोग गरेका हुन्छन्। तर, बढी स्याम्पुको प्रयोगले कपाल टुक्रिने, झर्नेलगायत समस्या देखिन सक्छन्। हप्तामा दुईपटक स्याम्पु गर्नु राम्रो हुन्छ।

ब्लो ड्रायर

चिसो कपालमा ब्लो ड्रायरको प्रयोग गर्नु राम्रो हुँदैन। तातो हावाले कपाललाई झन् सुक्खा बनाउँछ। बरु रुमालले पानी सोसेर कपाल सुकाउनु उपयुक्त हुन्छ। आवश्यकै परेमा तातो ब्लो ड्रायरको साटो चिसो ब्लो ड्रायरको प्रयोग गर्नुपर्छ।

हेयर मास्क

जाडो महिनामा हप्ताको एकपटक हेयर मास्क लगाउनु उपयुक्त हुन्छ। हेयर मास्कले कपाललाई स्वस्थ मात्रै होइन, सुन्दर र मुलायम बनाउँछ। त्यसैले हप्तामा एकपटक हेयर मास्कको प्रयोग गर्नुपर्छ।

ओयल मसाज

चिसो मौसममा हप्ताको एकपटक तेल मालिस गर्दा राम्रो हुन्छ। नरिवल तेल, बदाम तेल, जैतुन तेल कपालका लागि लाभदायक हुन्छ।

घरलाई न्यानो बनाउन...

बिस्तारै चिसो बढ्दै छ। कोठा चिसो हुँदा घरभित्रै पनि सास्ती महसुस हुन्छ। धेरैले कोठा तातो बनाउन हिटर प्रयोग गर्छन्। तर, यो धेरै हानिकारक छ। लामो समय हिटर ताप्दा विभिन्न स्वास्थ्य समस्या पनि देखिन्छन्। केही उपाय अपनाएर कोठालाई प्राकृतिक रूपमै पनि न्यानो र आरामदायी बनाउन सकिन्छ।



रामगोपाल तन्डुकर
महासचिव, इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपाल

बाक्लो पर्दा र कार्पेट

खासगरी घरमा चिसो पस्ने झ्यालबाट नै हो। हिजोआज अधिकांश घरका झ्यालका खापा सिसाका हुन्छन्। जसले घरभित्रको तापक्रम जोगाउन सक्दैन। जाडोमा झ्यालमा मोटो र गाढा रङको पर्दा राख्नु राम्रो हुन्छ। त्यस्तै, भुइँमा रंगीन तथा बाक्लो कार्पेट ओछ्याउन सकिन्छ। जसले घरको सौन्दर्य मात्रै बढाउँदैन, न्यानो बनाउन पनि भूमिका खेल्छ। यदि कोठामा पार्केटिङ छ भने तुलनात्मक रूपमा कोठा तातो हुन्छ। तर, सिमेन्टको भुइँ छ भने घरमा बस्दा पनि न्यानो हुने चप्पल वा जुत्ता लगाउनु राम्रो हुन्छ।

वार्म लाइट जडान गर्ने

जाडोमा घरलाई न्यानो राख्नका लागि बत्तीको महत्त्वपूर्ण हुन्छ। त्यसैले जाडो मौसममा एलइडी र सिएफएलको साटो घरमा वार्म लाइट प्रयोग गर्न सकिन्छ। यसले धेरै मात्रामा तातो ऊर्जा जारी गर्छ र कोठालाई न्यानो बनाउन सहयोग गर्छ।

झ्यालमा बबल च्याप राख्ने

झ्यालबाट चिसो हावा छिर्‍यो भने कोठा सधैं चिसो हुन्छ। यसबाट बच्न घरको झ्याल आवश्यक पर्दा मात्रै खोल्नुपर्छ। जाडोमा प्रायः ढोका पनि बन्द राख्नुपर्छ। झ्यालमा बबल च्यापको प्रयोग गर्न सकिन्छ। यसको प्रयोग गर्दा घामको प्रकाश छिर्छ, तर चिसो हावा छिर्न पाउँदैन। त्यसैले कोठा उज्यालो देखिन्छ र न्यानो पनि रहन्छ।

Advertising Association of Nepal

नेपाल विज्ञापन संघ (आन) को २४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः२०८०/०८/११

नेपाल विज्ञापन संघको **२४ औं वार्षिक साधारण सभा** निम्न विषयमा छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएकोले २४औं वार्षिक साधारण सभामा भाग लिन प्रत्येक सदस्य एजेन्सीबाट प्रतिनिधिपत्रमा एकजना प्रतिनिधिको नाम, प्रतिनिधिको २ प्रति अटो साईजको फोटो मिति **२०८० साल पौष १ गते आइतबार साँझ ४:००** बजेभित्र यस संघको सचिवालय, सानो खरिवोट, शान्तिनगरमा पठाउनु हुन अनुरोध गरिन्छ। सम्पूर्ण सदस्य एजेन्सीहरुलाई यस सम्वन्धी कार्यक्रम सहितको पत्र साधारणसभा हुनु ७ सात दिन अगावै आवश्यक प्रतिवेदनहरु समेत संलग्न गरी पठाइनेछ। यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि प्रतिनिधि पठाउनु हुन हार्दिक अनुरोध गरिन्छ।

कार्यक्रम :

मितिः २०८० साल पौष ६ गते शुक्रबार, तदनुसार डिसेम्वर २२, २०२३
समयः: बिहान ११:.०० बजे
स्थान : अरन्य बुटिक होटल, नक्साल, काठमाडौं

छलफलका बिषयहरु :

(१) कार्यसमितीको तर्फबाट महा-सचिवद्वारा आ व.०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत।
(२) महा-सचिवद्वारा आ.व. २०८०/०८१ को लागि वार्षिक कार्यक्रम प्रस्तुत।
(३) कोषाध्यक्षद्वारा आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत।
(४) कोषाध्यक्षद्वारा आ.व. २०८०/०८१ को अनुमानित बजेट प्रस्तुत।
(५) आ.व.२०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ती तथा पारिश्रमिक तोक्ने सम्वन्धमा।
(६) ११ औं कार्यसमितिको निर्वाचन।

नोट :

(१) साधारणसभामा सहभागी हुन **रु.३०००/- (अक्षरेपी तिन हजार मात्र)** सहभागिता शुल्क लाग्नेछ।
(२) २४ औं वार्षिक साधारण सभामा सहभागी हुन सदस्य एजेन्सीहरुले **२०८० साल पौष १ गते आइतबार** भित्र आ.व.०८०/०८१ सम्मको सदस्यता नविकरण अनिवार्य रुपमा गराई सक्नुपर्नेछ अन्यथा संघको संशोधित विधान २०७९ को परिच्छेद-२ दफा ६ (क) बमोजिम वार्षिक साधारण सभामा सहभागि गराउन संघ बाध्य हुने छैन।
(३) माथि उल्लेखित छलफलका विषयहरु बाहेक अन्य विषयमा छलफल गर्नुपर्ने भएमा साधारणसभा हुनु ७ दिन अगावै सदस्य एजेन्सीहरुले संघको सचिवालयमा लिखित रुपमा प्रस्ताव दर्ता गराउनु पर्नेछ। तर उक्त प्रस्ताव कार्यसमितिको बैठकमा बहुमतबाट अनुमोदन भएमा मात्र छलफलका लागि साधारण सभामा लगिनेछ।
(४) निर्वाचन कार्यक्रम सम्वन्धी जानकारी साधारणसभा हुनु भन्दा ७ दिन अगाडि संघको सचिवालयमा प्रकाशित गरी सूचना पाटीमा टाँस गरिनेछ। साथै इमेल मार्फत सदस्य एजेन्सीहरुलाई जानकारी गराइनेछ।
(५) साधारणसभासम्वन्धी थप जानकारीको लागि नेपाल विज्ञापन संघको सचिवालयमा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई
रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०८/११

यस आयोजना कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपसिलमा उल्लेखित खरिद नम्बर र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यको लागि रीतपुर्वक EGP मार्फत दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भइ स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सरोकारवाला सबैको जानकारीको लागि जारी गरीएको छ।

सि. नं.	खरिद नं.	योजनाको नाम	स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मू.अ.कर बाहेक)
१.	DUDBC/FPIURupandehi/Works/NCB/01/080/81	Ring Road Sangam Path Samabesi Tol to Bahambaba Tol Road Upgradation Work at Sainamaina Municipality Ward No 1, Rupandehi.	Modern Construction, Butwal- 07, Rupandehi.	३७,१०,४६९.७२
२.	DUDBC/FPIURupandehi/Works/NCB/02/080/81	Road & Drain Upgradation Work with Smart light at Old Tharu Community Village Sainamaina Municipality- 4, Rupandehi	Modern Construction, Butwal- 07, Rupandehi	३८,४१,९९६.८४
३.	DUDBC/FPIURupandehi/Works/NCB/03/080/81	Malika Path Lokmarga Road & Drain Upgradation Work at Pragatisil Area Development Buddhanagar 5, Sainamaina Municipality Rupandehi	Modern Construction, Butwal- 07, Rupandehi	३७,९६,४८५.४४
४.	DUDBC/FPIURupandehi/Works/NCB/04/080/81	Gulmi Bhuwachidi Malika Swara Road Blacktop Work at Musikot Municipality Ward No 6, Gulmi	Resunga Infrastructure Pvt. Ltd Isma- 1, Gulmi	३८,०५,०८३.२२
५.	DUDBC/FPIURupandehi/Works/NCB/05/080/81	Gulmi District Chandrakot Rural municipality, Majuwa Town Management Work	Resunga Infrastructure Pvt. Ltd Isma- 1, Gulmi	२२,७५,०८०.०६
६.	DUDBC/FPIURupandehi/Works/NCB/06/080/81	Road Infrastructure for Settlement Development At Shantipur Chandrakot Rural muncipality, Arghabang Thulichaur Malika Rural Muncipality, Gulmi	S and B Construction, Malarani- 05, Arghakhanchi.	२९,८६,५४१.८९
७.	DUDBC/FPIURupandehi/Works/NCB/07/080/81	Gungagutunga-Koktabudi Sishne Road Blacktop and Upgrading At Chhatrakot Rural Municipality Ward No. 1, Gulmi.	Nava Utkristha Construction and Suppliers Pvt. Ltd. Kaligandaki- 04, Purtighat Gulmi.	६८,८१,६११.९४

आयोजना प्रमुख

भूकम्पपछि पुनर्निर्माणका चुनौती र अवसर

ध्वस्त घरहरूको पुनर्निर्माण पहिलो प्राथमिकतामा परे पनि बस्नै नमिल्ने गरी उच्च जोखिममा रहेका घरको पुनर्निर्माणको प्राथमिकता तय गर्नु चुनौतीपूर्ण छ



● एसपी ढकाल

अग्रलेख

रातहरू आउँछन् अनि जान्छन् । कतिपय रात यस्ता हुन्छन् जो कहिल्यै बिर्सन नसक्ने छाप छोडेर जान्छन् । मथिंगल हल्लाउँछन् । जिन्दगीभरको कमाइ र सपना क्षणभरमै माटोमा मिलाइदिन्छन् । सहारा र जिउने आधारविहीन बनाइदिन्छन् । त्यस्तै भएको छ, १७ कात्तिक, ०८० को रात पनि । जुन रात जाजरकोट रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गयो । सोही भूकम्पका कारण त्यहाँका बस्तीहरू उजाड छन् । गाउँहरू शोकमा छन् । बाँचेकाहरूको मन छियाछिया भएको छ । हृदय चिरा परेको छ । अपूरणीय क्षति भएको छ ।

भूकम्पले १५४ जनाको ज्यान लियो । ३६६ जना घाइते भए । २६ हजार ५५७ घरमा पूर्ण र ३५ हजार ४५५ घरमा आंशिक क्षति भएको प्रारम्भिक तथ्यांक छ । सार्वजनिक भौतिक संरचनासमेत तहसनहस भएका छन् । जाजरकोट, रुकुम (पश्चिम), सल्यानसहित आसपासका १३ जिल्ला यस भूकम्पबाट प्रभावित छन् ।

कहाँ चुक्यौं हामी ? : भूकम्प प्रकृतिको उपज हो । यसलाई न कसैले रोक्न सक्छ न कसैले छेक्न नै । भूकम्पप्रतिरोधी संरचना निर्माण गरेर मात्रै हुन सक्ने क्षतिलाई कम गर्ने हो । त्यतातिर हाम्रो ध्यान जान सकेन । त्यसले प्राथमिकता पाएन । समयमै ध्यान नदिने, अनि बिग्रेपछि पछुताउने हाम्रो प्रवृत्ति नै छ । यसपटक पनि त्यस्तै भयो । भूकम्पप्रतिरोधी घर बनाउनुपर्छ भन्ने मनन भयो, तर कार्यान्वयन भएन ।

बाजेका पालामा समेत भूकम्पप्रतिरोधी संरचना निर्माणको हेक्का थियो । तर, पछिल्लो पुस्ता थप गैरजिम्मेवार बन्दै गयो । भूकम्पप्रतिको सावधानीमा हेलचेक्रयाइँ भयो । जस्तो पायो त्यस्तै ढुंगा प्रयोग भयो । ताल नमिलेका ससाना ढुंगाको गारो बने । पुराना घरका बीचबीचमा लामो काठ राखिन्थ्यो । जसले टाइबिमको जस्तै काम गर्थ्यो । त्यस्ता घर अहिले पनि चर्केका छैनन् । चर्किहालेका भए पनि ती ढलेनन् । बस्नै नसक्ने गरी उच्च जोखिममा परेनन् । अहिले ढुंगा र माटो जोडाइका घरमा त्यस्तो काठ राख्न छोडिएको छ । जसले गर्दा घरहरू कमजोर भए ।

सँगैका दुई घरमध्ये एक घर ध्वस्त छ, अर्को घर सकुशल । यो हुँदै गर्दा दक्ष मिस्त्रीको सीपले पनि सम्बन्ध राखेको छ । घर ठड्याउने कुरालाई मात्र महत्त्व दिइयो । संरचना बलियो कसरी बनाउन सकिन्छ भन्ने सन्दर्भले स्थान पाउन सकेन । हामीले प्राविधिक ज्ञान र सीपलाई प्रश्रय दिन सकेनौं । न त परम्परागत सीपलाई नै पूर्ण अँगाल्न सकेका छौं न त नवीन प्राविधिक ज्ञान सीप नै हाम्रा प्राथमिकतामा परेका छन् ।

नयाँ घर बनाउँदा नक्सा पास गर्नुपर्ने अनिवार्य व्यवस्था छ । तर, त्यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । नक्सा पासलाई बोझ र झन्झटका रूपमा बुझ्ने प्रवृत्ति छ । स्थानीय तहले कर असुल्न गरेको व्यवस्था भनेर गलत टिप्पणी हुने गरेको छ । त्यसलाई स्थानीय तहले पनि कडाइपूर्वक कार्यान्वयन गर्न नसकेको अवस्था छ । जसले गर्दा प्राविधिक निगरानी, निर्देशन र समन्वयको पाटो कमजोर हुन पुग्यो । परिणामतः हाम्रा संरचना पनि कमजोर बने ।

रुकुम (पश्चिम) र आसपासका क्षेत्रका घरहरू ढुंगा र माटोको जोडाइबाट बनेका छन् । त्यसमा थप छानोसमेत ढुंगाले बनाएको पाइन्छ । जति छानोको भार बढ्छ त्यति भित्तालाई थेग्न गाह्रो हुने हो । तलामाथि तला थप्ने प्रवृत्तिले भूकम्पको कम्पन्न थेग्न नसक्दा जोखिम निम्तिएको देखिन्छ ।

आँखाले देख्दा र नभोगदासम्म नपत्याउने प्रवृत्ति छ । भूकम्प जाने कुरा त निश्चितजस्तै छ । तर, हामीले पत्याएनौं । सचेत र सजग बन्नुपर्नेमा पूर्णतः बेवास्ता गर्‍यौं । जसले बलियो संरचनाभन्दा पनि छोटो समयमा आकर्षक रूपरङका झिल्के संरचना खोज्यौं । जसले गर्दा हाम्रा अधिकांश भौतिक संरचना कमजोर बने ।

चुनौतीहरू : चिसो मौसम छ । पीडितहरूको त्रिपालमुनिको वास छ । आकाशबाट पानी पर्ने सम्भावना पनि उत्तिकै छ । न त पर्याप्त न्यायो कपडाको जोहो नै भएको छ । घर बनाउने कुरा बजारमा सामान खरिद गरेजस्तो सजिलो छैन । यसले निश्चित प्रक्रिया र समय लिन्छ नै । गाउँमा प्रायः घर पुनर्निर्माण गर्नुपर्ने अवस्था छ । जसले पर्याप्त श्रमिक र दक्ष जनशक्तिको अभाव हुने देखिन्छ ।

ढुंगा र माटोको जोडाइबाट निर्माण भएका घर छन् । ध्वस्त घर त पुनर्निर्माण गर्नुपर्ने नै भइहाल्यो । चर्केका घर मर्मत गरेर बस्ने अवस्था देखिँदैन । ९५ प्रतिशतभन्दा बढी घर पुनर्निर्माण नै गर्नुपर्ने अवस्था छ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था मुख्य चुनौती बनेको छ ।

त्रिपालमुनिको वासले हिउँद काट्न सम्भव छैन । यसको समाधान घरको पुनर्निर्माण कार्यलाई यथाशीघ्र कार्यान्वयनबाट मात्र सम्भव छ । झन्झटिलो र आरामदायी प्रक्रियामुखीभन्दा संक्षिप्त कार्यविधि आवश्यक छ । पुनर्निर्माणलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने र छिटोभन्दा छिटो घर निर्माण गर्ने चुनौती रहेको छ ।

ध्वस्त घरहरूको पुनर्निर्माण पहिलो प्राथमिकतामा पर्ने भइनैहाल्यो । चर्केर बस्न नमिल्ने घरहरू जो उच्च जोखिममा छन्, तिनको पुनर्निर्माणको प्राथमिकता कसरी तय गर्ने भन्ने चुनौती रहेको छ । एकै प्रकृतिका धेरै घर छन् । एकै चरणमा सबै घर पुनर्निर्माण गर्न नसक्ने अवस्था रहेमा प्राथमिकतामा विवाद सिर्जना हुने देखिन्छ । त्यसका लागि निश्चित मापदण्ड र आधार आवश्यक छ ।

आर्थिक अवस्था कमजोर भएका दुईभन्दा बढी परिवार एउटै घरमा बसेको अवस्था थियो । कैयौं घर भत्किएका छन्, कैयौं चर्किएका छन् । ती परिवारका लागि एउटै घर निर्माण गर्ने वा छुट्टाछुट्टै गर्ने भन्ने सवाल पनि रहेको छ । यसले गर्दा जनगणनामा भएको घरधुरीभन्दा निर्माण गर्नुपर्ने संख्या बढ्ने देखिन्छ ।

भूकम्पपीडित सबै परिवारको आफ्नै स्वामित्वको जग्गा छैन । कतिपयले व्यावहारिक रूपमा मात्रै घर बनाएर बसेको अवस्था थियो । जग्गाको आफ्नै स्वामित्व नभएका त्यस्ता परिवारलाई कसरी सम्बोधन गर्ने भन्ने सवाल पनि महत्त्वपूर्ण देखिन्छ ।

> भूकम्पअघि व्यक्तिको आर्थिक हैसियतसँग घरको आकार, प्रकार र उचाइ जोडिन्थ्यो । अब प्रायः एकै प्रकारका घर बन्नेछन् । सबैको हैसियत समान देखिनेछ । एकै रङ, आकारप्रकार र उचाइका घर बन्नेछन् ।

कतिपय अर्काको घरमा बस्दै आएका थिए । यसरी आफ्नो नाममा घर या जग्गा केही पनि नभएका परिवार पनि बिचल्लीमा परेका छन् ।

भूकम्पीय जोखिम मात्रै विपत् होइन । पहाडमा पहिरोको पनि उत्तिकै जोखिम छ । कतिपय परिवारको हाल बसोवासको स्थान पहिरोको जोखिमा छ । त्यस्ता परिवारको अर्को वडा वा पालिकामा आफ्नो स्वामित्वको जग्गा हुन पनि सक्छ । पुनर्निर्माणका क्रममा अर्को स्थानमा घरनिर्माण गर्न पाउने वा नपाउने भन्ने अन्योल अन्त्य गर्न स्पष्ट सम्बोधन जरुरी छ ।

अवसरहरू : विपत्सँगै पुनर्निर्माणको अवसर पनि रहेको हुन्छ । जोखिमयुक्त बस्ती स्थानान्तरणको अवसर पनि भूकम्पपछिको पुनर्निर्माणले प्राप्त गरेको छ । विशेष गरी पहिरोको जोखिमयुक्त क्षेत्रलाई सुरक्षित स्थानमा सार्न सकिन्छ । ०७२ सालमा गोरखा भूकम्पको पुनर्निर्माणको अनुभव कार्यान्वयनको अवसर पनि रहेको छ । पुनर्निर्माणमार्फत एकैपटक भूकम्पप्रतिरोधी घरनिर्माण गर्न सकिने अवस्था बनेको छ ।

भूकम्पअघि कुनै घर साना र कुनै घर ठूला देखिन्थे । आर्थिक हैसियतसँग घरको आकार, प्रकार र उचाइ जोडिन्थ्यो । अब प्रायः एकैप्रकारका घर बन्नेछन् । सबैको हैसियत समान देखिनेछ । एकै रङ, आकार र उचाइका घर बन्नेछन् । एकीकृत बस्ती विकासको सम्भावना बढेको छ ।

सबैको ध्यान र प्राथमिकता व्यक्तिगत कामकाजमा छ । सहयोग, सहकार्य र सद्भाव हराएको आभास थियो । तर, सुख-दुःखमा छिमेकी र मानवताको अनुभूति दिलाउने अवसर पैदा भएको छ । उद्धार, राहत र पुनर्निर्माणले आत्मीयता बढाएको छ । हार्दिकता कायम गरेको छ । सामाजिक उत्तरदायित्व र जिम्मेवारी प्रवर्द्धन भएको छ ।

भूकम्पपीडितको उद्धार, राहत र पुनर्निर्माणका लागि सरकारले आफ्नो भूमिका सशक्त बनाएको छ । यसले राष्ट्रियता बलियो हुन्छ । नागरिकतामा आशा, विश्वास र भरोसा पैदा गरेको छ । सरकार र राजनीतिक दलले उपस्थिति जनाउने र जनताको समर्थन प्राप्त गर्ने यो महत्त्वपूर्ण अवसर हो ।

भूकम्पपीडितको सहयोगका लागि सरकार र राजनीतिक दलहरू सँगसँगै उभिएका छन् । आपसी सहयोग सहकार्य र जनताको प्राथमिकतालाई सम्बोधन गर्न एकाकार हुनुपर्ने अवस्था सिर्जना भएको छ । यसले दलहरूप्रतिको विश्वास उचो बनेको छ । दलगत स्वार्थबाट माथि उठेको आभास मिलेको छ । राजनीति सेवा रहेछ भन्ने आभास दिलाउन मद्दत पुगेको छ ।

अन्त्यमा : भूकम्प जुनसुकै वेला पनि आउन सक्छ भन्ने हामी सबैलाई थाहा छ । भूकम्पीय जोखिमका दृष्टिले नेपाल विश्वको ११औं स्थानमा छ भन्ने हेक्का पनि नभएको होइन । तर, संरचना निर्माणमा हाम्रो लापरबाही छ । गैरजिम्मेवारपना छ । संवेदनशीलतालाई नजरआन्दाज गर्ने प्रवृत्ति छ । भूकम्प आफैंले क्षति गर्दैन । क्षति पुग्ने भनेको हाम्रो कमजोर संरचनाले हो । भूकम्पपीडितका लागि मलम लगाउन शीघ्र पुनर्निर्माणमा जुट्न आवश्यक छ । नागरिकलाई सुरक्षित आवासभित्र बस्ने अवस्था सुनिश्चित गर्न ढिला गर्नुहुँदैन । सरकारको नेतृत्वमा साधन-स्रोतको व्यवस्था र परिचालनको संयन्त्र शीघ्र क्रियाशील हुन जरुरी छ । ता कि अर्को कुनै राष्ट्रिय संकट र विषयले भूकम्पपीडितको समस्या समाधान गर्ने सन्दर्भ ओझेलमा नपरोस् ।

(ढकाल चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)का निमित्त प्रमुख प्रशासकीय अधिकृत हुन्)

३ प्रश्न

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का वरिष्ठ उपाध्यक्ष **मोहनकुमार डाँगी**लाई



१२ वर्षमा साढे २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने सरकारी लक्ष्य कस्तो लाग्यो ?

सरकारको यो लक्ष्य सुन्नमा निकै रमाइलो छ । तर, कार्यान्वयन तहमा हेर्ने हो भने शून्यको अवस्था छ । सरकारले आफ्नो लक्ष्य पूरा गर्न निजी क्षेत्रको समेत साथ र सहयोग रहने अपेक्षा गरेको छ । तर, उसैले ल्याएको विद्युत् विधेयक भने निजी क्षेत्रको 'फेवर'मा छैन । विधेयकले निजी क्षेत्रलाई झस्काएको छ । सरकारले उत्पादन भइसकेको बिजुली किन्न आनाकानी गरिरहेको छ । निजी क्षेत्रबाट लगानी आकर्षित गर्न उसले कुनै वातावरण बनाएको छैन । त्यसैले, सुन्दा कर्णप्रिय लाग्ने सरकारको यो लक्ष्य असम्भव नै नभए पनि सहज भने छैन ।

सरकारको लक्ष्य कार्यान्वयन र लगानी जुट्ने सम्भावना कति देख्नुहुन्छ ?

यसका लागि सरकारले उचित वातावरण निर्माण गर्न सक्नुपर्छ । वातावरण बनेमा संसारभरको पैसा आउन सक्छ । सरकारले नयाँ-नयाँ आयोजनाको पिपिए रोक्नु हुँदैन । वनको समस्या सहजीकरण गरिदिनुपर्नेमा उल्टो झनै कसिँदै गएको छ । हामीले यसबारे पटक-पटक भनेका छौं, तर सरकारले सुनेको छैन ।

भारतसित बिजुली किन्ने सम्झौतामा हस्ताक्षर हुन नसकिरहेको अवस्थामा उत्पादित बिजुलीको खपत कसरी होला ?

दुईवटा 'स्टेट'ले औपचारिक रूपमा बोलेको विषयमा पनि हस्ताक्षर हुन्छ, हुन्छ भन्दाभन्दै रोकिइरहेको छ । यो हस्ताक्षर किन हुन सकिरहेको छैन भन्नेबारे नेपाल विद्युत् प्राधिकरणको नेतृत्वले जवाफ दिन सक्नुपर्छ । बिजुलीमा दिनुपर्ने 'सब्सिडी' ग्यासमा दिएर बिजुलीको खपत कसरी बढ्ला र ?

प्रेरक प्रसंग

तीर्थयात्रापछि फर्सीको स्वाद

हाम्रो समाजमा तीर्थयात्राको निकै ठूलो महत्त्व छ । पहिले-पहिले यस्तो यात्रामा जान निकै कठिन थियो । अधिकांश तीर्थयात्रा पैदलै गर्नुपर्ने बाध्यता थियो । थोरै-थोरै यात्रापछि नै विश्राम गर्नुपर्ने हुन्थ्यो । अनेक प्रकारका मानिससित भेटघाट हुन्थ्यो । अनेक भाषा, विविध रीतिरिवाजको अनुभव लिन पाइन्थ्यो । विविधतामय समाज देख्न पाइन्थ्यो । अनेकौं कठिनाइसित पनि जुध्नुपर्ने हुन्थ्यो । धेरैअघि तीर्थयात्रामा निस्कन लागेका केही मानिस आफ्नो सहरका एक विख्यात सन्तकहाँ पुगे । उनीहरूले सन्तलाई पनि आफूहरूसँगै तीर्थयात्रामा जान अनुरोध गरे । सन्तले आफ्नो असमर्थता देखाउँदै उनीहरूलाई एउटा तीतो स्वादको फर्सी दिँदै भने- माफ गर्नुहोला, कामविशेषले गर्दा म हजुरहरूसँग यो तीर्थयात्रामा सरिक हुन सकिनँ । तपाईंहरू यो फर्सी लिएर जानुहोस् र जहाँ-जहाँ स्नान गर्नुहुनेछ, त्यहाँ-त्यहाँ यसलाई पनि स्नान गराइदिनुहोस् । तीर्थस्थलमा ईश्वरको दर्शन पनि गराइदिनुहोस् । र, फर्किँदा साथमै ल्याउनुहोस् । तीर्थयात्रीले सन्तको अनुरोध स्विकारेर फर्सी साथमा लिएर तीर्थयात्रामा निस्किए । उनीहरूले आफूले जहाँ-जहाँ स्नान गरे, त्यहाँ-त्यहाँ फर्सीलाई पनि स्नान गराइदिए । मन्दिरमा पनि दर्शन गराए । यस्तो गर्दागर्दै उनीहरूको तीर्थयात्रा पूरा भयो । सबै घर फर्किए । उनीहरूले सन्तको फर्सी सकुशल फिर्ता गरे । सन्तले सबै तीर्थयात्रीलाई धन्यवाद दिँदै अर्को दिन आफ्नो आश्रममा प्रीतिभोजका लागि सबैलाई आमन्त्रित गरे ।

सन्तको आमन्त्रण स्विकार्दै तीर्थयात्री भोलिपल्ट निर्धारित समयमा प्रीतिभोजका लागि सन्तको आश्रममा पुगे । सबैलाई श्रद्धापूर्वक भोजन अर्पण गरियो । भोजमा अन्य परिकारका साथमा तीर्थयात्रामा लगिएको फर्सीको तरकारी पनि सामेल थियो । सबै तीर्थयात्रीले भोजन सुरु गरे । फर्सीको तरकारी मुखमा हाल्नासाथ सबैले एकै स्वरमा भने- ओहो ! फर्सीको तरकारी त कस्तो तीतो रहेछ । सन्तले अचम्म मानेजस्तो गर्दै भने- हँ, फर्सीको तरकारी तीतो छ रे ! यो त त्यही तीर्थ स्नान र दर्शन गरेर आएको फर्सीको तरकारी हो । तीर्थाटनपूर्व त यो साँच्चै तीतो थियो । तर के तीर्थाटनपछि त्यो तीतो हराएनछ ? सन्तको प्रश्नले सबै तीर्थयात्रीका आँखा खुले । उनीहरूले मनको मैलो तथा विकार सफा नगरी तीर्थयात्रा गर्नुको कुनै अर्थ रहेनछ भन्ने बुझे ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

महत्त्वाकांक्षी लक्ष्य

सरकारले १२ वर्षमा २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने महत्त्वाकांक्षी लक्ष्य सार्वजनिक गरेको रहेछ । यो लक्ष्य असम्भव नभए पनि चुनौतीपूर्ण भने पक्कै छ । सरकारको यो महत्त्वाकांक्षी लक्ष्य पूरा गर्न सरकार, निजी क्षेत्र र जनता सबै इमानदार भई लाग्ने हो भने पूरा नहोला भन्न सकिन्न । विद्युत् आयोजना निर्माण गर्दा सर्वसाधारणलाई सेयर जारी गरी आवश्यक लगानी जुटाउन सकिन्छ । यसका लागि एनआरएनएलाई पनि लगानी गर्न सहज हुने नीति ल्याई आकर्षित गर्न सके अवश्यै पनि आवश्यक लगानी जुट्न सक्छ । तर, त्यसअघि उत्पादित बिजुलीको बजार भने खोज्न सक्नुपर्छ ।

● **भरत काफ्ले**, सानोठिमी, भक्तपुर

विद्युत् व्यापारको बजार खोज

सरकारले १२ वर्षमा २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य त सार्वजनिक गर्‍यो । तर, उत्पादित बिजुली स्वदेशभित्र कहाँ, कसरी र कति खपत हुन्छ र बचेको बिजुली कहाँ, कसरी र कति बिक्री हुन्छ भन्ने प्रस्ट रोडम्याप सार्वजनिक गर्न सकेको छैन । यदि खर्बौं लगानी गरी उत्पादन गरिएको बिजुली स्वदेशमा पर्याप्त खपत हुन सकेन र अन्तर्राष्ट्रिय बजारमा बिक्री पनि हुन सकेन भने के गर्ने ? त्यसैले, पहिले बिजुलीको बजार खोज ।

● **समृद्धि राई**
तीनचुली, काठमाडौं

समयमै सचेत बनौं

मैनबत्तीबाट सल्केको आगोबाट बर्दियामा तीन बालबालिकासहित चारको मृत्यु भएको समाचार पढ्दा साह्रै दुःख लाग्यो । सामान्य सचेतता अपनाउन नसक्दा यस्ता अप्रिय समाचार नपढी, नसुनी धरै नपाइने भयो । उता उदयपुरमा स्कुल बस दुर्घटना हुँदा तीनको मृत्यु र ३९ जना घाइते भएको समाचार पढ्नुपर्‍यो । बस तीव्र गतिमा हाँकेकाले दुर्घटना भएको भन्ने समाचार पढ्दा अधिकांश दुर्घटना हाम्रै मानवीय कमीकमजोरी र असावधानीका कारण भइरहेका देखिन्छन् । त्यसैले, समयमै सचेत बनौं ।

● **पुष्प परियार**
गौशाला, काठमाडौं

सरकारको एक वर्ष

गठबन्धन सरकार गठन भएको एक वर्ष बित्यो । तर, सरकारले खासै जनमुखी काम गर्न सकेको देखिन्न । संख्यात्मक हिसाबले संसद्को तेस्रो दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले प्रधानमन्त्री पद सम्हालेका दिन भनेका थिए- यो मेरो अन्तिम प्रधानमन्त्रीत्वकाल हो, म जनताले महसुस गर्ने गरी काम गर्छु । तर, उनको बोली र गराइमा अन्तर देखियो । प्रधानमन्त्री भन्दै छन्- देशमा सुशासन कायम भयो । देशमा सुशासनचाहिँ कहाँ कायम भयो खोइ ?

सरकार भनेको अभिभावक हो । उसले जनताको आवाज सुन्नुपर्छ । संसद्मा सांसदले बोलेको नसुन्ने सरकारले बाटामा जनताले बोलेको के सुन्ला ? यो एक वर्षको अवधिमा भन्नैपर्दा जनताको अवस्थाप्रति सरकारको खासै चासो रहेको पाइएन । देशको अर्थतन्त्र कमजोर छ । देश एसियाकै गरिब मुलुकमा सूचीकृत भएको छ । यसप्रति राजनीतिक दल कत्ति पनि चिन्तित भएका छैनन् । चिन्तित छन् त केबल कुर्सी कसैले हल्लाउला भन्नेमा मात्र ।

जाजरकोट र रुकुममा गएको भूकम्पमा परेर घरवारविहीन भएकाहरू सरकारको मुख हेरेर कहिले राहत आउला भनेर कुरी बसेका छन् । सरकार राजधानीमा बसेर सफलताको भाषण दिन्छ । पीडित जनताले राहत नपाउने हो भने त्यस्तो सरकार हामीलाई किन चाहियो ? यो चिसोमा सामान्य त्रिपालमुनि रात काट्न बाध्य पीडितमध्ये कैयौंले चिसोकै कारण ज्यान गुमाइसके । केटाकेटी, बूढाबूढी र सुत्केरीको जीवन साह्रै कष्टकर भइरहेको छ । यसतर्फ केही नगर्ने सरकार कसरी सफल भयो भन्ने खै ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

भन्सारदर घटाउनु अमेरिकाका लागि फाइदाजनक

अमेरिकाले ट्रम्पकालीन भन्सारदर यथावत् राख्दा अन्तर्राष्ट्रिय व्यापार प्रणाली कमजोर हुन्छ र मुलुकका घरधुरी र फर्मलाई क्षति पुग्छ



देश / विदेश

● स्याङ-जिन वे

सान फ्रान्सिस्कोमा हालै सम्पन्न शिखर सम्मेलनमा अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच केही महत्त्वपूर्ण विषयमा सहमति भएका थिए । विशेषतः दुई मुलुक परस्पर सैन्य सञ्चार पुनः सञ्चालन गर्न सहमत भएका छन् । यसले आकस्मिक द्वन्द्वको सम्भावनालाई कम गर्नेछ । यसबाहेक चीनले विशिष्ट रसायन निर्यातमा प्रतिबन्ध लगाउन थप कदम चाल्ने प्रतिबद्धता जनाएको छ । यी विशिष्ट रसायनमा फेन्टानिलको उत्पादन गर्न आवश्यक शक्तिशाली सिन्थेटिक ओपियोइड पर्छन् । स्मरण रहोस्, फेन्टानिललाई अमेरिकामा हुने मृत्युको प्रमुख कारण मानिएको छ । तर, यति हुँदाहुँदै पनि महत्त्वपूर्ण मानिएको भन्सारदरको मामिलामा भने प्रगति देखिएको छैन ।

सन् २०१८ मा तत्कालीन ट्रम्प प्रशासनका वेला चीनबाट आयातमा हुने भन्सारदरमा उल्लेखनीय वृद्धि गरिएको थियो । अर्थात् भन्सारदर ३ प्रतिशतबाट २१ प्रतिशतमाथि पुऱ्याइएको थियो । यसअघि अमेरिकामा यो स्तरको भन्सारदर दोस्रो विश्वयुद्धका समयमा मात्रै थियो । यस कदमले व्यापार नीतिमा महत्त्वपूर्ण परिवर्तनलाई प्रतिनिधित्व गऱ्यो जसले आर्थिक मुद्दा र दुई राष्ट्रबीचको व्यापार असन्तुलनलाई सम्बोधन गर्ने आक्रामक दृष्टिकोण झल्काउँछ । नतिजा चीनले पनि प्रतिशोध साँध्यो, जहाँ ८ प्रतिशत भन्सारदरलाई १९ प्रतिशतमा पुऱ्याइयो । यसका साथै चीनले अन्य मुलुकका लागि भन्सारदर घटाउँदा चिनियाँ बजारमा अमेरिकी मालवस्तुले थप प्रतिस्पर्धा गर्नुपरेको थियो ।

सन् २०१९ को अन्त्यमा ट्रम्प र सीले 'फेज वान' सम्झौता गरे जसले भन्सारदरलाई स्थिर बनायो । यो सम्झौता बाध्यकारी प्रकृतिको थियो जसले अन्य साझेदारसँगको व्यापारिक सम्बन्धलाई कमजोर पार्दै चीनलाई अमेरिकाबाट आयात बढाउन बाध्य पार्ने खालको थियो । यसमा विश्व व्यापार संगठनद्वारा निर्धारित नियम उल्लंघन गर्ने रणनीति समावेश थिए । अन्ततः चीनले आफ्नो खरिद प्रतिबद्धता पूरा गर्न सकेन । जे भए पनि सन् २०२० मा विश्व व्यापार संगठनभित्रको एक प्यानलले ट्रम्प प्रशासनले लगाएको शुल्क संगठनका नियम पालना गर्ने अमेरिकाको कानुनी जिम्मेवारीसँग नमिलेको ठहर गऱ्यो ।

भन्सारदर यथावत् राख्ने अमेरिकी आग्रहले नियममा आधारित अन्तर्राष्ट्रिय व्यापार प्रणालीलाई कमजोर मात्रै नबनाई दुवै मुलुकका घरधुरी र फर्मलाई क्षति पनि पुऱ्याउँछ । ट्रम्पको भन्सारदर वृद्धिभन्दा एक वर्षअगाडि सन् २०१७ मा अमेरिकामा पाँच खर्ब ६ अर्ब डलरबराबरको आयात चीनबाट भएको थियो जुन कुल आयातको करिब २२ प्रतिशत हो । यस मामिलामा भएका प्रत्येक गम्भीर अध्ययनले भन्सारदरबाट बढेको शुल्कको लागत अमेरिकी उपभोक्ताको थाप्लोमा परेको थियो । ट्रम्पले लागू गरेका भन्सारदर हटाउँदा अमेरिकाको घरायसी उपभोग लागत करिब ०.५ प्रतिशतले घट्नेछ किनभने आयातीत सामानले घरायसी उपभोग लागत करिब १२ प्रतिशत पुगेको छ ।

यति मात्रै होइन, चीनको करिब ४० प्रतिशत निर्यात पार्ट्स, कम्पोनेन्ट्स र कच्चा पदार्थ पर्छन्, तसर्थ ट्रम्पकालीन भन्सारदर हटाउँदा अमेरिकी सेवाप्रदायक एवं उत्पादनकर्ताको खर्च पनि घट्न सक्छ । नतिजा, अमेरिकी उत्पादन र सेवा उपभोगमा आमअमेरिकीको खर्च घट्नेछ ।

यसका अतिरिक्त अप्रत्यक्ष प्रभाव पनि छन् । चिनियाँ आयात सस्तो हुँदा अन्य उत्पादकका लागि



तस्बिर : ब्रेन्डन स्माइलोस्की

प्रतिस्पर्धात्मक दबाब पनि बढ्नेछ जसले मेक्सिको, भारत, भियतनाम र अमेरिकासमेतको उत्पादनलाई सस्तो बनाउनेछ । यी सबै कारकलाई एक ठाउँमा ल्याउने हो भने आमअमेरिकीको जीविका लागत करिब १ प्रतिशतले घट्नेछ । अर्को भाषामा भन्ने हो भने, अमेरिकी घरधुरीको वार्षिक आय दुई खर्ब ५० अर्ब डलरले बढ्नेछ जुन सन् २०२२ मा अमेरिकाको कुल गार्हस्थ्य उत्पादनको १ प्रतिशतबराबर हो ।

ट्रम्पकालीन भन्सारदर हटाउँदा अमेरिकी फर्मलाई पनि लाभ हुनेछ । अमेरिकी मालवस्तुमा चीनले बढाउने भन्सारदर जहिल्यै प्रतिशोधका रूपमा आउने गर्छ, तसर्थ त्यसलाई हटाउँदा चीनले पनि आफ्नातर्फबाट गरेको भन्सार वृद्धि घटाउने सम्भावना धेरै हुन्छ । यसले चीनमा अमेरिकी मालवस्तुको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि ल्याउनेछ, अर्थात् रोजगारीमा वृद्धि हुनेछ । त्यसैगरी, अमेरिकी निर्यातकर्ता मात्रै नभई तिनका कच्चा पदार्थ आपूर्तिकर्तालाई समेत लाभ हुनेछ । रोजगारी र आयमा हुने यो वृद्धिले अमेरिकी मतदातालाई सघाउनेछ र यसलाई बाइडेनले राजनीतिक रूपमा प्रयोग पनि गर्न सक्छन् । हालैको एक मत सर्वेक्षणमा १४ प्रतिशत अमेरिकी मतदाता मात्रैले बाइडेन राष्ट्रपति भएपछि आफ्नो आर्थिक स्थिति राम्रो भएको जनाएका छन् । र, करिब ७० प्रतिशतले बाइडेनको नीतिले अमेरिकी अर्थतन्त्र थप बिग्रेको वा कुनै परिवर्तन नभएको जनाएका छन् । यीमध्ये करिब आधा मतदाताले बाइडेन आएपछि अमेरिकी अर्थतन्त्रले 'निकै' चोट खेपेको जनाएका छन् ।

रिपब्लिकन पार्टीका अधिकांश मतदाता बाइडेनको नीति मन पराउँदैनन् र आधाभन्दा कम डेमोक्र्याटले मात्रै बाइडेनको नीतिले अर्थतन्त्रलाई उकासेको ठान्छन् । यो आँकडा राष्ट्रपतिका लागि खतराको घन्टी हुनुपर्छ । बाइडेन अर्को वर्ष निकै विवादास्पद चुनावको सामना गर्दै छन् । सो चुनावमा जीविकाको लागत मतदाताको प्रमुख आर्थिक चासो हुनेछ ।

चासो नदिनुका पछाडि बाइडेन रिपब्लिकनलाई आफू चीनप्रति नरम भएको देखाउन चाँहदैनन् । तथापि, उनले आमअमेरिकीलाई ट्रम्पकालीन भन्सारदर हटाउँदा अमेरिकी घरधुरी र व्यवसायलाई लाभ हुन्छ भनेर मनाउन सक्नुपर्छ । यदि यसो गर्न सकिँदैन भने त्यो बाइडेनको नेतृत्वको असफलता ठहरिनेछ ।

(स्याङ-जिन एसियाली विकास बैंकका पूर्वप्रमुख अर्थशास्त्री हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com


चीन–भुटान सीमाविवाद सल्टाउन खोज्दा भारत किन चिन्तित ?

चीनले जतिसक्दो चाँडो सीमावार्ता पूरा गर्न र भुटानसँग औपचारिक सम्बन्ध स्थापना गर्न बेइजिङ तयार रहेको बताउँदै आएको छ

चिनियाँ कूटनीतिज्ञहरूले दक्षिण एसियामा एकपछि अर्को कठिनाइ सामना गर्नुपऱ्यो । सन् २०२० मा सीमा क्षेत्रमा भएको हिंसात्मक झडपपछि भारतसँगको सम्बन्ध चिसियो । ऋणको समस्या, राजनीतिक अस्थिरता र चिनियाँ नागरिकमाथि उग्रवादी समूहको आक्रमणले पाकिस्तानसँगको 'फलामे' मित्रतामा पनि तनाव देखिएको छ । श्रीलंकामा ऋण संकटबाट सुरु भएको ठूलो अशान्तिले चीन पक्षधर राष्ट्रपति सत्ताच्युत हुन पुगे । उता बंगलादेशले चीनको 'बेल्ट एन्ड रोड इनिसिएटिभ(बिआरआई)'सँग जोडिएका कैयौं पूर्वाधार परियोजना रोकेको छ ।

ओखरवासदेखि उनपाटासम्म सडकको जिम्मा लिएको काष्ठमण्डप एनएस बिल्डर्स जेबीले तोकिएको समयमा काम सकेको छैन । हालसम्म १० प्रतिशत मात्र काम भएको सडक डिभिजनले जानकारी दिएको छ । पाँच करोडको ठेक्का लागत अनुमान गरिए पनि निर्माण कम्पनीले दुई करोड ५३ लाखमा घटेर काम लिएको थियो । उनीपाटादेखि महाबुसम्म कामको जिम्मा लिएको आजीवन जिटिएनएस जेभी सुर्खेतले लिएको कामको जिम्मा पनि सन्तोषजनक हुन सकेको छैन । ७ करोड ९६ लाखमा ठेक्का सम्झौता गरिएको भए पनि भनेबमोजिम काम हुन नसकेपछि सडक डिभिजन सुर्खेतले ताकेता गरिरहेको छ । महाबु खण्डका धेरैजसो स्थानमा कडा चट्टान र वन क्षेत्रमा स्थानीयको अवरोधले काम गर्न नसकिएको निर्माण कम्पनीले जानकारी दिएको छ ।

सडक डिभिजन सुर्खेतका निमित्त प्रमुख खुमबहादुर भण्डारीले कतिपय सडकखण्डमा बजार र बस्ती परेको, कतिपय स्थानहरूमा खानेपानीको पाइप व्यवस्थापनमा चुनौती देखिएको, केही वन क्षेत्रमा समस्या भएको भन्दै निर्माण कम्पनीहरूले निवेदन दिएको बताउँदै रणनीतिक महत्त्वको सडकको काममा सहजीकरण गरिदिन स्थानीय प्रशासन, पालिका प्रमुखहरूले महत्त्वपूर्ण भूमिका खेल्न सके छिटो-छरितो काम हुने बताएका छन् । कार्यालयको तर्फबाट बारम्बार ताकेता गरेका छौं, काम नगरेका निर्माण कम्पनीलाई कालोसूचीमा राख्नेसम्मको चेतावनी दिएर पत्राचार गरेको भण्डारीले जानकारी दिएका छन् ।

भुल-सुधार

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बीरगंज तथा ड्राईपोर्ट, पर्साको मिति २०८०/०४/२५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित भएको ३५ दिने सुचनामा व्यक्तिगत जमानीकर्ताहरुको विवरण ग्नपत साह सोनारको नातिनी, जगरनाथ साह सोनारको छोरी, विश्वनाथ साह सोनारको बुहारी, जोगिन्दर साह सोनारको पत्नी, बारा जिल्ला, नरही गा.बि.स वडा नं. ६ स्थायी ठेगाना भई बिरगंज म.न..पा. वडा नं. १६, बस्ने बचिच देवी सोनारिन (ना.प्र.नं. १०८९), जारी मिति २०५५/०९/२२, जिल्ला प्रशासन कार्यालय बारा) छुट्न गएकोले भुल-सुधार गरिएको छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय वीरगन्ज, पर्सा फोन नं. ०५१-५२५८१३
शाखा कार्यालय ड्राईपोर्ट, पर्सा फोन नं. ०५१-५९००२२

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ११ मंसिर ०८०

९ र १० वैशाखमा लगानी सम्मेलन हुँदै
मध्यपूर्वी देशहरूलाई प्राथमिकतामा राख्न निजी क्षेत्रको सुझाव

पवन तिमिल्सिना / नयाँ पत्रिका

आगामी ९ र १० वैशाखमा सरकारले तेस्रो लगानी सम्मेलन आयोजना गर्दै छ। २३ कात्तिकको मन्त्रिपरिषद् बैठकले लगानी सम्मेलनको आवश्यक तयारी गर्ने निर्णय गरेको अर्थमन्त्री प्रकाशशरण महतले जानकारी दिए। लगानी सम्मेलन विदेशी लगानीमा मात्रै केन्द्रित नभएर स्वदेशी, गैरआवासीय नेपाली (एनआरएनए)लाई पनि लक्षित गर्न खोजिएको उनको भनाइ छ। उनले भने, 'यसपटक विगतमा जस्तो औपचारिकताभन्दा पनि वास्तविक लगानीकर्तालाई आकर्षित गर्नेछौं। सम्मेलन आयोजना हुनुअघि सम्भावित लगानीकर्तासँग दुईपक्षीय बैठक गर्नेछौं।'

सम्मेलनमा धेरैजनालाई सहभागी गराउनेभन्दा पनि सम्भावित लगानीकर्तालाई समेट्ने योजना रहेको मन्त्री डा. महतले बताए। उनले भने, 'सरकारले दुईपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा) कार्यान्वयन गर्दै विदेशी लगानीलाई संरक्षण गर्न चाहेको छ। यसपटक सम्मेलनकै लागि सम्मेलन हुँदैन। यसको उद्देश्य सक्षम लगानीकर्तासमक्ष प्रस्ताव राख्ने, त्यस्तो लगानीकर्ताको लगानी सुनिश्चित गर्ने तथा लगानी प्रतिबद्धतालाई अनुगमन (फलोअप) गर्ने र रियलाइजेसन गर्ने हो।'

लगानी सम्मेलनका लागि आवश्यक कानुनी सुधार, प्राविधिक विषय, लगानीकर्तालाई सम्मेलनबारे जानकारी दिनेलगायतका काम कार्यान्वयन समिति र प्राविधिक समितिमार्फत गरिनेछ। लगानी सम्मेलनमा कुन आयोजना 'सोकेस'मा लैजाने भन्नेबारे पनि तयारी गर्न अर्थमन्त्री डा. महतले निर्देशन दिए।

■ यस्तो छ तयारी

सम्मेलनको तयारीका लागि अर्थमन्त्री डा. प्रकाशशरण महतको संयोजकत्वमा निर्देशक समितिको पहिलो बैठक आइतबार बसेको छ। परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, उद्योग, वाणिज्य तथा आपूर्ति, संघीय मामिला तथा सामान्य प्रशासन, कृषि तथा पशुपक्षी विकास र सहरी विकास मन्त्रालयका मन्त्रीहरू सदस्य रहने व्यवस्था छ। यसमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्यसचिव, नेपाल राष्ट्र बैंकका गभर्नरसमेत सदस्य रहने अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले जानकारी दिए। त्यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्तिका सचिव सदस्य छन्। निजी क्षेत्रको प्रतिनिधित्व रहने गरी नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका अध्यक्षसमेत सदस्य छन्। लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सदस्य सचिव छन्। त्यसबाहेक उद्योग वाणिज्य तथा आपूर्ति सचिवको संयोजकत्वमा प्राविधिक समिति गठन भएको छ। यसमा मन्त्रालयका सहसचिवस्तरका अधिकारीहरू सदस्य छन् भने राष्ट्र बैंकका कार्यकारी निर्देशक पनि सदस्य रहने उल्लेख छ। त्यसबाहेक लगानी बोर्डका सहसचिव यो समितिका सदस्य सचिव रहने व्यवस्था छ।

■ चार महिनाको अवधि अपर्याप्त : गभर्नर

लगानी सम्मेलन आयोजनाका लागि चार महिनाको अवधि अपर्याप्त रहेको राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बताए। यसअघि लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत भइसकेका अधिकारीले आफ्नो अनुभव बताउँदै सम्मेलनका लागि समय अपुग हुने बताए। उनले भने, 'मेरो अनुभवलाई हेर्ने हो भने यो समय निकै कम हो। ऊर्जा क्षेत्रमा अध्ययन भएका थुप्रै परियोजना छन्। तर, अन्य क्षेत्रमा अध्ययन भएका छैनन्। निर्धारित समयमै सम्मेलन गर्ने हो भने अब मिनेट-मिनेटको सदुपयोग गर्नुपर्ने हुन्छ, घन्टाको त परको कुरा हो।'

नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्माले पनि तयारीका लागि समय कम भएकाले समय खेर नफाली पूर्वतयारीका क्रियाकलाप अघि बढाउनुपर्ने बताए। समय अपर्याप्त हुने देखिएमा मिति फेरबदलसमेत हुन सक्ने अर्थमन्त्री महतले बताए। उनले भने, 'सरकारले गर्ने समन्वय लगानी बोर्डमार्फत होस्, राम्रो कन्सल्ट्यान्टलाई हायर गरेर राम्रो रिपोर्ट बनाऔं, जुन विश्वव्यापी मान्यता दिने खालको होस्।

■ विगतका लगानी सम्मेलनको समीक्षा

विगतका लगानी सम्मेलनको समीक्षा गर्नुपर्ने राष्ट्रिय योजना आयोगका सदस्य रामकुमार फुँयालले बताए। आयोगले पनि अध्ययन गरेको र त्यसलाई आधार मानेर कुनै देशलाई केन्द्रित गर्नुभन्दा आवश्यकतामा जोड दिनुपर्ने उनले बताए। लगानी सम्मेलनको इतिहास कमजोर रहेको उनको भनाइ थियो। लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत राधेश पन्तले विगतका लगानी सम्मेलनमा घोषणा गरिएका सुविधा तथा कार्यक्रमहरूको कार्यान्वयनमा जोड दिनुपर्ने बताए। उनले भने, 'विगतमा गरिएका लगानी सम्मेलनमा घोषणा भएका हेजिङ र सोभरियन कन्ट्री रेटिङलाई कार्यान्वयनमा ल्याउनुपर्ने चुनौती छ। यसका लागि विगतका लगानी सम्मेलनको समीक्षा गर्नु आवश्यक छ।'

लगानी बोर्डका पूर्वअध्यक्ष पन्तले सम्मेलन परिणाम हुनुपर्नेमा जोड दिनुभयो।

■ मध्यपूर्वी देशहरूको लगानी आकर्षित गर्नुपर्ने निजी क्षेत्रको सुझाव

निजी क्षेत्रले लगानी सम्मेलनमा मध्यपूर्वी देशहरूको लगानीलाई विशेष प्राथमिकतामा राख्न सुझाव दिएका छन्। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले लगानी सम्मेलनमा भारत, चीन, अमेरिका, बेलायत बढी प्राथमिकतामा पर्ने भए पनि पछिल्लो समय मध्यपूर्वी देशहरू नेपालमा लगानी गर्न लालायित रहेको बताए। उनले भने, 'अहिले मिडल इस्टबाट विदेशी लगानीका थुप्रै चासो आउने गरेका छन्। यस्ता देशहरू हाम्रो प्राथमिकतामा पर्नुपर्छ।'

नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्माले विगतका लगानी सम्मेलनमा गरिएका वाचाहरू पूरा नभएको बताए। उनले लगानीकर्ता नेपालभन्दा अन्य बजारतिर गएका र यसमा भारतले सुधार गरिसकेको जानकारी दिए। उनले सम्मेलनअगाडि नै सुधार गर्नुपर्ने जग्गाको समस्या ठूलो भएको बताए।

नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष कमलेश अग्रवालले हाम्रो प्राकृतिक स्रोतलाई सदुपयोग गर्नेतर्फ केन्द्रित हुन जोड दिए। उनले कसरी लगानी भित्र्याउने भनेर चिन्ता भएका वेलामा लगानी सम्मेलन हुनु खुसीको कुरो भएको बताए। नेपालमा सन् २०१७ मा पहिलोपटक लगानी सम्मेलन आयोजना गरिएको थियो। बोर्डका अनुसार त्यतिवेला १३ अर्ब ७४ करोड अमेरिकी डलरको लगानीको आशय व्यक्त गरिएको थियो। जसको २५ प्रतिशत मात्रै लगानीका रूपमा आइसकेको उल्लेख छ। सन् २०१९ मा आयोजना गरिएको सम्मेलनमा ७० वटा लगानीका आवेदन प्राप्त भएका थिए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सुदूरपश्चिममा लगानी भित्र्याउन प्रदेशले माग्यो संघीय सरकारसँग सहयोग



धनगढीमा **तेजराज भट्ट**

आगामी फागुनमा लगानी तथा विकास सम्मेलन गर्ने तयारी गरिरहेको सुदूरपश्चिम प्रदेश सरकारले संघीय सरकारसँग सहयोग माग गरेको छ। मुख्यमन्त्री कमलबहादुर शाहसहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर सुदूरपश्चिममा लगानी भित्र्याउने वातावरण निर्माणका लागि सहयोग माग गरेका हुन्। भेटमा प्रदेशका आर्थिक मामिलामन्त्री नरेशबहादुर शाहीले सुदूरपश्चिममा निजी क्षेत्रको लगानी भित्र्याउन नीतिगत र अन्य क्षेत्रमा आवश्यक सहयोग गरिदिन आग्रह गरिएको बताए। उनले भने, 'प्रधानमन्त्रीले सकारात्मक जवाफ दिनुभएको छ।'

भेटमा मुख्यमन्त्री शाहले संघीय सरकारले केही नीतिगत व्यवस्था गरिदिए कृषि, उद्योगलगायत क्षेत्रमा लगानी गर्न चाहनेलाई जमिन, सडक, विद्युत, पानीलगायतको समस्या समाधान गर्न प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। मन्त्री शाहीका अनुसार सुदूरपश्चिममा लगानी गर्न चाहने ठूला लगानीकर्तालाई बैंकबाट सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने, निश्चित अवधिसम्म कर छुट दिनेलगायत नीतिगत व्यवस्था गरिदिन प्रदेशले संघीय सरकारसँग माग गरेको छ। 'यो प्रदेशको सन्दर्भमा संघीय सरकारले सहुलियतपूर्ण ऋण, कर छुटलगायत केही विशेष नीतिगत व्यवस्था गरिदिनुपर्‍यो भनेका छौं,' उनले भने, 'लगानीकर्तालाई प्रदेशका तर्फबाट गर्नुपर्ने सहयोग र सहजीकरणका लागि हामी तयार छौं।'

सुदूरपश्चिम प्रदेश सरकारले आगामी २३ र २४ फागुनमा प्रदेशको अस्थायी राजधानी धनगढीमा लगानी तथा विकास सम्मेलन गर्दै छ। प्रदेशमा निजी क्षेत्रको लगानी भित्र्याउन सम्मेलन महत्त्वपूर्ण हुने प्रदेश सरकारको अपेक्षा छ। सुदूरपश्चिमले गर्न लागेको लगानी सम्मेलनमा कसरी सहयोग गर्न सकिन्छ भनेर आगामी मन्त्रिपरिषद् बैठकबाट निर्णय गर्ने आश्वासनसमेत प्रधानमन्त्रीले दिएका छन्।

भेटमा सहभागी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले कैलालीको चिसापानीदेखि राजकाँडासम्म केबलकार निर्माणको शिलान्यास लगानी सम्मेलनका क्रममा गर्ने गरी आफूहरूले तयारी अगाडि बढाएको बताएका थिए। मुख्यमन्त्रीसहितको टोलीले शनिबार नै काठमाडौंमा अर्थमन्त्री प्रकाशशरण महतलाई समेत भेटेर लगानी सम्मेलनमा सहयोग माग गरेको छ।

जुम्ला विमानस्थल विस्तार गर्न जग्गा अधिग्रहण गरिँदै



जुम्लामा **मानदत्त रावल**

जुम्ला विमानस्थमा नयाँ टर्मिनल भवन बनाउन र धावनमार्ग विस्तार गर्न १८३ दशमलव ८० रोपनी जग्गा अधिग्रहण हुने भएको छ। जुम्ला नागरिक उड्डयन कार्यालयले जग्गा प्राप्तिका लागि प्रारम्भिक चरणको सार्वजनिक सूचना आइतबार प्रकाशित गरेको छ। ०७६ सालमा विमानस्थल विस्तारका लागि डिपिआर बने पनि हालसम्म बजेट विनियोजन नहुँदा जग्गा अधिग्रहणको काम हुन सकेको थिएन।

चालू आर्थिक वर्षमा टर्मिनल भवन निर्माणका लागि चार करोड ४२ लाख बजेटसमेत विनियोजन भएको छ। सो बजेटले जहाज पार्किङ गर्ने ठाउँ (अप्रोन) र अप्रोनदेखि जहाजसम्म जाने बाटो (ट्याक्सी वे)लगायतका संरचना निर्माण हुने जुम्ला विमानस्थल प्रमुख अधिकारीले बताए। उनले भने, 'यो बजेट जग्गा अधिग्रहणका लागि भने छुट्याइएको होइन। जग्गा अधिग्रहण नभए यो बजेट कार्यान्वयन हुने अवस्था छैन।'

जग्गा अधिग्रहण र मुआब्जा व्यवस्था तथा हवाई इन्धनको डिपो स्थापनाका लागि जुम्लाकी सांसद कान्तिका सेजुवालले निरन्तर पहलमा जुटेको बताइन्। उनले भनिन्, 'विमानस्थल विस्तारका लागि ०७६ सालमा डिपिआर बनेको थियो। जग्गा अधिग्रहणको मुआब्जाका लागि ४८ करोड चाहिने भए पनि सरकारले ५० लाख मात्रै विनियोजन गरेको उनले बताइन्। कार्यविधिनुसार एक चरणमा दुई करोडभन्दा बढी छुट्याउन नमिल्ने प्रक्रिया रहेछ। तर, विमानस्थल विस्तार र हवाई इन्धनको डिपो स्थापना गर्न जग्गा अधिग्रहण र बजेट व्यवस्थापन पहिलो प्राथामिकता रहेकोसमेत सांसद सेजुवालले बताइन्। जुम्लामा हवाई इन्धनको डिपो स्थापना भएपछि जुम्लाबाटै कर्णालीका अन्य जिल्लामा नियमित उडान छन्।

जग्गा अधिग्रहणका लागि बजेट व्यवस्थापन गर्नु फलामको चिउरा चपाउनुजतिकै भएकाले सबैको पहलकदमीको आवश्यकता देखिएको जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले बताए। उनले भने, 'चन्दननाथ नगरपालिका वडा नम्बर १ र २ का स्थानीयको जग्गा रहेको छ। यहाँका नागरिक विमानस्थल विस्तारका लागि जग्गा दिन तयार नै छन्। तर, लामो समयदेखि बजेटको व्यवस्थापन नहुँदा समस्या भएको हो।'

दसैं-तिहारलक्षित अनुगमनबाट एक करोड जरिवाना असुल

नयाँ पत्रिका

प्रमुख अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दसैं-तिहारमा गरेको विशेष अनुगमनबाट उपभोक्ता संरक्षण ऐन, ०७५ विपरीत कारोबार गर्ने व्यवसायीबाट एक करोड दुई लाख ५३ हजार जरिवाना असुल गरेको छ।

विभागका प्रवक्ता आनन्दराज पोखरेलका अनुसार दसैं-तिहारको समयमा दैनिक १० वटासम्म अनुगमन टोली उपत्यकामा खटिएका थिए। 'चाडपर्वलक्षित भनेर विभागको नेतृत्वमा असोज र कात्तिक महिनाभर दैनिक १० टोलीसम्मले अनुगमन भएको थियो,' प्रवक्ता पोखरेलले भने, 'त्यसक्रममा एक हजार ५४ फर्म-पसलमा अनुगमन भयो भने दुई सय ९७ फर्म-पसल कारबाहीको दायरामा आएका छन्।'

उनका अनुसार अनुगमन टोलीलाई असहयोग गर्ने, बिलबिजक जारी नगर्ने, दर्ता-नवीकरणको कागजात देखाउन नसक्ने, तोकिएभन्दा बढी मूल्य असुल्ने, मूल्यसूची टाँस नगर्नेलगायतका कैफियत धेरै भेटिएका छन्। 'उपभोक्ताहित प्रतिकूल व्यावसायिक कारोबार नगर्न हामीले समय-समयमा अपिल गरिरहेका छौं। अनुगमनका क्रममा निरीक्षण अधिकृतहरूले सम्झाउने काम भइरहेको छ,' उनले भने, 'तर, अटेर गर्ने प्रवृत्तिमा उस्तै छ। त्यसैले जरिवाना गरेर सुधारको प्रयास गरिरहेका छौं।'

विभागले सबैभन्दा बढी खाद्य वस्तु विक्रेतालाई विभिन्न कसुरमा सजाय गर्नेक्रममा ३२ लाख ४० हजार रुपैयाँ जरिवाना असुल गरेको छ। त्यस्तै, २७ किराना पसललाई ११ लाख १० हजार, होटेल-रेस्टुरेन्टलाई ६ लाख ३५ हजार, इलेक्ट्रोनिक्स पसललाई ६ लाख २१ हजार, कपडा पसललाई दुई लाख २२ हजार र माछामासु पसललाई एक लाख २० हजार रुपैयाँ जरिवाना तिराएको जनाएको छ।

त्यस्तै, प्रशोधित पानी उद्योगहरूलाई तीन लाख ५० हजार, मदिरा तथा सुर्तीजन्य पसललाई दुई लाख पाँच हजार, मिठाई पसललाई तीन लाख ७५ हजार र तरकारी तथा फलफूल पसललाई एक लाख ६५ हजार रुपैयाँ जरिवाना गरेको विभागले जनाएको छ।

विभागले दुई महिना अवधिमा दुई सय ५२ व्यवसायीलाई अनुगमनका क्रममा नभेटिएका दर्ता-नवीकरणको कागजातसहित उपस्थित हुन निर्देशन दिएको थियो।

■ धेरै जरिवाना गरिएको क्षेत्र

क्षेत्र	जरिवाना रकम
खाद्य वस्तु	३२ लाख ४० हजार
किराना पसल	११ लाख १० हजार
होटेल, रेस्टुरेन्ट	६ लाख ३५ हजार
इलेक्ट्रोनिक्स	६ लाख २१ हजार
मिठाई	३ लाख ७५ हजार
रेडिमेड कपडा	२ लाख २२ हजार

त्यस्तै, २७ पसलबाट अखाद्य वस्तु मिसावट र मिति सकिएका वस्तु जफत गरी नष्ट गरेको थियो। प्रवक्ता पोखरेलका अनुसार यो अवधिमा एक करोड ४२ हजार चार सय २९ रुपैयाँको वस्तु बजारबाट जफत गरी नष्ट गरेको थियो। त्यसमध्ये ९० लाख रुपैयाँभन्दा बढी मूल्यका विभिन्न ब्रान्डका मिति सकिएका बियर मात्रै नष्ट गरिएको थियो।

प्रवक्ता पोखरेलले मंसिर लागेयता भने दैनिक तीन-चार टोलीले नियमित रूपमा बजार अनुगमन गरिरहेको जानकारी दिए। विभागले वार्षिक तीन हजारभन्दा बढी फर्ममा अनुगमन गर्ने लक्ष्य राख्दै आएको छ। सोही लक्षित संख्या पुऱ्याउने गरी नियमित अनुगमन भइरहेको हो।

उपभोक्ता संरक्षण ऐन, ०७५ जारी गर्दा दोषी व्यवसायीलाई अधिकतम जरिवानाको व्यवस्था गरेर अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्ने लक्ष्य राखिएको थियो। ०७५ मा ऐन जारी भएपछि वार्षिक दुई करोड रुपैयाँभन्दा बढी जरिवाना असुल भए पनि बजार प्रणालीमा भने सुधार हुन सकेको छैन।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/११

यस फाइनान्सको शाखा कार्यालय जयमंगला, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ। तपाई ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

शाखा कार्यालय जयमंगला, चितवन

१. ऋणीको विवरण

नाम : बन्धु सिं दराई
बाबु : अइत राम दरै
बाजे : बिका दरै
ना.प्र.नं. : १६६०/०४४
मिति : २०५६/०८/२६, जि.प्र.का. चितवन
ठेगाना : रत्ननगर ८, चितवन
हाल : रत्ननगर न.पा. १०, चितवन।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : सुन्दर दरै
बाबु : गोविन्द दरै
पति : बन्धु सिं दराई
ससुरा : अइत राम दरै
ना.प्र.नं. : ८७२३/०६२
मिति : २०६२/०३/१६, जि.प्र.का. चितवन
ठेगाना : रत्ननगर ८, चितवन
हाल : रत्ननगर न.पा. १०, चितवन।

ख) नाम : विजय दरै
बाबु : अइत राम दरै
बाजे : बिका दरै
ना. प्र. नं. : ०४३१४८
मिति : २०६५/१०/२७, जि.प्र.का. चितवन
ठेगाना : रत्ननगर ८ , चितवन
हाल : रत्ननगर न.पा. १०, चितवन।

ग) नाम : सुर्य दरै
बाबु : अइत राम दरै
बाजे : बिका दरै
ना.प्र.नं. : ७४१०/०५८
मिति : २०५८/०८/१२, जि.प्र.का. चितवन
ठेगाना : रत्ननगर ८ , चितवन
हाल : रत्ननगर न.पा. १०, चितवन।

घ) नाम : अइत राम दरै
बाबु : बिका दरै
बाजे : गोरे दरै
ना.प्र.नं. : १६७८
मिति : २०४३/०२/१२, जि.प्र.का. चितवन
ठेगाना : पंचकन्या ६, चितवन
हाल : रत्ननगर न.पा. १०, चितवन।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय भरतपुर, चितवनमा अइत राम दरैको नाममा दर्ता कायम रहेको चितवन जिल्ला साविक पंचकन्या वडा नं - ६ क, हाल रत्ननगर न.पा. वडा नं. १० स्थित कित्ता नं ११८३, क्षेत्रफल ०-१-०-० (वि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु तथा लिगलगापात समेत।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

विज्ञापन व्यवसायी र सञ्चारमाध्यमलाई अप्ठ्यारो पार्ने कानुन बनेको भन्दै विज्ञापन संघ सर्वोच्चमा

नयाँ पत्रिका

सरकारले विज्ञापन क्षेत्रमा काम गर्ने व्यवसायी र आमसञ्चार माध्यमलाई अप्ठ्यारोमा पारेको भन्दै राष्ट्रिय विज्ञापन संघ नेपाल (नान)ले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ। संघले अधिवक्ता सबिन पोखेलमार्फत विज्ञापन बोर्डको रबैयाका कारण विज्ञापन व्यवसायीलाई काम गर्ने वातावरण बिथोल्न तथा अंकुश लगाउन खोजेको भन्दै शुक्रबार सर्वोच्चमा मुद्दा दायर गरेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सार्वजनिक खरिद अनुगमनको कार्यालय, विज्ञापन बोर्ड तथा बोर्डका अध्यक्षलाई विपक्षी बनाएर रिट दायर गरेको संघका केन्द्रीय सदस्य एवं अधिवक्ता पोखेलले जानकारी गराए। विज्ञापन (नियमन गर्ने) पहिलो संशोधन नियमावली-२०८० र विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका-२०८० हाललाई लागू



नगर्न-नगराउन भन्दै अन्तरिम आदेशका लागि रिट दायर गरिएको उनको भनाइ छ। आइतबारका लागि तोकिएको पेसी इजलासबाट हेर्न नभ्याइएका कारण ११ गते सोमबारका लागि तोकिएको बताइएको छ।

नियामक निकाय विज्ञापन बोर्डले विज्ञापन क्षेत्रलाई विस्तार एवं प्रवर्द्धन गर्नुपर्नेमा उल्टै संकुचित बनाउँदै विज्ञापन व्यवसायीलाई निरुत्साहित पार्ने खालको निर्देशिका ल्याएको भन्दै विज्ञापन व्यवसायीहरूले असहमति जनाउँदै आएका छन्।

विज्ञापन बोर्डले नियमनकारी भूमिका निभाउनुको सट्टा आफैं विज्ञापन गर्ने, ऐनविपरीत व्यवसायीको बिलबाट ३ प्रतिशत रकम असुली गर्ने कार्य अगाडि बढाएसँगै विज्ञापन व्यवसायीहरू कानुनी उपचारमा अघि बढेको संघले जनाएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले ३१ असार ०८० मा जारी गरेको विद्युतीय खरिद निर्देशिका-२०८० प्रति पनि विज्ञापन व्यवसायीहरूले तीव्र असन्तुष्टि जनाउँदै आएका छन्।

सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको निर्देशिकाका कारण विज्ञापन व्यवसायीहरू मात्र नभई आमसञ्चारमाध्यमसमेत बन्द-धराशायी हुने स्थितिमा पुगेको भन्दै संघले असन्तुष्टि जनाएको छ।

खुला प्रतिस्पर्धालाई आधार बनाएर चुस्त-दुरुस्त खरिद प्रक्रियालाई अगाडि बढाउनुपर्नेमा अस्वस्थ प्रतिस्पर्धालाई पश्रय दिने खालको एवं विज्ञापन ऐनसँग बाझिने गरी निर्देशिका ल्याएपछि कानुनी उपचारमा जानुपरेको संघको भनाइ छ।

पिज्जा हटको थिन क्रस्ट पिज्जा नेपालमा

काठमाडौं/ पिज्जा हट नेपालको पिज्जा ब्रान्डले आफ्नो मेनुमा नौलो स्वादको थिन क्रस्ट पिज्जा ल्याएको छ। कम्पनीले चार सय ९९ रुपैयाँबाट ह्यान्ड क्राफ्टेड थिन क्रस्ट पिज्जा बिक्री सुरु गरेको हो। पिज्जा पारखीको ह्यान्ड क्राफ्टेड पिज्जाको बढ्दो मागलाई मध्यनजर गर्दै कम्पनीले नेपालका लागि विशेष रूपमा विभिन्न १२ टपिङसहितको थिन क्रस्ट पिज्जा ल्याएको जनाइएको छ।

१९ सय विन्दुमा उक्लियो नेप्से

तीन महिनापछि दुई अर्बमाथिको कारोबार, तीन कम्पनीको सेयर मूल्यमा सर्किट

नयाँ पत्रिका

नेप्से परिसूचक करिब साढे दुई महिनापछि एक हजार नौ सय ७ दशमलव ९५ विन्दुमा आइपुगेको छ। साताको पहिलो कारोबार दिन आइतबार ४७ दशमलव ७५ अंकले बढेर बजार यो विन्दुमा आइपुगेको हो।

तिहारपछि नेप्से सूचकमा सुधारको संकेत देखिन थालेको छ। यतिवेला विभिन्न कम्पनीहरूले लाभांश प्रस्ताव गरिरहेका छन्। अर्कोतर्फ राष्ट्र बैंकले मौद्रिक नीति समीक्षामार्फत सेयर धितो कर्जामा लगाइएको सीमा हटाउने र जोखिमभार एक सय ५० बाट एक सयमा झार्ने समाचारहरू बाहिरिएका छन्।

धितोपत्र बोर्डले पछिल्लो समय सेयर बजारमा आएको गिरावटलाई ध्यानमा राख्दै सबै किसिमको सार्वजानिक निष्कासनलाई रोक लगाएको छ। यसले सेयर बजारमा पर्दै आइरहेको आर्थिक चाप कम भएको र दोस्रो बजारमा लगानी बढ्दा बजार सकारात्मक बन्न पुगेको एक लगानीकर्ताको भनाइ छ। उनले भने, 'अहिले लाभांशको समय पनि



चलेको छ, यसै हप्ता मौद्रिक नीति समीक्षामा पनि सेयर बजार पहिलो प्राथमिकतामा राखिएको सुनिन्छ भने, ब्रोकर कमिसन र सार्वजनिक निष्कासन कम हुँदा दोस्रो बजारमा लगानी बढेको हो।'

आइतबार धितोपत्र र ऋणपत्र गरी कारोबारमा आएका दुई सय ९४ कम्पनीको ६५ लाख ३० हजार कित्ता सेयर खरिद-बिक्री हुँदा दुई अर्ब रुपैयाँको कारोबार भएको छ। यो कारोबार तीन महिनायताकै सर्वाधिक कारोबार हो। यस दिन सर्वाधिक कारोबार गर्ने कम्पनीमा सोनापुर मिनरल्स एन्ड आयलको ११ करोड ६६ लाख रुपैयाँको कारोबार भएको छ।

त्यस्तै, रिलायबल नेपाल लाइफ इन्स्योरेन्स, नबिल बैंक, सिटिजन लाइफ इन्स्योरेन्स र आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको पाँच करोड रुपैयाँदेखि सात करोड ५६ लाख रुपैयाँबराबरको कारोबार भएको छ।

तीन कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। छ्यादी हाइड्रोपावर, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी, विजय लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ। त्यस्तै, स्वरोजगार लघुवित्त वित्तीय संस्थाको ९ दशमलव ८९ प्रतिशत र रावा इनर्जी डेभलपमेन्टको सेयर मूल्य ९ दशमलव ८८ प्रतिशतले बढेको छ।

उच्च अंकले बढेको बजारमा लघुवित्तको सेयर मूल्य घटेको छ। इन्फिटी लघुवित्त वित्तीय संस्था, आशा लघुवित्त वित्तीय संस्था र आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य दुई दशमलव ४७ प्रतिशतले घटेको छ।

कारोबारमा आएका १३ वटै उपसमूहको सूचक बढेको छ। जसमध्ये जीवन बिमा समूहको सूचक चार दशमलव ४४ प्रतिशतले बढेको छ भने फाइनान्स समूहको तीन दशमलव ९१ प्रतिशतले बढेको छ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८०।०८।११

यस रत्ननगर नगरपालिका नगर कार्यपालिका कार्यालय रत्ननगर, चितवनको विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रहरु/सिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गईरहेको तपसिल बमोजिमका कार्यहरुको लागि दर्ता हुन आएका छुट्टाछुटै बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्रहरु/सिलवन्दी दरभाउपत्र न्युनतम मुल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि ७(सात) दिने आशयको सूचना प्रकाशन गरिएकोछ।

तपसिल

क्र.सं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस. सहित)
१	Construction of Asphalt Road and Drain, Ward No.07 (RAT/CHITWAN/ Works/NCB/04/2080-81)	श्री Dakshya Engineering Construction Pvt. Ltd, Maitrinagar, Kathmandu	रु.८०,२१,०२१।२५ (असी लाख एकाईस हजार एकाईस रुपैयाँ पैसा पच्चिस मात्र ।)
२	Construction of Asphalt Road and Drain with Footpath, Ward No.01 (RAT/ CHITWAN/Works/NCB/05/2080–81)	श्री Perisha Construction Suppliers Pvt. Ltd, Bharatpur, Chitwan	रु. ६८,१३,५३१।२८ (अठसट्ठी लाख तेह्र हजार पाँच सय एकतीस रुपैयाँ पैसा अठाईस मात्र ।)
३	Installation of CCTV Camera at Tandi Bazar area, Ward No.02 (RAT/CHITWAN/Goods/SQ/03/2080-81)	श्री मौलाकालिका नेटवर्कस् प्रा.लि., गैडाकोट-१, नवलपुर	रु.११,८५,९६३/२५ (एघार लाख पचासी हजार नौ सय त्रिसठ्ठी रुपैयाँ पैसा पच्चिस मात्र ।)

प्रमुख प्रशासकीय अधिकृत

आइसरको सर्भिस क्याम्प सुरु

काठमाडौं/ आइसर कमर्सियल भेहिकलको नेपालका लागि आधिकारिक विक्रेता बतास एमएडब्लू कमर्सियल भेहिकल प्राइभेट लिमिटेडले सर्भिस क्याम्प सुरु गरेको छ। कम्पनीले १६ वटा विभिन्न ग्राहक सेवा केन्द्रबाट प्रदान गरिने चारदिने सर्भिस क्याम्प सुरु गरेको हो।

कम्पनीले काठमाडौं उपत्यकाको जगाती र सतुंगल तथा उपत्यकाबाहिर बिर्तामोड, इटहरी, जनकपुर, वीरगन्ज, हेटौँडा, दाङ, नेपालगन्ज, सुर्खेत, धनगढीमा क्याम्प सञ्चालनमा रहेको जनाएको छ। त्यस्तै, डिलरमार्फत पोखरा, बुटवल, नारायणगढ, नौबिसे, त्रिशूलीबाट पनि ग्राहकले सेवा लिन सक्ने जनाइएको छ।



सर्भिस क्याम्पमा आइसरका पाँच सयभन्दा बढी व्यावसायिक गाडीहरूको प्रभावकारी ढंगले जाँच एवं मर्मत-सम्भार गरिने जनाइएको छ। जाँच गराउन आउँदा सवारीधनीले स्पेयर्स पार्टसूमा १० प्रतिशत, लुब्रिकेन्ट्समा १५ प्रतिशत र विशेष मर्मतमा २५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। यसैगरी, नियमित मर्मत-सम्भार, ड्राइभर ट्रेनिङ, ब्याट्री तथा वायरिङ चेक-अप निःशुल्क रूपमा पाउनुका साथै अन्य थुप्रै सुविधा पनि प्राप्त गर्ने जनाइएको छ।

आइसर कमर्सियल भेहिकलका सर्भिस-जनरल म्यानेजर शरदकुमार मिश्रले बदलिँदो मौसमसँगै गाडीमा आइपर्ने विभिन्न समस्याको समाधान गरी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्ने उद्देश्यले सर्भिस क्याम्प आयोजना गरेको बताए।

जिम्मेवार व्यवसाय सम्मेलन हुँदै

काठमाडौं/ राष्ट्रिय व्यावसायिक पहल (एनबिआई)ले चौथो जिम्मेवार व्यवसाय सम्मेलन आयोजना गर्ने भएको छ। 'एडप्टिङ टु इमर्जिङ बिजनेस रियालिटिज' नारासहित यही मंसिर २१ र २२ गते सम्मेलन आयोजना गर्न लागेको आयोजकले जनाएको छ।

सम्मेलनमा नेपालका उद्योग-व्यवसायहरूले बदलिँदो परिस्थिति र उदयमान नवआयामहरूको परिप्रेक्ष्यमा जिम्मेवार ढंगले के-कसरी अगाडि बढ्न सक्छन् ? भनेर गहन छलफल हुने एनबिआईका अध्यक्ष कुशकुमार जोशीले बताए। सम्मेलनमा समाज, वातावरण तथा अर्थतन्त्र गरी तीन विधाका ११ वटा विषयमा विभिन्न क्षेत्रका ३० भन्दा बढी स्वदेशी तथा विदेशी प्रस्तुति दिने बताइएको छ।

समाज विधाअन्तर्गत आधुनिक दासत्व तथा मानव बेचबिखन, व्यावसायिक आचारसंहिता र संस्थागत सामाजिक उत्तरदायित्व, व्यावसायिक स्वास्थ्य तथा सुरक्षा र व्यवसाय तथा मानव अधिकार गरी चार विषय रहनेछन्। वातावरण विधामा पर्यावरणमा व्यावसायिक असरको व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण तथा पूर्वतयारी र नवीकरणीय ऊर्जासम्बन्धी विषय रहने बताइएको छ। अर्थतन्त्र विधामा व्यावसायिक वातावरण निर्माण, नवप्रवर्द्धन तथा उद्यमशीलता, डिजिटल अर्थतन्त्र र व्यावसायिक निरन्तरता योजना गरी चार विषय रहनेछन्।

सम्मेलनमा नेपालसहित, भारत, अस्ट्रेलिया, सिंगापुर, जापानलगायत विभिन्न देशका विज्ञ तथा वक्ताहरूको प्रस्तुति रहने जोशीले बताए। ३० भन्दा बढी वक्ताहरू रहने सम्मेलनमा तीन सयभन्दा बढी व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिहरू, शिक्षाकर्मी, नागरिक समाज, सरकारी निकाय, बैंक तथा वित्तीय क्षेत्रको सहभागिता रहने बताइएको छ।

विश्वव्यापी महामारीको असर, सञ्चार प्रविधिको द्रुत विकास र प्रभावका साथै विश्वव्यापी चासोको विषय रहेका डिजिटल अर्थतन्त्र, जलवायु परिवर्तन, प्रदूषण तथा मानव अधिकारको संरक्षणलगायतका विभिन्न कारणहरूले उद्योग व्यवसायले आफ्नो व्यावसायिक रणनीति र सञ्चालन प्रक्रियालाई परिमार्जन र अनुकूलन गर्नुपर्ने आवश्यकता गहन बन्दै गएको सन्दर्भमा यो सम्मेलन अझ सान्दर्भिक हुने हठर एनबिआईको छ।

आयुश केडिया सम्मानित



काठमाडौं/ युवा उद्यमी आयुश केडिया 'उदयमान युवा उद्यमशील पुरस्कार'बाट सम्मानित भएका छन्। काठमाडौंमा आयोजित पर्सा मिलन केन्द्रले २३औँ पर्सा दिवस समारोह एवं अभिनन्दन तथा सम्मान कार्यक्रममा उपराष्ट्रपति रामसहाय यादवले केडियालाई सम्मान गरेका हुन्।

कार्यक्रममा उद्योग वाणिज्य एवं आपूर्तिमन्त्री रमेश रिजाललगायत पर्सा जिल्लाका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको जनाइएको छ। डिएभी प्लस टु कलेजका डाइरेक्टर सुमन बस्नेतले केडियाको प्रतिनिधित्व गर्दै उक्त सम्मानपत्र ग्रहण गरेको उल्लेख छ। सोही अवसरमा उद्योगपति ताराचन्द केडियाले उद्योग क्षेत्रमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै सम्मान गरिएको थियो।

नबिल एसएसई कार्यक्रमको दुई वर्ष पूरा

काठमाडौं/ सामाजिक उद्यमशीलता विकासका लागि नबिल बैंक लिमिटेडले सुरु गरेको नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई) कार्यक्रमले दोस्रो वर्ष पूरा गरेको छ। त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्टसहित आठ विभिन्न विद्यालयबाट देशभर सञ्चालन गरिएको यो कार्यक्रम सामाजिक उद्यमशीलता बढाउन उत्प्रेरक बनेको निष्कर्षसहित दोस्रो वार्षिकोत्सव मनाइएको हो।

दुई वर्षको अवधिमा तीन सय ३५ जना विद्यार्थीले यो कार्यक्रममा सहभागिता जनाएको बैंकले उल्लेख गरेको छ। जसबाट ५२ वटा उद्यम जन्मिँदा आठ सय ६९ जनाले रोजगारी पाएको जनाइएको छ।

बैंकका अध्यक्ष उपेन्द्र पौड्यालले यो कार्यक्रमका कारण सामाजिक वित्त प्रवर्द्धनमा बैंकको भूमिका थप बढेको बताए। उनले भने, 'बैंकले सुरु गरेको यस पहलले देशको सामाजिक, वातावरणीय र आर्थिक विकासका लागि सामाजिक वित्त प्रवर्द्धन गर्न मद्दत पुगेको विश्वास लिएका छौं।'

बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले सामाजिक उद्यमीहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको र उद्देश्यपूर्ति भएको बताए। उनले यस कार्यक्रममा सहभागी हुने बैंकका कर्मचारी, विज्ञ, साझेदार तथा विद्यालय प्रतिनिधिहरूलाई विशेष धन्यवाद दिए। उनले भने, 'हामी दिगो बैंकिङ र सामाजिक उद्यमशीलतामार्फत हाम्रो समाजमा उल्लेखनीय परिवर्तन ल्याउन प्रतिबद्ध छौं।'

नवीन विचार भएका नागरिकलाई ज्ञान, वित्तीय पहुँच र सामाजिक उद्यमहरू सुरु गर्नका साथै उद्यमशीलतामा दिगोपना दिन र सञ्जाल विस्तार गर्नका लागि यो कार्यक्रम सहयोगी भएको उद्यमीहरूले बताएका छन्। नबिल एसएसई कार्यक्रमअन्तर्गत फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्स गरी दुई कार्यक्रम रहेका छन्।

यसै कार्यक्रममा सहभागी भएका उद्यमी राजविक्रम महर्जन आइसिटी अवार्ड २०२२ र स्टार्ट अप वर्ल्डकप जित्न सफल भएको बैंकले जनाएको छ। महर्जनले भने, 'यो कार्यक्रममा भर्ना भएपछि मैले आफ्नो व्यावसायिक विचार, ब्रान्डिङ, मार्केटिङ र नेटवर्किङका अवसरमा ध्यानकेन्द्रित गर्न सिकैं, जसले मलाई धेरै मद्दत गऱ्यो।'

उद्यमशीलतालाई बढावा दिन, सामाजिक उद्यमशीलतामार्फत समाजमा अर्थपूर्ण योगदान गर्न नबिल एसएसई कार्यक्रम प्रतिबद्ध रहेको बैंकले जनाएको छ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०८/११ गते

यस माछापुच्छ्रे बैंक लि. लम्की शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०४/०९ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुंदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनु हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **दुर्गा अटोमोटिभ्स**।
दर्ता नं. १९७५९/०७१/०७२, दर्ता मिति : २०७१/०४/२०, पान नं. ६०२२९०११३, दर्ता मिति : २०७१/०४/२०
ठेगाना : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. १
प्रोप्राइटर : खिमसरा बुढाक्षेत्री

व्यक्तिगत जमानतकर्ताहरू

१. खिमसरा बुढाक्षेत्री	२. भरत सिं वि.सी. बुढा क्षेत्री
ना.प्र.नं. ६७२००२/१२६२५, जि.प्र.का. कैलाली	ना.प्र.नं. ६७२१७३०, जि.प्र.का. कैलाली
जारी मिति : २०६८/०१/२१	जारी मिति : २०५५/०३/११
बाबु : रतन बहादुर खत्री, पति : भरत सिं वि.सी. बुढा क्षेत्री	बाबु : परिमल बुढाक्षेत्री
ससुरा : परिमल बुढाक्षेत्री	बाजे : दल बहादुर बुढा क्षेत्री
ठेगाना : कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८	ठेगाना : कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८
हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. १	हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. १

धितोमा रहेको सम्पत्तिको विवरण

१. दल बहादुर बुढा क्षेत्रीको नाति, परिमल बुढाक्षेत्रीको छोरा, कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. १ बस्ने भरत सिं वि.सी. बुढा क्षेत्रीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता कायम भएको कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ३५७ को क्षेत्रफल ०-९-० (बि.क.धु.) जग्गा तथा उक्त जग्गामा निर्मित संम्पूर्ण लिगलगापातहरु समेत।
२. परिमल बुढाक्षेत्रीको बुहारी, भरत सिं वि.सी. बुढा क्षेत्रीको पत्नी, कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. १ कैलाली बस्ने खिमसरा बुढाक्षेत्रीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता कायम भएको कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ४५५६ को क्षेत्रफल ०-२-१.५ (बि.क.धु.) जग्गा तथा उक्त जग्गामा निर्मित संम्पूर्ण लिगलगापातहरु समेत।
३. दुर्गा अटोमोटिभ्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरू

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८०/०८/१७ आइतबार कार्यालय समय सम्म शाखा कार्यालय, लम्की	२०८०/०८/१८ सोमबार दिनको ३:३० बजे शाखा कार्यालय, लम्की

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लम्की

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल मंसिर महिना ११ गते सोमबार)

यस विकास बैंक लि.को शाखा कार्यालय गैंडाकोटबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्वन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँबा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा वन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण

नाम : **गणेश एयर कन्डिसन एण्ड रेफ्रिजेरेटर**
प्रोप्राइटर : गणेश ढकाल
प्रा.फ.र.नं. : ६९२/०७५/०७६
दर्ता मिति : २०७५/०८/१७
स्थायी लेखा नं. : ६०८८०७१५५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उधोग कार्यालय प्रदेश नं. ३, भरतपुर चितवन
ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. नाम : **गणेश ढकाल**	२. नाम : **इन्द्र प्रसाद ढकाल**
बाबुको नाम : इन्द्र प्रसाद ढकाल बाजेको नाम : मुक्ति प्रसाद ढकाल स्थायी ठेगाना : चितवन जिल्ला माडी वडा नं. ०१ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ३५२००८/१३३७ जारी मिति र जिल्ला : २०७४/०२/१९, चितवन	बाबुको नाम : मुक्ति प्रसाद ढकाल बाजेको नाम : टेक नारायण ढकाल स्थायी ठेगाना : चितवन जिल्ला गर्दी वडा नं. ०८ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ३४३९ जारी मिति र जिल्ला : २०४५/०२/१९, चितवन
३. नाम : **दुर्गा देवी ढकाल** बाबुको नाम : चन्द्र कान्त अधिकारी पतिको नाम : इन्द्र प्रसाद ढकाल ससुराको नाम : मुक्ति प्रसाद ढकाल स्थायी ठेगाना : चितवन जिल्ला गर्दी वडा नं. ०८ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ४३० जारी मिति र जिल्ला : २०४६/०२/२९, चितवन	४. नाम : **उषा पाण्डे** बाबुको नाम : सूर्य प्रसाद पाण्डे पतिको नाम : गणेश ढकाल ससुराको नाम : इन्द्र प्रसाद ढकाल स्थायी ठेगाना : नवलपरासी जिल्ला हुप्सेकोट वडा नं. ०३ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ३६-११-७४/११८४ जारी मिति र जिल्ला : २०७४/०४/३०, नवलपरासी

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (व.मि)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
इन्द्र प्रसाद ढकाल	चितवन जिल्ला गर्दी गा.वि.स. वडा नं. ०८	८८६	३७२४.९३	बाटो	कित्ता नं. ८८७ र ९११	कित्ता नं. ७२०	बाटो

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
१. मिति २०८०/०१/३१ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२. मिति २०८०/०४/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

शर्त बन्देजहरु :
१) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात मिति २०८०/०८/२५ गते सोमबार भित्र यस बैकको शाखा कार्यालय गैंडाकोट आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि वेग्ला वेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/०८/२६ गते मंगलबार अर्थात १६ (सोह्र) औ दिन दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय गैंडाकोटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

देउराली सहकारीमा दुई अर्ब बचत, ६५ करोडको मात्र उजुरी

ठगी र संगठित अपराधको कसुरमा अनुसन्धान पूरा गरी १२ जनाविरुद्ध मुद्दा चलाउन सिआइबीको सिफारिस

नयाँ पत्रिका

देउराली बहुउदेश्यीय सहकारी संस्थाका पाँच सय ५० सदस्य तथा निक्षेपकर्ताले सञ्चालकविरुद्ध ठगीको जाहेरी दिएका छन्। उनीहरूले ६५ करोड ७७ लाख ६ हजार आठ सय ५३ रुपैयाँ ठगी भएको जाहेरीमा उल्लेख गरेका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)को अनुसन्धानमा सो सहकारीमा दुई अर्ब २० करोड ९२ लाख रुपैयाँ सर्वसाधारणको बचत रहेको देखिएको छ।

ललितपुरको सातदोबाटोमा केन्द्रीय कार्यालय रहेको देउरालीको काठमाडौंको न्युरोड र भक्तपुरको सूर्यविनायकमा शाखा कार्यालय छन्। सातदोबाटोका चार सय ६६ सदस्यले ५६ करोड ५४ लाख, भक्तपुर शाखाका ५६ जनाले चार करोड ३१ लाख तथा न्युरोड शाखाका २८ जनाले चार करोड ९९ लाख रुपैयाँबराबर बचतको दाबी गरी जाहेरी दिएका हुन्।

सिआइबीले सो सहकारीका तीन सञ्चालकलाई पक्राउ गरी अनुसन्धान गरेको थियो। अनुसन्धान पूरा गरी आइतबार सिआइबीले जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा रायसहितको अनुसन्धान प्रतिवेदन बुझाएको छ। ठगी र संगठित अपराधको कसुरमा अनुसन्धान पूरा गरी १२ जनाविरुद्ध मुद्दा चलाउन सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाइएको सिआइबीका एसपी नवराज अधिकारीले बताए।

सहकारीका अध्यक्ष रवीन्द्र चौलागाईं, ऋण उपसमितिका संयोजक राजेन्द्र खत्री र वरिष्ठ प्रबन्धक दीपक केसीलाई सिआइबीले पक्राउ गरेको छ। सञ्चालकसहित नौजना फरार छन्। काभ्रेको चौरी देउराली स्थायी घर भएका चौलागाईंलाई सिआइबीले गत १६ असोजमा पक्राउ गरी सिआइबीले अनुसन्धान थालेको थियो।

सहकारीले दुई अर्ब ३४ करोड ६७ लाख लगानी गरेको थियो। अध्यक्ष चौलागाईंले नियमविपरीत आफ्नै कम्पनीहरूमार्फत सयौं रोपनी जग्गामा सहकारीको पैसा लगानी गरेका थिए। जग्गा व्यवसाय खस्किएपछि उनले सहकारीले रकम फिर्ता गर्न नसक्दा संस्था धराशायी बनेको हो।

सो सहकारीमा समस्या सुरु भएको दुई वर्ष भइसकेको छ। सहकारीका अध्यक्ष चौलागाईंविरुद्ध गत वर्षदेखि नै ललितपुर प्रहरीमा उजुरी परे पनि प्रहरीले सकेसम्म मिलाउने प्रयास गर्‍यो। चौलागाईंले ठूला निक्षेपकर्तालाई आफ्नो कम्पनीमा रहेको जग्गा दिने आश्वासनमा फकाउँदै आएका थिए। तर, लामो समयसम्म पनि समस्या समाधान नभएपछि बागमती प्रदेशको उद्योग, पर्यटन तथा सहकारी मन्त्रालयले कारबाहीका लागि सिआइबीलाई पत्राचार गरेपछि अनुसन्धान सुरु भएको हो।

लेखापरीक्षणविना नै चौलागाईंले लामो समय संस्था चलाउँदै आएका थिए। सर्वसाधारणको निक्षेप उनले घरजग्गाको व्यापारमा संस्थाको पैसामा खरिद गरेको जग्गासमेत बैंकमा धितो राखी कर्जा निकालेका थिए। जसकारण केही बैंकहरूसमेत उनको कर्जाका कारण समस्यामा पर्ने अवस्था देखिएको छ।

सहिद पन्तको सालिक तोडफोड गर्ने १८ विरुद्ध मुद्दा

कञ्चनपुरमा **मोहन विष्ट**



सहिद भीमदत्त पन्तको सालिक तोडफोड गरेको आरोपमा पक्राउ परेका राष्ट्रिय प्रजातन्त्र पार्टी कञ्चनपुरका १८ जना नेता-कार्यकर्ताविरुद्ध मुद्दा दायर भएको छ। जिल्ला प्रहरी कार्यालयले पन्तको सालिक तोडफोड गरेको आरोपमा पक्राउ परेका राप्रपाका १८ जना नेता-कार्यकर्ताविरुद्ध आइतबार मुद्दा दायर गरेको हो।

जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी कमल थापाले भीमदत्त नगरपालिका- १८ महेन्द्रनगरस्थित सहिद पन्तको सालिक तोडफोड गर्ने राप्रपा कञ्चनपुरका जिल्ला सचिव शिशिर थापा, कोषाध्यक्ष दिनेश श्रेष्ठ, महिला नेतृ हेलेन श्रेष्ठ, लक्ष्मी मल्ल, विद्यार्थी नेता प्रेम रावल, आकाश जोशी, विनोद चन्द, कृष्णबहादुर चन्द, रमेश बाग, कमलेशसिंह ठकुरी, भूपेन्द्रराज पन्त, मोहितप्रसाद पन्त, उपदेश सिंह, विराट विष्ट, कमल चन्द, सुजल खड्का, विवेक चन्दविरुद्ध मुद्दा दायर गरेर कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए। राप्रपा कञ्चनपुरको आयोजनामा शुक्रबार संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध विरोध प्रदर्शन थियो। प्रदर्शनका कार्यक्रममा आन्दोलनकारीले पार्कभित्र रहेको सालिक तोडफोड गरेका थिए।

०८४ को...

पृष्ठ १ बाट क्रमशः

सभापति लामिछानेसहितका सांसद तथा केन्द्रीय तहका नेता मधेश झरिसकेका छन्। ८-१० मंसिरसम्म रास्वपाले मधेशका आठवटै जिल्लामा जनसभाको आयोजना गरेको छ, जसमा सभापति लामिछाने स्वयंले सम्बोधन गरेका छन्।

तीन दिनसम्म चल्ने केन्द्रीय तथा संसदीय दलको संयुक्त बैठकमा प्रदेश सभापति र विभिन्न विभागका संयोजकसहित करिब सयजनाको उपस्थिति रहने महामन्त्री एवं प्रवक्ता मुकुल ढकालले बताए। ढकालले ०८४ मा पूर्ण बहुमत ल्याउन मधेशमा बलियो संगठन अनिवार्य हुने पार्टी बुझाइ रहेको बताए।

'तुलनात्मक रूपमा मधेशमा हाम्रो शक्ति कमजोर देखियो। मधेशबाट राम्रो भोट आएन भने हाम्रो मिसन ०८४ अभियान सफल हुँदैन। त्यसैले, त्यहाँ हाम्रो प्रभाव र संगठन बलियो बनाउन मधेशकेन्द्रित भएका हौं। त्यही कारण पार्टी जीवनकै महत्त्वपूर्ण बैठक हामीले मधेशमा गर्दै छौं,' महामन्त्री ढकालले नयाँ पत्रिकासँग भने।

बैठकबाट रास्वपाले महत्त्वपूर्ण सन्देश प्रवाह गर्ने र त्यो मधेशबाटै हुँदा त्यसले अर्थ राख्ने महामन्त्री ढकालको भनाइ छ। 'बैठकअघि हामीले मधेश प्रदेशका आठवटै जिल्लामा सभापतिको उपस्थितिमा जनसभा गर्‍यौं,' ढकालले भने, 'त्यहाँ मधेशका जनताको उत्साहजनक सहभागिता पाइयो। यसले हामीमा झन् ऊर्जा थपेको छ।'

रास्वपा मधेशकेन्द्रित दलप्रति घट्दै गएको मतदाताको मोहलाई आफूतिर तान्ने दाउमा छ। यहीकारण रास्वपा सभापति लामिछानेले मधेशमै पुगेर मधेशकेन्द्रित दलमाथि धेरै आक्रमण गरेका छन्। शुक्रबारदेखि आइतबारसम्म रास्वपा सभापति लामिछाने मधेशका जुनजुन ठाउँमा पुगे, हरेक ठाउँमा उनले 'मधेशका नाममा लुट्नेहरू' भन्दै मधेशी दलमाथि प्रहार गरेका छन्।

०८४ को चुनावमा आफ्ना उम्मेदवारलाई लिखित कागज गराएरै भोट हाल्न उनले आग्रह गरे। अरूको आलोचनामा रमाएका उनले आफू इमानसहित मधेश झरेको अभिव्यक्ति दिएका थिए।

'जग्गाजमिन बिक्री भयो, फेरि आउन सक्छ, घर बिक्री भयो, फेरि आउन सक्छ, इमान बिक्री भयो भने कहिल्यै पनि फिर्ता आउन सक्दैन,' शनिबार रौतहटस्थित गौरमा भएको जनसभामा सम्बोधन गर्दै उनले भने, 'हामीसँग केही छ भने त्यही एउटा इमान छ। त्यही एउटा इमान बोकेर म मधेश झरेको छु। मैले दिनुपर्ने चिज केही पनि छैन। एउटा इमान बोकेर आएको छु, इमानदार मान्छेहरूको साथ खोजेको छु। जब इमानदार मानिस साथ हुन्छन्, त्यतिखेर बस्तीमा उज्यालो आउँछ।'

यति मात्र होइन, लामिछानेले आगामी निर्वाचनमा मधेशको भाग्य कसले लुट्यो भन्ने फैसला हुने सुनाए। 'मधेशको मान्छे मै हुँ, मधेशको मसिहा मै हुँ भन्ने मान्छेहरूले के गरे, तिनको हिसाब अहिले निकाल्दिनँ। जब क्षमतावान मान्छे देशको अख्तियारजस्तो निकायमा पुग्नेछ, त्यतिखेर मधेशका नाममा लुट्ने लुटेराहरूको हिसाब जस्ताको त्यस्तै बाहिर आउँछ। मधेशको भाग्य कसले लुटेर खायो, त्यसको हिसाब त मधेशले माग्ने नै छ,' लामिछानेले भने।

रौतहटको सभामा लामिछानेसहित उपसभापति डिपी अर्याल र सांसद सोबिता गौतमलगायतले सम्बोधन गरेका थिए। मधेशी क्लस्टरबाट रास्वपा समानुपातिक सांसद मनीष झा मधेशमा आयोजित सबै जनसभामा लामिछानेसहित पुगेका थिए। केन्द्रबाट पुगेका बाँकी सांसद लामिछानेसँगै पालैपालो पुगेका थिए। रास्वपाले शुक्रबार बाराको सिम्रौनगढ र निजगढ, पर्साको वीरगन्ज, आइतबार सिराहाको गोलबजार र सप्तरीको सिखडालगायत मधेश प्रदेशका विभिन्न स्थानमा जनसभा गरेको थियो।

वीरगन्जको सभामा उनले मधेशका नेतालाई कटाक्ष गर्दै मधेशका मतदातालाई ०८४ को निर्वाचनमा रास्वपाले जिते देशकै मुहार फेर्ने भन्दै लोभ्याए। उनले मधेशका जनता साहुको ऋण तिर्न नसकेर छटपटाइरहेका वेला मधेशका नेता हाच्छ्युँ आउँदा पनि महँगो अस्पतालमा उपचार गराउने गरेको आरोप लगाए। 'मधेशको मुहार फेर्छु भन्ने मधेशका नेताले आफ्नो र छोराछोरीको मुहार फेरे, तर जनताको मुहार फेर्न सकेनन्,' वीरगन्जको सभामा लामिछानेले भने, 'रास्वपाले एकपटक बहुमतको सरकार बनाउन पाए नेताहरूले संसारको जुनसुकै कुनामा लुकाएको कालोधनलाई बाहिर ल्याएरै छाड्छौं।'

पार्टी स्थापनायताकै लामो र महत्त्वपूर्ण बैठक मधेशमा

रास्वपाले आज (सोमबार)देखि पार्टी स्थापनायताकै लामो र महत्त्वपूर्ण बैठक मधेशमा गर्दै छ। बैठक सुरु हुन तीन दिनअघि नै रास्वपाका सभापति लामिछानेसहित सांसद तथा केन्द्रीय तहका नेता मधेश झरिसकेका छन्।

बैठकले पार्टीको राजनीतिक दस्तावेजलाई पनि पूर्ण रूप दिने तयारी गरेको छ। पूर्ण रूपमा पारित गर्न नसके पनि पार्टीबारे वैचारिक र नीतिगत रूपमा अस्पष्टता भएका विषयलाई प्रस्ट पार्ने तयारी रहेको महामन्त्री ढकालले बताए।

बैठकमा पहिलो दिन प्रदेशका सभापतिहरूको राजनीतिक र संगठनात्मक प्रतिवेदन, अनुशासन आयोगको प्रतिवेदन, संगठनात्मक प्रतिवेदन र सबै सांसदहरूले कार्यप्रगति र भावी कार्ययोजनाबारे प्रस्तुति दिने कार्यक्रम रहेको उनले बताए। दोस्रो दिन भने संसद्का गतिविधि र संसदीय दलको कार्यसम्बन्धी प्रमुख सचेतकको प्रतिवेदन, सभापति लामिछानेको राजनीतिक प्रतिवेदन, महाधिवेशनको विधि र प्रक्रियासम्बन्धी छलफल गर्ने कार्यतालिका छ।

तेस्रो दिन पनि महाधिवेशनको विधि र प्रक्रियाबारे, नीति-विचारसहित अन्य विविध समसामयिक विषयमा छलफल गर्ने एजेन्डा रहेको ढकालले बताए। 'बैठकबाट पार्टीको समग्र राजनीतिक रोडम्याप र अवलम्बन गर्ने नीतिका बारेमा छलफल एवं आवश्यक निर्णयहरू हुनेछन्,' ढकालले भने।

करेन्ट लागेर वृद्धाको मृत्यु

सर्लाही/ बसबरिया गाउँपालिका- ५ धनगढामा घाँस काट्ने क्रममा करेन्ट लाग्दा ७० वर्षीया बिल्टीदेवी यादवको मृत्यु भएको छ।

खेतनजिकै रहेको एनसेलको टावरबाट नजिकैको विद्यालयमा लगेको विद्युत् तारबाट वृद्धालाई करेन्ट लागेको प्रहरीले जनाएको छ। टावरबाट विद्यालयमा करेन्ट सप्लाई गरेको तार चुँडिएर खेतमा खसेको र सोही तारबाट वृद्धालाई करेन्ट लागेको प्रहरीको अनुमान छ।

यादवको शव परीक्षणका लागि प्रदेशिक अस्पताल मलंगवामा राखिएको र घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं डिएसपी दीपेन्द्र पञ्जियार थारूले बताए।

पहाडका मतदातासँग...

पृष्ठ १ बाट क्रमशः

हिसाबले भूकम्प प्रभावित क्षेत्रको भ्रमण गर्न आएको हुँ,' उनले भने, 'यहाँ कति क्षति भएको छ, कस्तो अवस्था छ, पुनर्निर्माणका विषयमा अवलोकन र अध्ययन गर्न केही राहत सामग्रीलाई अहिले शक्ति विस्तारका रूपमा लिनुहुन्न। ०७२ सालमा भूकम्प जाँदा हाम्रो पार्टी नबनेको अवस्थामा पनि राहत संकलन गरेर पठाएका थियौं। देशमा कतै पनि समस्या भयो भने हामी चिन्तित हुन्छौं र यो स्वाभाविक पनि हो।'

जाजरकोटका जनता आफू र आफ्नो दलप्रति सकारात्मक रहेको पाएकाले निकट भविष्यमा संगठन विस्तारको सम्भावना भने रहेको राउतले बताए। 'यहाँका जनता सकारात्मक पाएका छौं। तपाईंलाई टिभीमा देखेको थिएँ, इन्टरभ्यूमा देखेको थिएँ भन्ने प्रतिक्रिया पाइरहेको छु,' उनले भने, 'पहाडमा धेरै संगठन विस्तार गर्न पाएका छैनौं, तर गर्ने नै छौं। अरू मधेश झर्दा हामी पहाड त उक्लिने नै हो।'

बटुवाले नै...

पृष्ठ १ बाट क्रमशः

चापअनुसार भोलिका दिनमा समय सेटिङमा केही फेरबदल गर्न सक्ने महानगरका ट्राफिकविज्ञ जगतमान श्रेष्ठले बताए।

'पहिलो प्रयोगका रूपमा बबरमहलमा पोलिकन क्रसिङ लाइट जडान गरिएको छ, यो लाइट थिचेपछि ३० सेकेन्ड यात्रुले बाटो क्रस गर्न पाउँछन्,' उनले भने, 'त्यसपछि दुई मिनेटसम्म थिच्न मिल्दैन, उक्त समय सवारीसाधनका लागि हो। ट्राफिक व्यवस्थालाई व्यवस्थित बनाउने क्रममा आवश्यकताअनुसार यो समयमा केही फेरबदल पनि हुन सक्छ।'

श्रेष्ठका अनुसार महानगरले बबरमहलबाहेक ३५ स्थानमा यस प्रकारका लाइट जडानको तयारी गरेको छ। 'जहाँजहाँ बाटो काट्ने यात्रुहरूको भिडभाड हुन्छ, त्यहाँ हामी यस प्रकारको लाइट जडान गर्छौं,' श्रेष्ठले भने, 'बबरमहलपछि ३५ वटा स्कुल क्षेत्रमा यो लाइट राख्दै छौं। मुख्य सडक आसपास रहेका स्कुल तथा सडक पार गर्ने विद्यार्थीको संख्या बढी हुने ठाउँमा यस प्रकारको लाइट राखिनेछ।'

ट्राफिक प्रहरीले सकेसम्म ८-१० जना यात्रु जम्मा भइसकेपछि मात्रै लाइट थिचेर सडक पार गर्न अनुरोध गरेको छ। यसो गर्दा सवारीसाधन वारपारमा पनि बाधा नपुग्ने जनाएको छ। बबरमहल क्षेत्रमा बाटो काट्ने पैदलयात्रुको संख्या अत्यधिक हुने र दुर्घटनाको जोखिम देखिएकाले सुरुमा यो क्षेत्र रोजिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख डिआइजी पोषराज पोखरेलले बताए। 'यो लाइट यात्रुहरूले थिच्ने हो, बाटो क्रम गर्दा सवारीसाधनले पेल्ने वा दुर्घटनाको जोखिम हुने अवस्थालाई यसले रोक्छ,' उनले भने, 'पैदलयात्रुको भिडभाड हुने ठाउँमा यस प्रकारको लाइट आवश्यक छ, तर यात्रुहरूले जथाभावी बटन नथिच्नु हुन अनुरोध पनि गर्छौं।'

यस्तो लाइट यसअघि पनि कालीमाटी चोक, सुन्धारा, भृकुटीमण्डप, सर्वोच्च अदालत र त्रिचन्द्र क्याम्पसअगाडि जडान गरिएको थियो। तर, मर्मतसम्भार नगर्दा र निरन्तरता नदिँदा लाइट नटिकेको महानगरका ट्राफिकविज्ञ श्रेष्ठले बताए।

सुन तस्करी...

पृष्ठ १ बाट क्रमशः

भन्सार ऐन, संगठित अपराध निवारण ऐन, नेपाल राष्ट्र बैंक ऐन, बालबालिकासम्बन्धी ऐन तथा अपराधसंहिताको एकीकृत कसुरअनुसार सजाय माग गरी मुद्दा दायर भएको छ। प्रहरीको अनुसन्धान प्रतिवेदनकै आधारमा मुद्दा दायर भएको जिल्ला न्यायाधिवक्ता अर्जुन कोइरालाले बताए।

चीनबाट दोलखाको लामाबगर नाका हुँदै पटक-पटक सुन तस्करी भएको र त्यसको भुक्तानी क्रिप्टोमार्फत भएको प्रहरीले जनाएको छ। यसरी सुन तस्करीको रकम क्रिप्टोमार्फत भुक्तानीमा संलग्न महिमा माझीलाई पनि प्रहरीले पक्राउ गरेको छ। क्रिप्टो कारोबारको अभियोगमा पनि मुद्दा चलाउनेबारे छलफल भइरहेको दोलखाका प्रहरी प्रमुख डिएसपी दीपक खड्का बताउँछन्।

६ असोजमा दोलखाको उत्तरी नाका फलेकबाट तस्करी भई आएको ११ किलो ४५ तोला सुन प्रहरीले बरामद गरेको थियो। फलेक नाकाबाट सुन तस्करी गर्ने गिरोहका मुख्य नाइके चिनियाँ नागरिक ६६ वर्षीय टासी दावा भनिने आगर लामा र गेङ राउ हुन्।

उनीहरूलाई सघाउने सनत प्रधान, लालबहादुर तामाङ, पेम्बा तामाङ, च्याङ्बा भनिने चसमान तामाङ, केसर तामाङ, माधव मगर, चेतनाथ न्यौपाने, नुर्बुछिरिङ शेर्पा र सुनमाला तामाङलाई पनि प्रहरीले पक्राउ गरिसकेको छ। तस्करीको सुन किन्ने काठमाडौंका सुन पसले दीपेन्द्र शाक्य र तिलक विक पनि प्रहरी हिरासतमै छन्। एक नाबालक पनि यो मुद्दाका प्रतिवादी छन्। फरार १२ मध्ये तिब्बतमा रहेका आकर लामाका आफन्त, क्रिप्टो कारोबारीलगायत छन्।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले जापानबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको विवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	HIACE ACE	MINIBUS	TOYOTA	GDH322R-EDFDY	2755	JAPAN	1	9,500,000	9,500,000

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्वाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

श्री मुक्तिनाथ बचत तथा ऋण सहकारी संस्था लि.

धुम्बाराही, काठमाडौं, फोन : ०१-४००७५३४, ४००७६१५

तपशिलमा उल्लेखित ऋणिलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारे को १५ दिने सार्वजनिक सूचना

यस श्री मुक्तिनाथ बचत तथा ऋण सहकारी संस्था लि. धुम्बाराही काठमाडौंको तपसिलका सदस्यहरुमा लगानी भएको ऋण रकमको साँवा, ब्याज तथा हर्जना रकम भाखा अवधि भित्र भुक्तानी नगरी संस्थासँग ऋण लिदा गर्नुभएको सम्झौताको उलंघन गर्नु भएकोहुँदा यस संस्थाबाट ऋण असुलिको लागि गरिएको ताकेता तथा सम्पर्क गर्दा पनि ऋण तिर्न आनाकानी गर्नु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ऋणि स्वयम संस्थामा उपस्थित भई वा प्रतिनिधी मार्फत चुक्ता गरिदिनुहुन अनुरोध गर्दछौं। अन्यथा सहकारी ऐन को दफा ७९ र ८३ तथा नियमावली २०७५ को परिच्छेद ८ को ३० (घ) बमोजिम सम्बन्धित ऋणिको धितो लिलाम बिक्री तथा जमानी को अन्य जाय जेथाबाट ऋण असुलि गरिने व्यहोरा सम्बन्धित सवैलाई यस सूचनाद्धारा जानकारी गराइन्छ र संस्थाले आफ्नो लेना सम्पूर्ण रकम असुल उपर गर्ने छ।

तपशिल

सि. नं.	नाम	धितोको विवरण	जमानीकर्ताको विवरण
२	**नाम : जस माया बुढामगर** ससुरा : भद्र सिं बुढामगर श्रीमान : खगेन्द बुढामगर ठेगाना : रोल्पा जिल्ला गाम गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं बस्ने बर्ष ४७ को नागरिकता नं. : २९५१४ 	का.जि. र साल्खा ड (ख) कि.नं. ६६ क्षेत्रफल ३-१-०-० (१५५८.०२ ब.मि.)	**नाम : खगेन्द्र बुढामगर** बाजे : ढाका बुढामगर बुवा : भद्र सिं बुढामगर ठेगाना : रोल्पा जिल्ला गाम गा.वि.स. वडा नं.-४ स्थायी घर भई हाल काठमाडौं बर्ष ५५ को नागरिकता नं. : ४१२२ 

कुमारी बैंक लिमिटेड शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्साको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्साबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर २६ गते मंगलबार**का दिन शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्सामा गोप्य शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा, वीरगंजमा मिति २०७०/०४/१४ मा घ. तथा सा.उ.का.प्रा.फ. पर्सा नं. ६५४०/०७०/०७१ कायम भई दर्ता रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं.११ स्थित रजिष्टर्ड कार्यालय रहेको **शुभम ज्वेलरी उद्योग** (प्रोप्राईटर विश्वनाथ सा सोनार/फेकनी देवीको, जोगिन्दर सा सोनार/वच्ची देवी सोनारीनको छोरा, अन्तीमा सर्राफको पति, बारा जिल्ला, नरही गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १६, नगवा वस्ने **राकेश कुमार सर्राफ** (ना.प्र.नं. ३३१०३८/६३९६, जारी मिति २०६७/०५/१८, जिल्ला प्रशासन कार्यालय बारा)।
२. विश्वनाथ सा सोनार/फेकनी देवीको नाति, जोगिन्दर सा सोनार/वच्ची देवी सोनारीनको छोरा, रुबी सर्राफको पति, बारा जिल्ला, नरही गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं १६, नगवा वस्ने **अजय कुमार शराफ** (ना.प्र.प.नं. ३३१०३८/२१००, जारी मिति २०४५/०२/३१, जिल्ला प्रशासन कार्यालय, बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. विश्वनाथ सा सोनार/फेकनी देवीको, जोगिन्दर सा सोनार/वच्ची देवी सोनारीनको छोरा, अन्तीमा सर्राफको पति, बारा जिल्ला, नरही गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १६, नगवा वस्ने **राकेश कुमार सर्राफ** (ना.प्र.नं.३३१०३८/६३९६, जारी मिति २०६७/०५/१८, जिल्ला प्रशासन कार्यालय बारा)।
२. विश्वनाथ सा सोनार/फेकनी देवीको नाति, जोगिन्दर सा सोनार/वच्ची देवी सोनारीनको छोरा, रुबी सर्राफको पति, बारा जिल्ला, नरही गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १६, नगवा वस्ने **अजय कुमार शराफ** (ना.प्र.नं.३३१०३८/२१००, जारी मिति २०६४/०३/२९, जिल्ला प्रशासन कार्यालय, बारा)।
३. गनपत साह सोनारको नाति, विश्वनाथ सा सोनार/फेकनी देवीको छोरा, बच्ची देवीको पति जिल्ला बारा, नरही गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल, जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं.१६ बस्ने **जोगिन्दर सा सोनार** (ना.प्र.नं.१७१८/०८९९, जारी मिति २०४५/०२/३१, जिल्ला प्रशासन कार्यालय, बारा)।
४. ग्नपत साह सोनारको नातिनी, जगरनाथ साह सोनारको छोरी, विश्वनाथ साह सोनारको बुहारी, जोगिन्दर साह सोनारको पत्नी, बारा जिल्ला, नरही गा.वि.स वडा नं. ६ स्थायी ठेगाना भई बिरगंज म.न..पा. वडा नं. १६, बस्ने **बच्चि देवी सोनारिन** (ना.प्र.नं. १०८९), जारी मिति २०५५/०९/२२, जिल्ला प्रशासन कार्यालय बारा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **जोगिन्दर सा सोनार**को नाममा मालपोत कार्यालय बारामा दर्ता कायम रहेको बारा जिल्ला मैनी गा.वि.स./न.पा. वडा नं.३ स्थित कि.नं. ६२८ को क्षेत्रफल ०-२-०-४ (वि.क.धु.क) को जग्गा र ऐ.ऐ. नरही गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८३४, ८३८, ८३५, ८३७ र ८३९ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-६-१०, ०-०-१०, ०-०-६ र ०-०-११-१२ (वि.क.धु.क) को घर/जग्गा तथा लिगलगापातहरु समेत।
२. **अजय कुमार सर्राफ**को नाममा मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला नगवा गा.वि.स./न.पा. वडा नं.७ स्थित कि.नं. २३७ र २३९ को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-१०-० (वि.क.धु.क) को घर/जग्गा तथा लिगलगापातहरु समेत।
३. धनी कुमारी बैंक लिमिटेड र ऋणी **शुभम ज्वेलरी उद्योग** कायम भई बागमति प्रदेश, यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ई.नं. 017103C, चे.नं. MDHFBADDOM9032606, सवारी नं. बागमति प्रदेश-०१ ०२६ च २४७८ को Nissan Magnite थान १।
४. धनी कुमारी बैंक लिमिटेड र ऋणी **अजय कुमार सर्राफ** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, वीरगन्जमा दर्ता कायम रहेको ई.नं. 61J63544979, चे.नं. MAT412269GOR00680, सवारी नं. ना ७ ख ४७४९ भएको LPO 1512 TC/53 MCV TATA Bus थान १।
५. धनी कुमारी बैंक लिमिटेड र ऋणी **अजय कुमार सर्राफ** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, वीरगन्जमा दर्ता कायम रहेको ई.नं. 61J63544903 चे.नं. MAT412269GOR00679 सवारी नं. ना ७ ख ४७५२ भएको LPO 1512 TC/53 TATA Bus थान १।
६. धनी कुमारी बैंक लिमिटेड र ऋणी **अजय कुमार सर्राफ** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, वीरगन्जमा दर्ता कायम रहेको ई.नं. 41G84171531 चे.नं. MAT412076E0G04261 सवारी नं. ना ५ ख ५००७ भएको LPO 1512 TC/53 TATA Bus थान १।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर २५ गते** भित्र बैंकको शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्साबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० मंसिर २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय वीरगंज, पर्सामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय वीरगंज तथा ड्राईपोर्ट, पर्सामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम विक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० मंसिर २६ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय वीरगन्ज, पर्सा फोन नं. ०५१-५२५८१३
शाखा कार्यालय ड्राईपोर्ट, पर्सा फोन नं. ०५१-५९००२२

सोमबार ११ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ नेपाल सुपर लिग

धनगढीको जितमा लेबनानका हिजाजीको योगदान



वीरगन्जविरुद्ध गोल गरेपछि धनगढीका स्ट्राइकर अहमेद हिजाजी

नयाँ पत्रिका

लेबनानका स्ट्राइकर अहमेद हिजाजीले नेपाली फुटबलमा आफ्नो उपस्थिति कति महत्त्वपूर्ण रहेको प्रस्ट पारेका छन् । २९ वर्षीय अनुभवी खेलाडीले २८ मिनेट मैदानमा बिताउँदै गोल मात्रै गरेनन्, धनगढीलाई ३ अंकसमेत दिलाए । दरशथ रंगशालामा चलिरहेको दोस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल)मा आफ्नो पहिलो खेलमा धनगढीले आइतबार नयाँ टोली वीरगन्ज युनाइटेड एफसीलाई २-१ ले हरायो । धनगढीको जितमा दुवै गोल विदेशी खेलाडीले गरेका थिए । खेलभरि समग्रमा तीनै गोल विदेशी खेलाडीकै नाममा रह्यो । हिजाजीसँगै धनगढीका लागि फोडे फोफानाले गोल गरेका हुन् । वीरगन्जका लागि हान्स कोफीले पेनाल्टीमा एक गोल गरे ।

धनगढीको जितमा ९०औँ मिनेटमा हिजाजीले निर्णायक गोल गरेपछि प्रशिक्षक युगलकिशोर राईले उनको प्रशंसा गर्न कुनै कञ्जुस्याइँ गरेनन् । 'हिजाजी नेपाली फुटबलमा आएका विदेशीमध्येकै उत्कृष्ट खेलाडी हुन्,' राईले भने, 'उनी टोलीमा ढिला जोडिन पुगे, त्यसैले पहिलो खेलमा थोरै समय मौका पाए ।' हिजाजी तीन दिनअघि मात्रै लेबनानबाट नेपाल आइपुगेका हुन् । धनगढीले लिगभरि खेल्न उनलाई लोनमा झिकाएको हो । यसअघि हिजाजी सहिद स्मारक 'ए' डिभिजन लिगमा नेपाल पुलिस क्लबमा आबद्ध थिए ।

लिगमा उनले पुलिसका लागि १४ खेलमा आठ गोल गरेका थिए । १४ खेल नै पूरा समय खेलेका थिए । उनकै प्रभावशाली प्रदर्शनमा पुलिस क्लब गत वर्षको 'ए' डिभिजन लिगको रेलिगेसनबाट जोगिएको थियो । चेतन घिमिरेको प्रशिक्षणमा रहेको पुलिस लिगको समाप्तिमा तेस्रो स्थान प्राप्त गर्न सफल भयो ।

> गत वर्ष नेपाल पुलिस क्लबलाई 'ए' डिभिजन लिगको रेलिगेसन रक्षा गरेका लेबनानका स्ट्राइकर अहमेद हिजाजीले धनगढीका लागि अन्तिम मिनेटमा विजयी गोल गरे

'हिजाजी कस्तो खेलाडी सबैलाई थाहा छ । पुलिसलाई रेलिगेसनबाट मात्रै जोगाएन्, तेस्रो स्थानमा पुऱ्याउन सफल भए,' गत सिजन धनगढीलाई उपविजेता बनाउँदासमेत प्रशिक्षक रहेका राईले भने, 'यसपटक धेरै आशा गरेका छौं ।' सुपर लिगमा डेब्यु गरेको वीरगन्जले हारबाट प्रतियोगिता सुरु गरेको छ । डेब्युमै जित योजना बनाएका प्रशिक्षक सनोज श्रेष्ठले तालमेल नमिलेको प्रतिक्रिया दिए । 'तालमेल नमिल्दा सुरुमै गोल बेहोर्‍यौं, यसले हामीलाई गाह्रो बनायो, दोस्रो हाफमा बराबरतर्फ अग्रसर खेलमा डिफेन्समा गल्ती भयो,' श्रेष्ठले भने ।

फोफानाको दोस्रो मिनेटमै गोल

फोडे फोफानाले खेलको दोस्रो मिनेटमै धनगढीलाई १-० को अग्रता दिलाए । अर्का विदेशी खेलाडी आफिज ओलावालेले गरेको क्रसमा फोफानाले बक्सभित्रबाट सहज गोल गरेका थिए । अनमार्क रहेका फोफाना सुपर लिगमा छिटो गोल गर्ने पहिलो खेलाडी बनेका छन् । उनी वान टचमै वीरगन्जको पोस्टमा गोल गर्न सफल रहे । पहिलो गोल बेहोरेपछि वीरगन्ज आक्रामक बन्यो । बल पोसेसन राख्दै वीरगन्जले धनगढीमाथि दबाब बनायो । आइकोनिक खेलाडी तेज तामाङको साथ पाएको वीरगन्जले चार विदेशी खेलाडी उतारेको थियो । वीरगन्जका एक विदेशी खेलाडी घाइते भएका कारण मैदानमा प्रवेश गर्न सकेनन् । वीरगन्जले पहिलो हाफको इन्जुरी समयमा बराबरी गोल फर्काएको थियो ।

कोफीले पेनाल्टीमा गोल गर्दै वीरगन्जलाई १-१ को बराबरीमा ल्याए । बक्सभित्र धनगढीका रक्षक डियाग्ने फालोउले हातले बल छोएपछि रेफ्री प्रज्वल क्षेत्रीले वीरगन्जलाई पेनाल्टी दिए । कोफीले धनगढीका गोलरक्षकलाई छेक्ने मौका नै नदिई सहजै बराबरी गोल फर्काए । अन्तिम समय सम्हालिन नसक्दा हिजाजीले ९०औँ मिनेटमा गोल गर्न सफल रहे । उनी खेलको ६२औँ मिनेटमा डिआग्नेको स्थानमा मैदान प्रवेश गरेका थिए ।

हिजाजीले अट्याकिङ मिडफिल्डर तथा प्लेयर अफ दी म्याच छुन्जुको पासमा गोलरक्षक दीप कार्कीलाई जिल्याउँदै गोल गरेका हुन् । प्रशिक्षक सनोजले विदेशी खेलाडी घाइते हुँदा समस्या भएको बताए । 'हाम्रो एक विदेशी खेलाडी घाइते छन्, अन्य खेलाडीबाट सन्तोषजनक प्रदर्शन रह्यो,' श्रेष्ठले भने, 'पहिलो खेलमा पराजित हुँदा केही बिग्रेको छैन, आगामी खेलमा राम्रो प्रदर्शन गर्नेछौं ।'

राम्रो रेफ्री ल्याउनुपर्छ

युगलकिशोर राई, प्रशिक्षक, धनगढी



हामीलाई पहिलो खेल भएकाले गाह्रो भयो । नयाँ खेलाडी मैदान प्रवेश गरेका थिए । हामीले ३ अंक डिजर्भ गरेका छौं । पहिलो हाफमा राम्रो खेल्यौं, तर वीरगन्जले दबाबमा राख्यो । गोल पनि गरेको हो । त्यसमा हाम्रो गल्ती धेरै थियो । हामीले खेलमा धेरै गोलको अवसर गुमायौं । राम्रो बल सदुपयोग भएन । दोस्रो हाफमा फाइनल गोल भयो । प्रतियोगितामा राम्रो रेफ्री ल्याउनुपर्छ । उहाँहरूको इमोसनल बढी भयो । तर, रेफ्रीमा कुनै कमेन्ट छैन । हामीले उहाँहरूलाई बुझ्केका छौं । हाम्रो विदेशी खेलाडी व्यावसायिक छन् । मैदान मात्रै हेरेर हुँदैन, मैदानबाहिर सबै राम्रा छन् ।

डिफेन्समा समस्या देखियो

सनोज श्रेष्ठ, प्रशिक्षक, वीरगन्ज युनाइटेड



खेलाडीबीच सुरुमा तालमेल नै मिल्न नसकेर गोल बेहोरियो । त्यसवेलासम्म टिम सेट नै भएको थिएन । खेलाडीमाथि मार्किङ गर्न पनि चुक्यौं । यद्यपि, बल पोसेसन राख्दै आक्रमण गरिरह्यौं । त्यसैले पेनाल्टी पनि प्राप्त भयो । सोचेको समयमै बराबरी गोल भयो । दोस्रो हाफ बराबरीको स्थितिमा थियो । डिफेन्समा चुक्न पुग्यौं । जसका कारण दोस्रो गोल भयो । विदेशी खेलाडीको प्रदर्शन औसत रह्यो । एक विदेशी खेलाडी नहुँदा समस्या भयो । आगामी खेलमा राम्रो गर्दै पुनरागमन गर्नेछौं ।

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
ललितपुर	१	१	०	०	३
धनगढी	१	१	०	०	३
काठमाडौं	१	१	०	०	३
पोखरा	१	१	०	०	३
झापा	०	०	०	०	०
चितवन	१	०	०	१	०
इलाम	१	०	०	१	०
वीरगन्ज	१	०	०	१	०
बुटवल	१	०	०	१	०

पुरुषमा इन्डोनेसियाका रामा र महिलामा नेपालकी शेर्पा विजेता



अन्तर्राष्ट्रिय माउन्टेन बाइक रेसका विभिन्न विधाका विजेताहरू

कास्की / एन्ड्युरो अन्तर्राष्ट्रिय माउन्टेन बाइक रेसको पुरुषतर्फको उपाधि इन्डोनेसियाका रामा तेगु अदी प्रतामा जितेका छन् । महिलामा नेपालकी लक्ष्मी मगरले जितेकी छिन् । माउन्टेन बाइक कम्पनी डन टिल डस्कको आयोजनामा पोखरा महानगरपालिका- १३ स्थित समुद्री सतहबाट एक हजार चार सय मिटर उचाइमा रहेको आर्बा-विजय डाँडामा भएको प्रतियोगितामा ५ स्टेज (ट्र्याक) को ११.९२० किमि कायम गरिएको थियो ।

> अन्तर्राष्ट्रिय माउन्टेन बाइक रेसको सात विधामा ११ देशका ५६ खेलाडी सहभागी

प्रतामाले निर्धारित दूरी ९ मिनेट ५९ सेकेन्ड ५२ मिलिसेकेन्डमा पार गर्दै उपाधि जिते । उनले ५० हजार रुपैयाँ हात पारेका छन् ।

१० मिनेट १६ सेकेन्ड ९७ मिलिसेकेन्डका साथ बेलायतका क्रिस्टोफर किलिङ दोस्रो हुँदै ३० हजार रुपैयाँ हात पारेका छन् । नेपालका प्रचित थापामगर तेस्रो भए । उनले निर्धारित दूरी १० मिनेट ३६ सेकेन्ड १३ मिलिसेकेन्डमा पूरा गरेका थिए । तेस्रो भएका थापामगरले २० हजार रुपैयाँ पाए ।

यसैगरी महिलाको १० किमि ५ सय मिटरको दूरी नेपालकी मगरले ९ मिनेट ५३ सेकेन्ड ४८ मिलिसेकेन्ड पूरा गर्दै उपाधि हात पारेकी हुन् । विजेता बनेकी मगरले ३५ हजार रुपैयाँ पाइन् ।

महिलतर्फ नेपालकै मिंगा याङ्जी शेर्पा ११ मिनेट २५ सेकेन्ड ३१ मिलिसेकेन्डका साथ दोस्रो भएकी छिन् । उनले २५ हजार रुपैयाँ पाइन् । सिंगापुरकी इभोना सिया तेस्रो हुने क्रममा १५ मिनेट ३५ सेकेन्ड ३६ मिलिसेकेन्डमा दूरी पूरा गर्दै १५ हजार रुपैयाँ प्राप्त गरेकी छिन् । प्रतियोगिताको पुरुष जुनियर १२-१८ उमेर समूहमा नेपालका विपुल थापा पहिलो भएका छन् ।

अमेरिकाका एलिजा स्टेवार्ड दोस्रो र नेपालका दिपेश थापा तेस्रो भए । प्रतियोगिताअन्तर्गत ३०-३९ वर्ष समूहका लागि मास्टर्स 'क' विधामा नेपालका राजन भण्डारीले पहिलो स्थान हात पारे । प्रतियोगिताको ४०-४९ वर्षसम्मका लागि भएको मास्टर्स 'ख' विधामा नेपालका सुरज पाण्डेले पहिलो स्थान ओगटेका छन् । ५० वर्षमाथिको भेट्टानमा लाल आले प्रथम र सुलोचन राजभण्डारी दोस्रो भए । सात विधामा भएको प्रतिस्पर्धामा ११ देशका ५६ जना खेलाडी प्रतिस्पर्धा गरेका रेस डाइरेक्टर सुनीलचन्द्र शर्माले जानकारी दिए ।

एस्टोन भिल्लासँग टोटनह्याम पराजित

एजेन्सी

इंग्लिस प्रिमियरसिप लिगमा एस्टोन भिल्लाले टोटनह्यामलाई २-१ ले हराएको छ । जितसँगै भिल्ला २८ अंकका साथ चौथो स्थानमा उक्लिएको छ । हारका कारण टोटनह्यामले चौथो स्थानमा उक्लने मौका गुमाएको छ । टोटनह्यामले १३ खेलबाट २६ अंक जोडेको छ । भिल्लाले टोटनह्यामलाई चौथो स्थानमा २ अंकको अग्रता लिएको छ । शीर्ष स्थानमा रहेको आर्सनलले ३० अंक बटुलेको छ । लिगको साबिक विजेता म्यानचेस्टर सिटीले १३ खेलबाट २९ अंक हात पारेको छ । सिटी दोस्रो स्थानमा छ । लिभरपुल २८ अंकका साथ तेस्रो स्थानमा छ ।

टोटनह्यामले भिल्लाविरुद्ध सुरुवाती अग्रता लिएको थियो । टोटनह्यामले अग्रता रक्षा गर्न नसक्दा नै महत्त्वपूर्ण अंक गुमाएको हो । खेलको २२औँ मिनेटमा लो सेल्सोले टोटनह्यामलाई १-० को अग्रता दिलाए । लो सेल्सोले पोरोको सटीक क्रममा गोल गरेका थिए । पहिलो हाफको सात मिनेट इन्जुरी समयको अवधिमा भिल्लाले १-१ को गोल बराबरी फर्काएको थियो । टोरेसले डिबक्सभित्र सहजै गोल गर्दा भिल्ला बराबरीमा पुगेको हो । उनले डगलसको पासमा गोल गरेका थिए ।

पहिलो तुलनामा दोस्रो हाफ निकै प्रतिस्पर्धात्मक बनेको थियो । टोटनह्याम र भिल्लाले आक्रामक खेल प्रस्तुत गरेका थिए । दुवै टोलीका खेलाडीले मध्यान्तरपछि सहज गोल अवसर खेल फाले । खेलको ६१औँ मिनेटमा वाट् किन्सले भिल्लालाई २-१ को स्थितिमा राखे । उनले टिलेमेन्सको पासमा गोल गरेका थिए । खेलमा टोटनह्यामले बल पोसेसन राम्रो बनाएको थियो । टोटनह्यामले ६२ प्रतिशत र भिल्लाले ३८ प्रतिशत बल पोसेसन राखे । टोटनह्यामले १८ र भिल्लाले १५ पटक सट प्रहार गरेका थिए ।

सिटी र लिभरपुल बराबरी

म्यानचेस्टर सिटी र लिभरपुलले शनिबार १-१ को बराबरी खेलेका छन् । सिटीको घरेलु मैदानमा लिभरपुलले अन्तिम दश मिनेट बाँकी छँदा बराबरी गोल फर्काएको थियो । सिटीका लागि हाल्यान्डले खेलको २७ मिनेटमा १-० को अग्रता दिलाए । उनले लिभरपुलका गोलरक्षकको गल्तीमा गोल गरेका हुन् । हाल्यान्डले प्रिमियर लिगमा सर्वाधिक छिटो ५० गोलको कीर्तिमान बनाएका छन् । उनले ४८ खेलमा ५० गोल गर्ने कीर्तिमान बनाए । उनीअघि एन्ड्रयु कोलले ६५ खेलमा ५० गोल पूरा गरेका थिए । लिभरपुलका अलेक्जेन्डर अर्नोल्डले ८० मिनेटमा गोल गर्दै खेलालाई १-१ गोलको बराबरीमा ल्याए ।

अन्तिम मिनेटमा आर्सनलको गोल



आर्सनलले शनिबार राति ब्रेन्फोर्डलाई १-० ले पराजित गऱ्यो । जितसँगै आर्सनल अंक तालिकाको शीर्ष स्थानमा उक्लेको हो । आर्सनलको जितमा काई हाभार्टले खेल सकिन एक मिनेट बाँकी रहँदा एक मात्र विजयी गोल गरेका थिए । उनले बुकायो साकाले दिएको पासमा गोल गरेका हुन् । पहिलो हाफमा आर्सनलका लियोन्ड्रो ट्रोसार्डको गोललाई भिएआरले मान्यता दिएन ।

हेटौंडामा एसियाली बुद्धिचाल प्रतियोगिता हुने

हेटौंडा / बागमती प्रदेशको राजधानी हेटौंडामा एसियाली बुद्धिचाल प्रतियोगिता हुने भएको छ । मकवानपुर जिल्ला बुद्धिचाल संघ, हेटौंडा चेस क्लब र नेपाल खेलकुद महासंघको संयुक्त आयोजनामा १२ देखि १७ मंसिरसम्म अन्तर्राष्ट्रिय एसियाली बुद्धिचाल प्रतियोगिता हुने लागेको हो । एसियाका विभिन्न देशसहित नेपालबाट हालसम्म एक सय ३० जना खेलाडीले नाम दर्ता गराइसकेको मकवानपुर बुद्धिचाल संघका अध्यक्ष मनोज श्रेष्ठले बताएका छन् ।

स्विस नियमअनुसार नौ राउन्डमा हुने प्रतियोगितामा सहभागी हुन आउने खेलाडीको लागि ५ रात र ६ दिनको खाने-बस्नेको सुविधा आयोजकले निःशुल्क उपलब्ध गराउने श्रेष्ठले बताए । प्रतियोगिताको विजेताले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । दोस्रो स्थानमा रहने खेलाडीले ७५ हजार र तेस्रो स्थानका खेलाडीले ४० हजार रुपैयाँ हात पार्नेछन् ।

यसैगरी चौथो हुनेले ४० हजार रुपैयाँ र पाँचौं हुने खेलाडीले २५ हजार रुपैयाँ जित्नेछन् । प्रतियोगिता आयोजनाका लागि ६१ लाख १२ हजार ५ सय रुपैयाँ खर्च हुने अनुमान आयोजकले गरेको छ । प्रतियोगिताले हेटौंडासहित नेपालकै पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने श्रेष्ठले जनाए ।

राष्ट्रिय टोलीमा नपरेपछि ब्राभोले लिए सन्न्यास

इंग्ल्यान्डविरुद्धको एकदिवसीय सिरिजमा स्थान बनाउन असफल भएपछि वेस्ट इन्डिजका मध्यक्रमका ब्याट्सम्यान ड्यारेन ब्राभोद्वारा सन्न्यास घोषणा



एजेन्सी

वेस्ट इन्डिजका मध्यक्रमका अनुभवी ब्याट्सम्यान ड्यारेन ब्राभोलाई यसपटक राष्ट्रिय टोलीबाट खेल्ने पूर्ण विश्वास थियो । ब्राभोले आसन्न इंग्ल्यान्डविरुद्धको एकदिवसीय सिरिजका लागि मिहिनेत पनि गरेका थिए । तर, वेस्ट इन्डिज क्रिकेट बोर्डले आइतबार एकदिवसीय सिरिजका लागि राष्ट्रिय टोली घोषणा गर्दा ब्राभो परेनन् । राष्ट्रिय टोलीमा फर्कने सबै बाटो बन्द भएपछि उनले सोसल मिडियामा अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास लिएको घोषणा छन् । १४ वर्ष लामो करिअरबाट बिदा लिन कठिन भएको उनले जनाएका छन् ।

'वेस्ट इन्डिज टोलीबाट खेल्ने सपना देखेको थिएँ, यसका लागि मिहिनेत पनि गरेँ,' उनले भने, 'मेरो लामो समयको प्रयासले केही काम गरेन, आजको दिनबाट राष्ट्रिय क्रिकेट टोलीबाट सन्न्यासको घोषणा गरेको छु ।' एक दशक लामो समयसम्म राष्ट्रिय टोलीबाट खेल्न पाउँदाको क्षणलाई सधैं सम्झिरहने उनले जनाएका छन् । 'निःस्वार्थ रूपमा राष्ट्रका लागि खेलेँ, कहिले पनि टोलीको हितबाहेक मनमा आएन,' उनी भन्छन्, 'यहाँसम्मको यात्रामा सबैलाई धन्यवाद छ ।'

यसबीचमा वेस्ट इन्डिजको आयरल्यान्ड एकेडेमीमा समेत उनले स्थान बनाउन सकेनन् । बायाँहाते ब्याट्सम्यान ब्राभोले अन्तिमपटक गत वर्षको फेब्रुअरीमा खेलेका थिए । अन्तर्राष्ट्रिय करियरमा ब्राभोले दुई सय अन्तर्राष्ट्रिय खेल खेलेका छन् । वेस्ट इन्डिजले २०२७ को विश्वकपलाई ध्यानमा राख्दै युवा खेलाडीलाई मौका दिने योजनामा ब्राभोलाई बाहिर राखेको हो ।

१२ अन्तर्राष्ट्रिय शतक

सन् २००९ मा ब्राभोले भारतविरुद्ध एकदिवसीय सिरिजमा डेब्यु गरेका थिए । त्यसयता उनले वेस्ट इन्डिजको मध्यक्रमको ब्याटिङ लाइनअप बलियो बनाए । उनले यस अवधिमा १२ अन्तर्राष्ट्रिय शतक लगाए । उनले ५६ टेस्टमा आठ र १२२ एकदिवसीय खेलमा चार शतक जोडेका छन् । उनले टेस्टमा १७ अर्धशतकको सहयोगमा तीन हजार ५५८ रन बटुले । १२२ एकदिवसीय खेलमा उनले १८ अर्धशतक लगाउँदै तीन हजार १०९ रन बनाएका छन् । २६ अन्तर्राष्ट्रिय टी-२० मा उनले ४०५ रन बनाएका छन् ।

■ प्रथम केपी ओली कप टी-२०

कुशलको शतकमा मधेशमाथि पुलिस हाबी

रोहितराज पराजुली / नयाँ पत्रिका

प्रथम केपी ओली राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको चौथो दिन कुशल भुर्तेलले शतकीय इनिङ्स खेलेका छन् । प्रतियोगिताको सातौँ खेलमा नेपाल पुलिसका भुर्तेलले प्रतियोगितामै पहिलो शतक लगाएका हुन् । उनकै शतकको मद्दतमा पुलिसले मधेश प्रदेशलाई ५७ रनको फराकिलो अन्तरले पराजित गरेको छ । पोखरा रंगशालामा पहिलो ब्याटिङ गरेको पुलिसले २० ओभरमा पाँच विकेटको क्षतिमा १७५ रनको बलियो योगफल खडा गऱ्यो । प्रत्युत्तरमा मधेशले १८.२ ओभरमा सबै विकेट गुमाएर ११८ रन मात्र बनायो । समूह 'सी'मा पुलिस र मधेश प्रदेश मात्र छन् । पुलिसले २ अंक बटुलेको छ ।

बलियो साझेदारी

पुलिसले पहिलो विकेटका लागि दरिलो साझेदारी गरेको थियो । ओपनर भुर्तेल र सुनील धमलाले पहिलो विकेटका लागि १५.६ ओभरमा १३८ रनको साझेदारी गरेका थिए । भुर्तेललाई विशाल सुस्लिडले कट एन्ड बोल्ड गरेका थिए । भुर्तेलले ५७ बलमा आठ चौका र सात छक्काको सहयोगमा १०२ रन बताए । पुलिसले त्यसपछि ७ रनको अन्तरमा तीन विकेट गुमाएको थियो । इनिङ्सको डेथ ओभरमा मधेशले कसिलो बलिङ गरेको थियो । पुलिस एकैपटक १४६/२ बाट १५३/४ को स्थितिमा रह्यो । सुनीलले ४७ बलमा चार चौका प्रहार गरी ४५ रन बनाए ।



पुलिसका लागि रसिद खानले तीन रन, दिलीप नाथ र अर्जुन साउदले समान एक रन बनाए । राष्ट्रिय टोलीका फास्ट बलर करण केसीले ५ बलमा दुई चौका र एक छक्का प्रहार गरी १६ रन बनाए । पुलिसले इनिङ्समा अतिरिक्त रन १ मात्र पाएको थियो । मधेशका लागि विशालले चार ओभरमा २० रन खर्चेर दुई विकेट लिए ।

चार बलरले लिए समान दुई विकेट

लक्ष्य पछ्याएको मधेशको ब्याटिङ इनिङ्समा गतिलो प्रदर्शन भएन । पुलिसका चार बलरले समान दुई विकेट लिँदा मधेश १८.२ ओभरमै अलआउट भयो । करण केसीले ३ ओभरमा १७ रन खर्चेर दुई विकेट हात पारे । सागर ढकाल, रसिद खान र ललित राजवंशीले समान दुई विकेट लिएका थिए । रसिदले एक ओभरमा १० रन खर्चेर दुई खेलाडीलाई आउट पारे । राष्ट्रिय टोलीका बलरसमेत रहेका ललितले चार ओभरमा २९ रन खर्चेका थिए । म्यान अफ दी म्याच कुशल भुर्तेलले चार ओभरमा ३५ रन खर्चेर दुई विकेट लिए । सुनील धमालाले केवल ०.२ ओभरमा बलिङ गरी एक विकेट लिए ।

एपिएफ सेमिफाइनलमा

नेपाल एपिएफ क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा पोखरामा चलिरहेको प्रतियोगिताको समूह 'बी' एपिएफले रनरेटका आधारमा अन्तिम चारको स्थान पक्का गरेको हो । एपिएफ, गण्डकी र लुम्बिनीले दुई खेलबाट समान २ अंक जोडेका छन् । आइतबार भएको खेलमा लुम्बिनी प्रदेशले गण्डकीलाई पाँच रनले पराजित गऱ्यो । पहिलो ब्याटिङ गरेको लुम्बिनीले २० ओभरमा आठ विकेटको क्षतिमा १०३ रन जोडेको थियो । गण्डकी १८.५ ओभरमा अलआउट हुँदै ९८ रनमा सीमित भयो ।

ग्रिनफिल्डले पुष्प सदनलाई हरायो

काठमाडौं / इडेन ब्रिज एकेडेमी (इबिए)ले नवौं रेडिअन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा जित निकालेको छ । आयोजक रेडियन्ट पब्लिकको कोर्टमा इबिएले प्राइम ग्लोबललाई २५-४ ले पराजित गऱ्यो । इबिएको जितमा आदित्य श्रेष्ठले १७ स्कोर गरेका थिए । जुनियर ब्वाइजमा ग्रिनफिल्डले पुष्पसदनलाई २२-१४ ले निराश पारेको छ । ग्रिनफिल्डका रिजन तामाङले १० स्कोर गरेका थिए । श्री नवीनले साई निलायममाथि १२-१० को जित निकाल्यो । नवीनका सितोकले चार स्कोर गरेका थिए ।

यसैगरी, सिनियर पुरुषमा सेबले केभिएसलाई २४-१४ ले पाखा लगायो । सेबका विप्लव गुरुङले सर्वाधिक नौ स्कोर गरेका थिए । अर्को खेलमा पुष्पसदनले गोल्डेन फ् लावरलाई ४१-६ ले हरायो । पुष्पसदनका निकेश जिसीले नौ स्कोर गरे । एनआइसीले द एक्सेल्सियरलाई ४०-२१ र न्यु भिजनले पिपुल्स एकेडेमीलाई २३-१५ ले पाखा लगाए । न्यु भिजनका आयुश सापकोटाले सर्वाधिक २० स्कोरको योगदान गरे । ग्रिनफिल्डले सेन्ट्रल स्टेटलाई ३६-९ ले हरायो । प्रतियोगिताअन्तर्गत सिनियर महिलामा केभिसीले जेनिथलाई १२-४ ले पराजित गरेको छ । स्वर्णिमले रिब्सलाई १७-९ ले पन्छायो । केभिसीकी सौर्य राजभण्डारी तथा स्वर्णिमकी वासाना श्रेष्ठले समान ६ स्कोर गरे ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com